# Janajyoti Campus

**Bhimad-6, Tanahun**
Email: janajyoticampusbhimad@gmail.com
janajyoti@janajyoticampus.edu.np

## Self-Study Report (SSR)
## 2082 (Updated)

## Annex
# Volume 2-2

**1453-1654**

## *Table of contents*


| S.N. | Particulars | Page No. |
|---|---|---|
| 1 | Mini Research | 1453-1539 |
| 2 | Student Report | 1540-1654 |

आज मिति २०८० कार्तिक २२ गतेका दिन क्याम्पस प्रमुख केशवराज काफ्ले ज्यूको प्रमुख आतिथ्यता एवम् समिति प्रमुख शिवलाल चापागाईंको सभापतित्वमा BBS 4th year मा अध्ययनरत विद्यार्थीहरूलाई Final project work (MGT 401) सम्बन्धि ३ दिने अभिमुखिकरण कार्यक्रम उपस्थिति, निर्णय र प्रस्तावहरू निम्नानुसार रहेको छ।

सभापति : समिति प्रमुख शिवलाल चापागाईं
प्रमुख अतिथि : क्याम्पस प्रमुख केशवराज काफ्ले
अतिथि : शिक्षा संकाय प्रमुख हरिप्रसाद सुवेदी
अतिथि : अनुसन्धाता

सञ्चालक समिति प्रमुख दिपक भट्टराई
समिति सदस्य : ज्ञानराज श्रेष्ठ
समिति सदस्य : नारायण मल्लसेनी
" " : खुमकान्त अर्याल
" " विनोद थापा
राजु परियार
कमलाकान्त सुवेदी

| | विद्यार्थीहरूको नाम | सम्पर्क नम्बर | दस्तखत |
|---|---|---|---|
| १. | अस्मिता श्रेष्ठ | 9804164214 | [signature] |
| २. | मञ्जु श्रेष्ठ | 9827104513 | [signature] |
| ३. | अस्मिता भुजेल | 9816623727 | [signature] |
| ४. | जमुना सारु | 9816683610 | [signature] |
| ५ | जुनी कुमाल | 9817142908 | [signature] |
| ६. | सुस्मा गौतम | 9821562891 | [signature] |
| ७. | दान माया थापा | 9806783176 | [signature] |
| ८. | सविता राना | 9806614803 | [signature] |
| ९. | सविना आले | 9806520178 | [signature] |

आज मिति २०८० मंसिर ८ गतेका दिन यस जनज्योति क्याम्पस, व्यवस्थापन संकाय अनुसन्धान समितिका प्रमुख श्री शिवदत्त चापागाईको अध्यक्षतामा बसेको बैठकको उपस्थिति, प्रस्ताव एवम् निर्णयहरु निम्नानुसार रहेको छ ।

**उपस्थितिहरु :**

समिति प्रमुख : शिवदत्त चापागाई

सदस्य : नारायण मरासिनी

सदस्य : जनक राज श्रेष्ठ

सदस्य : खुमकान्त अर्याल

सदस्य : विनोद थापा

सदस्य : राजु परियार

**प्रस्तावहरु**

१. आन्तरीक सुपेरिवेक्षक तोक्ने सम्बन्धमा ।

**निर्णय नं. १ :** प्रस्ताव नं. १ उपर छलफल गर्दा विविएस चौथो वर्षको विद्यार्थीहरुले तयार गर्नुपर्ने Final Project Works MGT(402) का लागि तपसिल वमोजिमका सुपरिवेक्षेकहरु तोक्ने निर्णय गरिन्छ ।

| **Narayan Marseni** | **Jank Raj Shrestha** | **Khum Kanta Aryal** | **Raju Pariyar** |
|---|---|---|---|
| Juni Maya Kumal | Rushma Shrestha | Shristi Thapa | Asmita Bhujel |
| Rita Thapa | Sushil Gairhe | Dan Maya Thapa | Ashmita Shrestha |
| Jamuna Saru | Susma Gautam | Rukmila Rana | Govinda Gairhe |
| Kalpana Sunar | Bhola Maya Thapa | Sanjeet Lamsal | Amrit Pariyar |
| Sabina Ale | Sabita Rana | Dinesh Gurung | Susmita Shrestha |
| Asmita Nepali | Susma Shrestha | Suman Ratan | Manju Shrestha |
| | Shrijha Gurung | | |
| 9864377785 | 9806768564 | 9846173872 | 9846111073 |

Date / /
Page No.

आज मिति २०८१/०४/०८ गतेका दिन जनज्योति क्याम्पस, व्यवस्थापन संकाय अनुसन्धान समितिका प्रमुख शिवदत्त चापागाईको अध्यक्षतामा बसेको बैठकको उपस्थिति, प्रस्ताव एवम् निर्णयहरु निम्नानुसार छन्।

उपस्थिति:

समिति प्रमुख : शिवदत्त चापागाई
सदस्य : नारायण मरासिनी
सदस्य : जनकराज ओझा
सदस्य : रघुकान्त अर्याल
सदस्य : विनोद थापा
सदस्य : राजु परियार

प्रस्तावहरु:

प्रस्ताव नं १: वि.वि.एस चौथो वर्षको final Project work viva सम्बन्धमा।

निर्णय नं १: प्रस्ताव नं १ का सम्बन्धमा छलफल गर्दा विद्यार्थीहरुले तयार गर्नुपर्ने फाइनल प्रोजेक्ट वर्क को अन्तिम कार्य गर्न आन्तरिक सुपरिवेक्षकहरुले सहजीकरण गरी मिति २०८१/०४/१२ गते viva लिई परीक्षा नियन्त्रण कार्यालय वरुण मा बुझाउने निर्णय गरियो।

आज मिति २०८१/०४/१५ गतेका दिन समिति प्रमुख - शिवदत्त न्यौपानेको संयोजकत्वमा बि.बि.एस चौथो वर्षका विद्यार्थीहरुले तयार पारेको final Project work (Mgt-401) को VIVA लिने कार्य सम्पन्न गरियो ।

उपस्थित :

समिति प्रमुख : शिवदत्त न्यौपाने
सदस्य : नारायण भट्टराई
सदस्य : जनकराज श्रेष्ठ
सदस्य : कृष्णकान्त अर्याल
सदस्य : राजु परियार
सदस्य : विनोद थापा

प्रस्ताव नं १. final Project work (Mgt-401) पढाउने सम्बन्धमा ।

निर्णय नं १. प्रस्ताव नं १ माथी छलफल गर्दा BBS 4th year का विद्यार्थीहरुले तयार पारेको final Project work (Mgt-401) को VIVA लिने कार्य सम्पन्न गरिएकोले त्रिभुवन विश्वविद्यालय परीक्षा नियन्त्रण कार्यालय बल्खुले दिएको निर्देशन अनुसार कार्यविधी अवलम्बन गरी मिति २०८१/०४/१५ गते भित्र BBS ग्रोटप श्रावणमा पढाउने निर्णय गरियो ।

२०८० (margin)

प्रस्ताव नं. २. पारिश्रमिक सम्बन्धमा ।

निर्णय नं २, प्र.नं. २ माथी छलफल गर्दा शै.व २०८० को BBS 4th year को final Project work को पारिश्रमिक निम्न अनुसार प्रदान गर्ने निर्णय गरियो ।

(क) अभिमुखीकरण बापत प्रत्येक प्रशिक्षक को रु ५००/-
(ख) सुपरिवेक्षकहरुलाई प्रति विद्यार्थी रु. ४००/-
(ग) क्याम्पस प्रमुख र समिति प्रमुख लाई Project work evaluation बापत प्रति विद्यार्थी रु ५०/-
(घ) समिति प्रमुख लाई रु ५०००/- प्रदान गर्ने ।
(ङ) अभिमुखीकर्ता सम्बन्धमा : शिवदत्त न्यौपाने, नारायण भट्टराई, जनकराज श्रेष्ठ, कृष्णकान्त अर्याल, राजु परियार, विनोद थापा

Date / /
Page No.

"आज मिति २०७९/०३/१२ का दिन व्यवस्थापन संकाय अनुसन्धान समितिका प्रमुख तथा यस क्याम्पसका सहायक क्याम्पस प्रमुख शिवदत्त चापागाईको अध्यक्षतामा बसेको बैठकमा तपसिल बमोजिम उपस्थिति एवं निर्णयहरु भएका छन्।

उपस्थिति

समिति प्रमुख - शिवदत्त चापागाईं
सदस्य - नारायण मरासिनी
सदस्य - जनकराज खोड
सदस्य - रघुकान्त अर्याल
सदस्य - विनोद थापा
सदस्य - राजु परियार

विशेष उपस्थिति - क्याम्पस प्रमुख केशवराज काफ्ले

प्रस्ताव नं. १ बि. बि. एस चौथो वर्षको रिपोर्ट राइटिङ/परियोजनात्मक कार्य सम्बन्धी अभिमुखीकरण कार्यक्रम गर्ने बारे।

निर्णय नं. १ उपरोक्त विषयमा छलफल गर्दा बि.बि.एस चौथो वर्षको प्रोजेक्ट वर्क सम्बन्धी अभिमुखीकरण कार्यक्रम मिति २०७९/०३/२१ देखी २०७९/०३/२३ सम्म निम्न अनुसार सञ्चालन गर्ने निर्णय गरिन्छ।

तपसिल
२०७९/०३/२१ गते : प्रथम चरणमा औपचारिक कार्यक्रम गर्ने
दोस्रो चरण : अ. प्रा. शिवदत्त चापागाई द्वारा परियोजना प्रारुप (ढाँचा)को बारेमा प्रशिक्षण गर्ने।

२०७९/०३/२२ गते : प्रथम चरण : सहायक प्रा. जनकराज खोड बाट रिपोर्टको Introduction परियोजना परिचय भागको बारेमा प्रशिक्षण गर्ने।
दोस्रो चरण : सहायक प्राध्यापक नारायण मरासिनी द्वारा साहित्यको पुनरावलोकन (letetune Review) को बारेमा प्रशिक्षण।

मिति २०८१/०३/२३ गते प्रथम चरण : सहायक प्राध्यापक राजु परियार द्वारा ढाँचा, तथ्याङ्क संकलन र विश्लेषण (Research design, data collection & Analysis) सम्बन्धी प्रशिक्षण।

दोस्रो चरण : सहायक प्राध्यापक एकुनकान्त अर्याल द्वारा सारांश, निष्कर्ष र सुझाव सम्बन्धी प्रशिक्षण गर्ने।

तेस्रो चरण : कार्यक्रमको समापन।

Date / /
Page No.

आज मिति २०८१/०३/२१ गते का दिन व्यवस्थापन संकाय अनुसन्धान समितिका प्रमुख तथा सहायक क्याम्पस प्रमुख शिवदत्त चापागाईं को अध्यक्षता एवं क्याम्पस प्रमुख को प्रमुख आतिथ्यमा BBS 4th year को (अतिरिक्त) प्रोजेक्ट वर्क को लागि विद्यार्थीहरुलाई अभिमुखीकरण गर्ने कार्यक्रम निम्न अनुसारको उपस्थितिमा सम्पन्न गरियो।

उपस्थिति:

| | | |
|---|---|---|
| सभापति : समिति प्रमुख | : शिवदत्त चापागाईं | |
| प्रमुख अतिथि क्याम्पस प्रमुख | : केशवराज कापले | |
| प्रमुख शिक्षा संकाय प्रमुख | : हरि प्रसाद दुवेदी | |
| प्रमुख व्यवस्थापन संकाय | : नारायण सतीहिन | (A) |
| संयोजक RMC | : दिपक काइराई | |
| सदस्य | : जनकराज श्रेष्ठ | (B) |
| सदस्य | : खुमकान्त अर्याल | (C) |
| सदस्य | : विनोद थापा | |
| सदस्य | : देवीकुमारी अधिकारी | |
| सदस्य | : राजु परियार | (D) |
| सहायक प्रशासक | : सुनिल पाठक | |

| क्र.सं. | विद्यार्थीको नाम | हस्ताक्षर |
|---|---|---|
| १ | सुजन पौडेल | |
| २ | अनिता माया आले | |
| ३ | उमा थापा | |
| ४ | सजिना कुमाल | |
| ५ | सुषमा ढकाल | |
| ६ | बिनिता ढकाल | |
| ७ | सन्ध्या गैह्रे | |
| ८ | मनीषा श्रेष्ठ | |
| ९ | बेल माया थापा | |
| १० | कृति आले | |
| ११ | स्वस्तिका सुवेदी | |
| १२ | विकल्प थापा | |
| १३ | प्रविन कँडेल | |
| १४ | तुल प्रसाद लेक | |

Date / /
Page No

| क्र.सं. | विद्यार्थीको नाम | हस्ताक्षर |
| --- | --- | --- |
| १५ | सरिता पौडेल | Sarita |
| १६ | प्रतिमा आहागा | Ptima |
| १७ | पुर्णिमा गुरुङ | Purnima |

प्रशिक्षक : शिवदत्त चापागाई (परियोजना प्रमुख (ठाँचा)
बाट गरेको प्रशिक्षण ।

Date / /
Page No

"आज मिति २०८१/०३/२२ का दिन बिबिए एवं चौथो वर्षको प्रोजेक्ट वर्क को लागि अभिमुखीकरण कार्यक्रमको दोस्रो दिनको प्रशिक्षण लिईरहेका विद्यार्थीहरू एवं प्रशिक्षक हरु निम्न अनुसार रहेका छौं।

प्रथम चरण प्रशिक्षक : नारायण मरासिनी (Introduction विषय)
दोस्रो चरण प्रशिक्षक : जनकराज [illegible] (Literature Review विषय)

उपस्थित विद्यार्थीहरु

| क्र.सं. | विद्यार्थीको नाम | हस्ताक्षर | |
|---|---|---|---|
| १ | सृजन पौडेल | [signature] | C |
| २ | अनिता माया आले | [signature] | B |
| ३ | उमा थापा | [signature] | B |
| ४ | सजिना कुमाल | Rajina | C |
| ५ | सुषमा ढकाल | [signature] | C |
| ६ | बिनिता ढकाल | [signature] | B |
| ७ | पूर्णिमा गुरुङ | Purnima | D |
| ८ | सन्ध्या गौडेल | [signature] | A |
| ९ | मनीषा श्रेष्ठ | Manisha | A |
| १० | बेल माया थापा | Belmd | D |
| ११ | कृति आले | [signature] | D |
| १२ | स्वस्तिका सुवेदी | [signature] | C |
| १३ | विकल्प थापा | [signature] | B |
| १४ | प्रविन कँडेल | [signature] | A |
| १५ | तुल प्रसाद सेवा | [signature] | D |
| १६ | सरिता पौडेल | Santa | D |
| १७ | प्रतिमा गाहा | Ptima | A |
| | | A | C |
| | | S | B |

आज मिति २०८१/०१/२३ का दिन व्यवस्थापन संकाय अनुसन्धान समितिका प्रमुख तथा [illegible] शिवदत्त चापागाईंको संयोजकत्वमा बि.बि.एस चौथो वर्षका विद्यार्थीहरुलाई प्रोजेक्ट वर्क सम्बन्धी अभिमुखीकरण कार्यक्रमको तेस्रो दिनको कार्यक्रम सम्पन्न गरियो। [illegible] क्याम्पस प्रमुखको प्रमुख आतिथ्यता समापन कार्यक्रम सम्पन्न गरियो।

उपस्थिति :

अध्यक्षता : समिति प्रमुख शिवदत्त चापागाईं
प्रमुख अतिथि क्याम्पस प्रमुख : कृष्णलाल [illegible]
प्रमुख शिक्षा संकाय : हरिप्रसाद दुवेदी
प्रमुख व्यवस्थापन संकाय : नारायण [illegible]
RMC संयोजक : दिपक [illegible]
गुनासो तथा परामर्श समिति संयोजक : लक्ष्मी ओझा
सदस्य : जनकराज ओझा
सदस्य : रघुकान्त अर्याल
सदस्य : विनोद थापा
सदस्य : राजु परियार
सहायक प्रशासक : सुनिता पाठक
प्रशिक्षक : शिवदत्त चापागाईं तथ्यांक संकलन र विश्लेषण
प्रशिक्षक : रघुकान्त अर्याल निष्कर्ष/सारांश

| क्र.सं. | विद्यार्थीको नाम | हस्ताक्षर |
|---|---|---|
| १ | सृजन पौडेल | |
| २ | अनिता माया आले | |
| ३ | उमा थापा | |
| ४ | सजिना कुमाल | Sajina |
| ५ | शुभमा ढकाल | |
| ६ | बिनिता ढकाल | |
| ७ | पूर्णिमा गुरुङ | Purnima |
| ८ | सन्ध्या [illegible] | |
| ९ | मनीषा श्रेष्ठ | Manisha |
| १० | बेल माया थापा | |
| ११ | कृति आले | |
| १२ | स्वस्तिका सुवेदी | |

Date / /
Page No.

| क्र.सं. | विद्यार्थीको नाम | हस्ताक्षर |
| --- | --- | --- |
| १३ | विकल्प थापा | [illegible] |
| १४ | प्रविन कडेल | [illegible] |
| १५ | दुल प्रसाद सेवक | [illegible] |
| १६ | सरिता पौडेल | Sarita |
| १७ | प्रतिमा गाहागा | Pratima |

Date / /
Page No.

आज मिति २०८१/१२/०३ गतेका दिन जनज्योति क्याम्पस व्यवस्थापन समिति अनुसन्धान समितिको बैठक समितिका प्रमुख शिवदत्त चापागाईंको संयोजकत्वमा बसी तपसिल बमोजिम प्रस्तावहरुमा निर्णय गरियो। बैठकको उपस्थिति यस प्रकार छ।

उपस्थिति

समिति प्रमुख : शिवदत्त चापागाईं
प्रमुख, व्यवस्थापन समिति : नारायण मरासिनी
सदस्य : जनकराज श्रेष्ठ
सदस्य : रघुनकान्त अर्याल
सदस्य : राजु परियार
सदस्य : विनोद थापा
सदस्य : कमलकान्त ढुवाडी

प्रस्ताव नं-१, BBS चौथो वर्षका विद्यार्थीहरुको प्रोजेक्टवर्क अन्तर्गतको शिर्षक इनोट सम्बन्धमा।

निर्णय नं-१: शै.वि. २०८१/०८२ अन्तर्गत BBS चौथो वर्ष अध्ययन गरी परीक्षा दिने विद्यार्थीहरुको फाइनल प्रोजेक्ट वर्कको लागि तपसिल बमोजिम शिर्षक ~~इनोट गरी~~ छ। अनुमोदन गरिएको छ।

तपसिल

| S.N | Symbol N0. | TU Reg N0. | Name of Student's | Topic |
|---|---|---|---|---|
| 1 | 706460001 | 7-2-646-66-2020 | Anita Maya Ale | Comparative Financial Performance Analysis of Global IME Bank and NIC Asia Bank Limited |
| 2 | 706460002 | 7-2-646-71-2020 | Bel Maya Thapa | A Case study on profitability analysis of Lumbini Bikas Bank Limited |
| 3 | 706460003 | 7-2-646-72-2020 | Bikalpa Thapa | Loan Distribution of Muktinath Bikas Bank |
| 4 | 706460004 | 7-2-646-74-2020 | Binita Dhakal | Profitability Analysis of Nabil Bank Limited |
| 5 | 706460006 | 7-2-646-87-2020 | Kirti Ale | Case study of dividend payment practices of Nabil Bank Limited |
| 6 | 706460007 | 7-2-646-92-2020 | Manisha Shrestha | LIQUIDITY ANALYSIS OF MUKTINATH BIKAS BANK LIMITED |
| 7 | 706460008 | 7-2-646-99-2020 | Prabin Kandel | Financial Performance Analysis |
| 8 | 706460010 | 7-2-646-102-2020 | Purnima Gurung | A study on deposit collection and loan Management of NMB bank limited |
| 9 | 706460011 | 7-2-646-108-2020 | Sajina Kumal | Profitability Analysis of Parbhu Bank Ltd. |
| 10 | 706460012 | 7-2-646-110-2020 | Sandhya Gairhe | Capital structure of Everst Bank limited |
| 11 | 706460013 | 7-2-646-115-2020 | Sarita Poudel | Capital structure of Sunrise Bank |
| 13 | 706460014 | 7-2-646-119-2020 | Srijana B.K. | ANALYSIS OF NON –PERFORMING LOAN OF STANDARD CHARTERED BANK NEPAL LIMITED |
| 14 | 706460015 | 7-2-646-121-2020 | Sujan Poudel | Financial analysis of kumari bank limited |
| 12 | 706460016 | 7-2-646-116-2020 | Shushma Dhakal | Profitability Analysis of Nepal Bank Limited |
| 15 | 706460017 | 7-2-646-126-2020 | Swostika Subedi | A Comparative Study of Loan Management Between Nabil Bank and NIC Asia Bank |
| 16 | 706460018 | 7-2-646-127-2020 | Tul Prasad Shrestha | A Case Study Of Financial Analysis Of Everest Bank Ltd. |
| 17 | 706460019 | 7-2-646-130-2020 | Uma Thapa | Financial analysis of sanima bank limited |
| 18 | 706460037 | 7-2-646-23-2013 | Khalida Khatun | Study of Income and Expenditure analysis of Bhimad Municipality of Tanahun District |
| 19 | | | [illegible] | Study of Profitability, Liquidity and Credit |

# जनज्योति क्याम्पस संस्थागत स्थायित्वः बहुआयामिक अध्ययन

**एक अनुसन्धान**

**जनज्योति क्याम्पस**
**अनुसन्धान तथा व्यवस्थापन समिति (RMC)**
भिमाद नगरपालिका ६, तनहुँ नेपालमा पेस गरिएको

**अनुसन्धान कर्ताहरु**
शिवदत्त चापागाई - सह प्राध्यापक
सीता देवी भट्टराई - उप प्राध्यापक
हरि प्रसाद सुवेदी - उप प्राध्यापक
दिपक भट्टराई - उप प्राध्यापक
लक्ष्मी श्रेष्ठ - उप प्राध्यापक
नारायण मर्सानी - सहायक प्राध्यापक
जनराज श्रेष्ठ - सहायक प्राध्यापक
विनोद थापा - सहायक प्राध्यापक
राजु परियार - सहायक प्राध्यापक

२०८२

# जनज्योति क्याम्पस संस्थागत स्थायित्वः बहुआयामिक अध्ययन

**एक अनुसन्धान**

**जनज्योति क्याम्पस**
**अनुसन्धान तथा व्यवस्थापन समिति (RMC)**
भिमाद नगरपालिका ६, तनहुँ नेपालमा पेस गरिएको

सह प्राध्यापक शिवदत्त चापागाई
उप प्राध्यापक सीता देवी भट्टराई
उप प्राध्यापक हरि प्रसाद सुवेदी
उप प्राध्यापक दिपक भट्टराई
उप प्राध्यापक लक्ष्मी श्रेष्ठ
सहायक प्राध्यापक नारायण मर्सानी
सहायक प्राध्यापक जनराज श्रेष्ठ
सहायक प्राध्यापक विनोद थापा
सहायक प्राध्यापक राजु परियार

# स्व-घोषणा

"जनज्योति क्याम्पसको बहुआयामिक अध्ययन" शीर्षकमा तयार गरिएको यो अनुसन्धान प्रतिवेदन हाम्रो आफ्नै मौलिक कार्य हो। यस अध्ययनका लागि आवश्यक तथ्याङ्कहरू प्राथमिक तथा द्वितीय स्रोतहरूबाट संकलन गरी अनुसन्धान विधि तथा सिद्धान्तअनुसार विश्लेषण गरिएको छ।
यो अध्ययन तनहुँ जिल्लाको भिमाद नगरपालिका—६ मा अवस्थित जनज्योति क्याम्पसको अनुसन्धान इकाइ अन्तर्गत सम्पन्न गरिएको हो। अध्ययनको क्रममा प्राप्त भएका तथ्याङ्कहरूलाई यथार्थ, विश्वसनीय तथा वस्तुनिष्ठ ढंगले प्रस्तुत गरिएको छ। यस प्रतिवेदन तयार गर्दा प्रयोग गरिएका पुस्तक, लेख, प्रतिवेदन तथा अन्य सन्दर्भ सामग्रीहरूलाई आवश्यक स्थानमा उचित रूपमा उल्लेख तथा उद्धृत गरिएको छ।
यस अनुसन्धान प्रतिवेदनमा प्रस्तुत गरिएका विचार, निष्कर्ष तथा सुझावहरू हाम्रो आफ्नै अध्ययन, विश्लेषण तथा अनुसन्धान प्रक्रियामा आधारित छन्। यसअघि यो अध्ययन कुनै अन्य शैक्षिक उपाधि प्राप्त गर्नका लागि कुनै पनि संस्था वा विश्वविद्यालयमा पेश गरिएको छैन भन्ने कुराको हामी घोषणा गर्दछौं।

सह प्राध्यापक शिवदत्त चापागाई

उप प्राध्यापक सीता देवी भट्टराई

उप प्राध्यापक हरि प्रसाद सुवेदी

उप प्राध्यापक दिपक भट्टराई

उप प्राध्यापक लक्ष्मी श्रेष्ठ

सहायक प्राध्यापक नारायण मर्सानी

सहायक प्राध्यापक जनराज श्रेष्ठ

सहायक प्राध्यापक विनोद थापा

सहायक प्राध्यापक राजु परियार

मिति : २०८२/१०/२८

## मूल्याङ्कन कर्ताको घोषणा

“जनज्योति क्याम्पसको बहुआयामिक अध्ययन” शीर्षकको यो अनुसन्धान प्रतिवेदन अनुसन्धानकर्ताहरुले गरेको कार्यको मूल्याङ्कन तथा मार्गदर्शन हामीद्वारा गरिएको हो । यस अध्ययनमा आवश्यक प्राथमिक तथा द्वितीय स्रोतबाट तथ्याङ्कहरू संकलन गरी स्वीकृत अनुसन्धान विधि तथा प्रक्रियाअनुसार विश्लेषण गरिएको छ।

यस अनुसन्धान प्रतिवेदनमा प्रस्तुत गरिएका तथ्य, विश्लेषण, निष्कर्ष तथा सुझावहरू अनुसन्धानकर्ताको आफ्नै अध्ययन र प्रयासमा आधारित छन्। हाम्रो जानकारी अनुसार यो अध्ययन यसअघि कुनै पनि संस्था वा विश्वविद्यालयमा कुनै शैक्षिक उपाधि प्राप्त गर्नका लागि पेश गरिएको छैन।

अनुसन्धानकर्ताले अध्ययन प्रक्रियामा अनुसन्धान नैतिकता (Research Ethics) तथा शैक्षिक मापदण्डहरू पालना गरेको विश्वासका साथ हामी यस प्रतिवेदनलाई शैक्षिक प्रयोजनका लागि स्वीकार गर्न योग्य भएको प्रमाणित गर्दछौं।

सहप्राध्यापक डा भरतराम ढुङ्गाना
पोखरा विश्वविद्यालय
प्रमुख मूल्याङ्कन कर्ता — हस्ताक्षर — मिति : २०८२/१०/२९

उपप्राध्यापक डा दिलनाथ दङ्गाल
त्रिभुवन विश्वविद्यालय
मूल्याङ्कन कर्ता — हस्ताक्षर — मिति : २०८२/१०/२९

उपप्राध्यापक डा रामकृष्ण चापागाई
पोखरा विश्वविद्यालय
मूल्याङ्कन कर्ता — हस्ताक्षर — मिति : २०८२/१०/२९

त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त
Affiliated To Tribhuvan University
जनज्योति क्याम्पस
JANAJYOTI CAMPUS
भिमाद नगरपालिका - ६, तनहुँ नेपाल
Bhimad Municipality-6, Tanahun, Nepal
स्थापित : २०६४
Estd.: 2007

प.स./Letter No:२०८२/०८३
च.न./Dispatch No :

मिति/Date : २०८२-१०-२९

## स्वीकृतिपत्र

"जनज्योति क्याम्पसको बहुआयामिक अध्ययन" शीर्षकमा तयार गरिएको यो अनुसन्धान प्रतिवेदन जनज्योति क्याम्पस, भिमाद नगरपालिका—६, तनहुँ अन्तर्गतको अनुसन्धान व्यवस्थापन इकाइको समन्वयमा सम्पन्न गरिएको हो।
उक्त अध्ययन अनुसन्धानकर्ताद्वारा संकलित प्राथमिक तथा द्वितीय तथ्याङ्कहरूको प्रयोग गरी प्रचलित अनुसन्धान विधि तथा शैक्षिक मापदण्डअनुसार तयार गरिएको छ। प्रस्तुत प्रतिवेदनमा समावेश गरिएको तथ्याङ्क, विश्लेषण तथा निष्कर्षहरू अनुसन्धान प्रक्रियाअनुसार व्यवस्थित रूपमा प्रस्तुत गरिएको पाइएकाले यसलाई शैक्षिक तथा अनुसन्धान प्रयोजनका लागि स्वीकार गरिएको छ।

यस अनुसन्धान प्रतिवेदनलाई जनज्योति क्याम्पस अनुसन्धान व्यवस्थापन इकाइका तर्फबाट स्वीकृति प्रदान गरिन्छ।

संयोजक
जनज्योति क्याम्पस अनुसन्धान इकाइ

☎: 065-572455 E-Mail: janajyoticampusbhimad@gmail.com Web: www.janajyoticampus.edu.np

**कृतज्ञता ज्ञापन**

व्यक्ति समाज र राष्ट्रको सर्वाङ्गीण विकासको मूल आधार मानिने शिक्षाको उज्योलोबाट कोही पनि बञ्चित नहोउन् भन्ने ध्ययले यस क्षेत्रका बुद्धिजीवी, शिक्षाप्रेमी, राजनीतिक दल, प्रबुद्ध व्यक्तिहरुको सक्रियतामा वि.सं २०६४मा भिमाद ६, तनहुँमा स्थापना भएको जनज्योति क्याम्पसले विभिन्न आरोहअवरोहहरु पार गर्दै अठ्ठारौं वसन्तमा प्रवेश गरिसकेको छ । सामुदायको सहयोगबाट ग्रामीण तथा पिछडिएका समुदायका जनजाति, दलित, गरिब तथा विशेष गरी बालिकाहरूलाई गुणस्तरीय उच्च शिक्षा प्रदान गर्ने उद्देश्यले स्थापित यस क्याम्पसमा बी.एड. र बीबीएसका कक्षाहरु सञ्चालन गरी हालसम्म २७५ जनाले स्नातकोपाधि हासिल गरिसकेका छन् । यस क्याम्पसले स्थापना कालदेखि नै स्थानीय समुदायमा उच्च शिक्षा प्रवाहमा सकारात्मक भूमिका निर्वाह गर्दै आएको छ । तथापि, पछिल्लो समयमा देखिएका गुणात्मक र व्यवस्थापकीय चुनौतीहरूले यसको गुणस्तर विकासमा बाधा सिर्जना भएको महशुस गरी यस क्याम्पसमा प्राध्यापनरत प्राध्यापकहरुको संलग्नतामा **'जनज्योति क्याम्पस संस्थागत स्थायित्वः बहुआयामिक अध्ययन'** शीर्षकमा केन्द्रित भई अनुसन्धान गरिएको हो । जनज्योति क्याम्पसको शैक्षिक गुणस्तर, आर्थिक स्रोत, व्यवस्थापकीय पक्ष र विद्यार्थी भर्नादर तथा कक्षा छाड्ने दरको अवस्थाको विश्लेषणमा केन्द्रित रही तयार गरिएको यस अनुसन्धानले क्याम्पसको शैक्षिक गुणस्तर,संस्थागत स्थायित्व, आर्थिक स्रोत, सामाजिक सहभागिता र विद्यार्थी भर्नादर घट्नु तथा कक्षा छाड्ने दर बढ्नुका कारणहरूको समग्र विश्लेषण प्रदान गर्नेछ भन्ने अपेक्षा गरिएको छ । साथै यस अध्ययनले क्याम्पसको शैक्षिक गुणस्तर सुधारका लागि नीतिगत निर्णयहरूमा सहयोग गरी समुदाय, स्थानीय तह र सरोकारवालाहरूमा क्याम्पसप्रतिको चासो र सहभागिता अभिबृद्धि गर्न मद्दत गर्नेछ भन्ने अपेक्षा गरिएको छ ।

अनुसन्धानान्मक कार्य गर्ने अवसर प्रदान गर्ने क्याम्पस सञ्चालक समिति र क्याम्पस प्रशासनप्रति हार्दिक आभार व्यक्त गर्दछौं । यसैगरी अनुसन्धान मूल्याङ्कन कर्ताको भूमिकामा रहनु भएका पोखरा विश्वविद्यालयका सह-प्राध्यापक डा. भरतराम ढुङ्गाना, त्रिभूवन विश्वविद्यालयका उप-प्राध्यापक डा. दिलनाथ दंगाल र पोखरा विश्वविद्यालयका उप-प्राध्यापक कृष्णराज चापागाई ज्यूप्रति आभारी छौं र हार्दिक आभार व्यक्त गर्दछौं । साथै तथ्याङ्क संकलनका क्रममा समयमा नै हामीलाई आवश्यकताअनुसारका तथ्याङ्क उपलब्ध गराइ सहयोग गर्नुहुने यस क्याम्पसका अनुसन्धान व्यवस्थापन समिति, विभिन्न विभागीय प्रमुखहरु, प्राध्यापक तथा कर्मचारी साथीहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छौं । यसैगरी तथ्याङ्क संकलनका लागि छलफलमा उपस्थित भई आफ्नो अमुल्य विचार दिएर सहयोग गर्नुहुने भिमाद नगरपालिका नगरप्रमुख, उप-प्रमुख, प्रमुख प्रशासकीय अधिकृत लगायत नगरकार्यपालिका सदस्य, वडाध्यक्षज्यूहरु, राजनीतिक पार्टी प्रतिनिधिहरु, क्याम्पस सभासद, अभिभावक, स्थानीय तहका जनप्रतिनिधि, विद्यार्थी, पूर्व-विद्यार्थी, निवृत्त शिक्षक र स्थानीय समुदायका प्रतिनिधिहरु प्रति हार्दिक धन्यवाद र आभार व्यक्त गर्दछौं । साथै यस अनुसन्धान कार्यमा सहयोग गर्ने क्याम्पस परिवार प्रति हार्दिक आभार व्यक्त गर्दछौं । अनुसन्धानात्मक कार्यलाई अन्तिमरुप दिन प्राविधिक सहयोग गर्नुहुने सहायक प्रशासक सुनिल पाठक पनि धन्यवादका पात्र हुनुहुन्छ ।

## विषय सूची

**अध्याय एकः परिचय....................2**
१.१ अध्ययनको पृष्ठभूमि....................2
१.२ क्याम्पसको पृष्ठभूमि....................3
१.३ अध्ययनको उद्देश्य....................5
१.४. अध्ययनका प्रश्न....................5
१.५. अध्ययनको महत्व....................5
१.५. अध्ययनको क्षेत्र र सीमा....................6
अध्याय दुई : साहित्यको समीक्षा....................7
२.१ साहित्यको समीक्षा....................7
अध्याय तीन : अनुसन्धान विधि....................11
अध्याय चार : तथ्याङ्कको विश्लेषण र व्याख्या....................14
४.१ वर्तमान विद्यार्थी विवरण....................14
४.२ विद्यार्थी विवरण २०७८/०७९ देखि २०८१/०८२ सम्म....................14
४.३ शैक्षिक नतिजा....................18
४.४ क्याम्पसको आम्दानी खर्चको विश्लेषण....................23
४.५ भर्नादर र कक्षा छाड्ने दरको अवस्था....................28
४.६ विद्यार्थीले बीचैमा कक्षा छाड्नुका कारणहरू....................30
४.७ क्याम्पसका अल्पकालीन चुनौतीहरु....................30
४.८ क्याम्पसका दीर्घकालीन चुनौतीहरु....................32
४.९ क्याम्पसका समस्या समाधानका उपायहरु....................33
४.१० क्याम्पसका विगतका कार्यक्रमहरु....................35
४.११ विद्यार्थीको मूल्याङ्कनमा क्याम्पसको अवस्था, समस्या र चुनौतीहरु....................37
४.१२ क्याम्पस सभासद् र समुदायको मूल्याकनका आधारमा समस्या र चुनौतीहरु....................44
४.१३ सभासद् र समुदायको विचारमा क्याम्पसका समस्या समाधानका उपायहरु....................48
४.१४ क्याम्पसका समस्या, चुनौती र सामाधानका उपायहरुका सम्बन्धमा स्थानीय सरकारको धारणा....................52
४.१५ क्याम्पसका समस्या, चुनौती र सामाधानका उपायहरु सम्बन्धमा राजनीतिक पार्टीहरुको धारणा....................53
४.१६ क्याम्पसका समस्या, चुनौती र सामाधानका उपायहरुका सम्बन्धमा प्राध्यापकका धारणा....................55
४.१७ क्याम्पसका समस्या, चुनौती र सामाधानका उपायहरु सम्बन्धमा पूर्वविद्यार्थीहरुको धारणा....................56
४.१८ क्याम्पसका समस्या, चुनौती र सामाधानका उपायहरु सम्बन्धमा निवृत्त शिक्षक समाज भिमादको धारणा....................57
४.१९ क्याम्पसका समस्या, चुनौती र सामाधानका उपायहरुका सम्बन्धमा अभिभावकहरुको धारणा....................58
४.२० क्याम्पसको समस्या, चुनौती र सामाधानका उपायहरुमा स्वतन्त्र विद्यार्थी यूनियनको धारणा....................59
५. छलफल....................59
६. अध्ययनको नतिजा....................61
अध्याय पाँच....................63
सारांश, निष्कर्ष र सिफारिस....................63
५.१ सारांश....................63
५.२ अध्ययनको निष्कर्ष....................63
सर्न्दभ सामग्री....................66

# जनज्योति क्याम्पस संस्थागत स्थायित्वः बहुआयामिक अध्ययन

**सार**

यस अध्ययनमा जनज्योति क्याम्पस भिमाद-६, तनहुँको शैक्षिक गुणस्तर, विद्यार्थी भर्ना प्रवृत्ति तथा कक्षा छाड्ने (dropout) दरको विश्लेषणात्मक रूपमा अध्ययन गरिएको छ । अध्ययनको उद्देश्य क्याम्पसमा विद्यार्थी भर्ना दर र कक्षा छाड्ने अवस्थाको मूल्याङ्कन गर्नुका साथै यसलाई प्रभाव पार्ने कारकहरूको पहिचान गर्नु र शैक्षिक गुणस्तर सुधारका आधारहरु सिफारिस गर्नु रहेको छ । यस अध्ययनमा मिश्रित अनुसन्धान विधि अवलम्बन गरिएको छ । प्राथमिक तथा द्वितीय दुवै प्रकारका तथ्याङ्कहरूको प्रयोग गरिएको छ। प्राथमिक तथ्याङ्क सङ्कलनका लागि संरचित प्रश्नावली, अर्ध-संरचित अन्तर्वार्ता तथा फोकस समूह छलफल विधिहरू प्रयोग गरिएको छ भने द्वितीय स्रोतहरुमा क्याम्पसका वार्षिक प्रतिवेदन, EMIS अभिलेख तथा प्रशासनिक दस्तावेजहरूको प्रयोग गरिएको छ । उद्देश्यपूर्ण नमुना छनोट विधिको प्रयोग गरी जम्मा ३१० जना मध्ये विद्यार्थी ६० जना, अभिभावक १० जना, शिक्षक ५ जना, क्याम्पस सभासद् एवम् समुदाय १०१ जना र बीचैमा कक्षा छाडेका विद्यार्थी ६० जनाबाट तथ्याङ्क संकलन गरियो साथै पूर्वविद्यार्थी, राजनीतिक दलका स्थानीय नेतृत्व, भिमाद नगरपालिका निवृत्त शिक्षकहरू, स्वतन्त्र विद्यार्थी युनियन र स्थानीय तहका जनप्रतिनिधिहरुसँग समूह केन्द्रित छलफल गरी तथ्याङ्क संकलन गरियो । परिमाणात्मक तथ्याङ्कलाई प्रतिशत, तालिका तथा रेखाचित्रका माध्यमबाट विश्लेषण गरिएको छ भने गुणात्मक तथ्याङ्कलाई विषयगत विश्लेषण (Thematic analysis) विधिबाट व्याख्या गरिएको छ । अध्ययनको नतिजाले पछिल्ला वर्षहरूमा क्याम्पसमा विद्यार्थी भर्ना दरमा उतार-चढाव तथा कक्षा छाड्ने दरमा वृद्धि भएको देखिन्छ । आर्थिक कठिनाइ, पारिवारिक जिम्मेवारी, रोजगारीका अवसर, परामर्श सेवा कमजोर हुनु र विद्यार्थी सहयोग सेवाको सीमितता कक्षा छाड्नुका प्रमुख कारकका रूपमा पहिचान गरिएको छ । ICT सुविधा, विद्यार्थी केन्द्रित शिक्षण विधि, अनुसन्धान र शिक्षण बीच एकीकरण, मानव संसाधन विकास, पढ्दै-कमाउँदै' कार्यक्रम, जीवनोपयोगी तथा व्यावसायिक शिक्षा, शैक्षिक तथा मनोवैज्ञानिक परामर्श सेवा प्रदान, अतिरिक्त क्रियाकलाप कार्यक्रम विस्तार, विद्यार्थीलाई निर्णय प्रक्रियामा सहभागी, पारदर्शी निर्णय प्रक्रिया, राजनीतिक गतिविधि कम, समान र न्यायोचित अवसर, प्रभावकारी मूल्याङ्कन प्रणाली, ICT मा आधारित प्रशासनिक सुधार, समुदाय-अभिभावकसँग नियमित संवाद र सहकार्य, सहभागीमुलक व्यवस्थापन शैली, योजनाहरुको कार्यन्वयन तथा संस्थागत व्यवस्थापन क्षमतामा पर्याप्त सुधार आवश्यक रहेको देखिएको छ । क्याम्पसको सस्थागत स्थायित्वका लागि शैक्षिक गुणस्तर सुधार, नियमित वैकल्पिक आयको स्रोत, व्यवस्थापनमा समयानुकूल परिवर्तन, संस्थागत सुदृढीकरण र लक्षित कार्यक्रम अपरिहार्य रहेको यस अध्ययनले स्पष्ट रूपमा औंल्याएको छ ।

**विशेष शब्दसूची:** *शैक्षिक गुणस्तर, आर्थिक पक्ष, व्यवस्थापकीय पक्ष, विद्यार्थी भर्ना दर , कक्षा छाड्ने दर, संस्थागतस्थायित्व*

# अध्याय एकः परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

विश्वविद्यालय ज्ञानको मन्दिर मात्र होइन, समाज रूपान्तरणको केन्द्र पनि हो । यसले मानिसमा सोच्ने, बुझ्ने र सिर्जनशील बन्ने क्षमता विकास गर्छ । शिक्षण सिकाइ, अनुसन्धान र ज्ञानको विस्तार यी तीन आधारस्तम्भमा टेकेर विश्वविद्यालयले राष्ट्रको बौद्धिक, सामाजिक र आर्थिक विकासमा योगदान पुऱ्याउँछ (वाग्ले,२०७७) । नेपालमा उच्च शिक्षाको औपचारिक प्रारम्भ वि.सं. १९७५ मा कलकत्ता विश्वविद्यालयसँग सम्बन्धन लिएर त्रिचन्द्र क्याम्पस स्थापना भएपछि भएको मानिन्छ (शर्मा, २०६५) त्यसपछि वि.सं. २०१६ मा त्रिभुवन विश्वविद्यालय स्थापना भएसँगै देशले आफ्नै विश्वविद्यालय प्राप्त गऱ्यो । करिव छ दशकको अवधिमा नेपालले उच्च शिक्षाको क्षेत्रमा उल्लेखनीय प्रगति गरेको मान्न सकिन्छ । हाल नेपालमा १५ वटा विश्वविद्यालय १४३२ क्याम्पस तथा अनेकौं अनुसन्धान केन्द्र वा इकाइहरू स्थापना भइसकेका छन् यिनले उच्च शिक्षाको पहुँच विस्तार, गुणस्तर वृद्धि र अनुसन्धान प्रवर्द्धनमा महत्वपूर्ण योगदान पुऱ्याइरहेका छन् (विश्वविद्यालय अनुदान आयोग, २०२३/०२४) । निजीकरणको प्रभुत्व, विश्वविद्यालयहरूको स्वायत्तताको कमी र अनुसन्धान गतिविधिको कमी नेपालको उच्च शिक्षाका मुख्य चुनौतीहरू हुन् । सामाजिक रूपमा पिछडिएका समुदायले उच्च शिक्षामा पर्याप्त अवसर पाउन सकेका छैनन् । यद्यपि विश्वस्तरका विश्वविद्यालय स्थापना गर्ने चाहना गरिएको छ, तापनि त्यसका लागि आवश्यक भौतिक, प्राविधिक र शैक्षिक आधारहरू कमजोर रहेका कारण उक्त चाहना पूरा हुन सकिरहेको छैन । त्यस्तै, सम्बन्धन प्रणालीको परनिर्भरता उच्च शिक्षाको गुणस्तर र प्रभावकारितामा बाधक बनेको छ । यी सबै पक्षहरूले उच्च शिक्षाको विकासमा संरचनागत र नीतिगत चुनौतीहरूको संकेत दिन्छन् ( आचार्य , २०२३) । नेपालको उच्च शिक्षामा वित्तीय कठिनाइहरू प्रमुख चुनौतीका रूपमा देखिएका छन् । अधिकांश विद्यार्थीहरू आर्थिक अभावका कारण आफ्नो अध्ययन अधूरै छोड्न बाध्य हुने गरेका छन् । शैक्षिक दृष्टिले व्यावहारिक तालिमका अवसरहरू अपर्याप्त छन् र मूल्याङ्कन प्रक्रियामा पनि समस्या देखिन्छ, जसले विद्यार्थीहरूको सिकाइमा नकारात्मक प्रभाव पारेको छ । नेपालको उच्च शिक्षामा सामाजिक असमानता र पारिवारिक दवावले समेत विद्यार्थीहरूको शैक्षिक उपलब्धिमा चुनौतीहरू सिर्जना गरेका छन् (Timalsena & Katwal,2025) । त्रिभुवन विश्वविद्यालयले मात्र १,१२४ क्याम्पसहरू सञ्चालन गर्दछ, जसमा ६२ आंगिक क्याम्पसहरू र १,०६२ सम्बद्धन प्राप्त क्याम्पसहरू छन् (शिक्षा मन्त्रालय, २०२४)।

जनस्तरबाट सञ्चालित सामुदायिक क्याम्पसहरू नेपालको उच्च शिक्षामा महत्वपूर्ण योगदान गर्ने शैक्षिक संस्था हुन् । सामुदायिक क्याम्पसहरूले सामाजिक उत्तरदायित्व वहन गर्दै स्थानीय स्रोतसाधनको परिचालनमा जनसहभागिताको प्रवर्द्धन गरी स्थानीय तहसँगको सहकार्यमा व्यवस्थापन प्रणालीलाई मजबुत बनाउँदै समग्र देशको शैक्षिक सुधारमा महत्वपूर्ण योगदान दिएका छन् । शिक्षामा समान पहुँच, अवसर र समावेशिताको लक्ष्य पूरा गर्न सामुदायिक क्याम्पसहरूको भूमिका अत्यन्तै महत्वपूर्ण रहँदै आएको छ । दिगो विकास लक्ष्य (SDGs) का उद्देश्यहरू हासिल गर्नका लागि सामुदायिक क्याम्पसहरूलाई अझ सशक्त, दक्ष र आत्मनिर्भर बनाउनु आजको युगीन आवश्यकता हो । त्यसका

लागि राज्य, विश्वविद्यालय, स्थानीय सरकार र समुदाय बीच प्रभावकारी सहकार्य र नीतिगत समन्वय अपरिहार्य छ ( नेपाल पब्लिक क्याम्पस सङ्घ, २०८१) ।

नेपालको संविधान २०७२ ले उच्च शिक्षाको पहुँच र गुणस्तरीय विकासलाई राज्यको प्रमुख दायित्वका रूपमा लिएको छ । संविधानको भाग ४ धारा ५१ अन्तर्गत राज्यका नीतिहरूको उपधारा (ज) मा रहेको 'नागरिकका आधारभूत आवश्यकता सम्बन्धी नीति' को दफा (३) ले उच्च शिक्षालाई सहज, गुणस्तरीय र सबैका लागि पहुँचयोग्य बनाउँदै क्रमश: नि:शुल्कतर्फ उन्मुख गरिने स्पष्ट उल्लेख गरेको छ । यो प्रावधानले शैक्षिक विकेन्द्रीकरण र शिक्षामा समान पहुँचको अवधारणालाई दृढ बनाएको छ । संविधानको अनुसूची ५ अनुसार केन्द्रीय विश्वविद्यालय मापदण्ड, नियमन र व्यवस्थापन संघीय सरकारको जिम्मेवारीमा पर्छ भने अनुसूची ६ ले 'प्रदेश विश्वविद्यालय र उच्च शिक्षा' सम्बन्धी अधिकार प्रदेश सरकारलाई दिएको छ । यस्तै, धारा ५७ (४), धारा २१४(२), धारा २२१(२) र धारा २२६(१) का आधारमा तयार गरिएको अनुसूची ८ ले स्थानीय तहको अधिकारभित्र आधारभूत र माध्यमिक शिक्षाको जिम्मेवारी तोकेको छ । अनुसूची ९ ले संघ, प्रदेश र स्थानीय तहबीचको साझा अधिकार सूचीमा शिक्षा, खेलकुद र पत्रपत्रिका' जस्ता विषय समावेश गरेको छ तर सामुदायिक क्याम्पसको जिम्मेवारी र नियमनको स्पष्टता भने दिएको छैन । यस्तो अस्पष्टताका कारण उच्च शिक्षा र स्थानीय तहबीचका सम्बन्ध ठोस रूपमा परिभाषित हुन सकेको छैन । यस पृष्ठभूमिमा शैक्षिक विकासका लागि स्पष्ट, व्यावहारिक र दीर्घकालीन नीति निर्माण आवश्यक देखिन्छ । संविधानले दिएको संरचनागत अधिकारका आधारमा सरकारले सामुदायिक क्याम्पसहरूलाई अभिभावकत्व ग्रहण गर्दै तिनको स्थायित्व र गुणस्तरीय विकासतर्फ केन्द्रित हुनु संविधानसंगत र व्यावहारिक कदम ठहरिन्छ (नेपाल संविधान, २०७२) ।

सामुदायिक क्याम्पसलाई विश्वविद्यालयले सम्बन्धन दिए पनि स्थानीय समुदायकै स्वामित्व प्रदान गरेको हुन्छ । यी क्याम्पसले स्थानीय समुदाय, सामाजि क अगुवा, बौद्धिक वर्ग, शिक्षाप्रेमी महानुभाव, स्थानीय सरकार, लगायतका सरोकारवालासँग हातेमालो गर्दै स्थानीय स्तरमा उच्च शिक्षा प्रदान गर्दछ । सामुदायिक क्याम्पसहरूको स्थापना मुख्य रूपमा ग्रामीण तथा दुर्गम क्षेत्रका विद्यार्थीहरूलाई उच्च शिक्षा प्रदान गर्नु हो ।

## १.२ क्याम्पसको पृष्ठभूमि

शिक्षा व्यक्ति, समाज र राष्ट्रको सर्वाङ्गीण विकासको मूल आधार हो । शिक्षाको उज्यालोबाट कोही पनि नछुटुन् भन्ने उच्च ध्येयका साथ यस क्षेत्रका बुद्धिजीवी, शिक्षाप्रेमी, राजनीतिक दलका प्रतिनिधि तथा प्रबुद्ध व्यक्तिहरूको सक्रियतामा जनज्योति माध्यमिक विद्यालयको सहयोगमा वि.स. २०६४ मा त्रिविसँग सम्बन्धन लिई जनज्योति क्याम्पसको स्थापना भएको हो । क्याम्पस स्थापनाको प्रारम्भिक विचार विद्यालय व्यवस्थापन समितिको वि.सं. २०६३ मंसिर १४ गतेको बैठकमा उठाइएको थियो । बैठकले उच्च शिक्षाको अवसर गाउँमै उपलब्ध गराउने उद्देश्य राखेको थियो । प्रारम्भमा आवश्यक आर्थिक स्रोतको अभाव भएकाले समितिले आर्थिक सहयोग जुटाउने निर्णय गऱ्यो । त्यसअनुसार, वि.सं. २०६३ मंसिर २३ गते आयोजित संयुक्त बैठकमा तत्कालीन विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, सर्वदलीय प्रतिनिधिहरू र बुद्धिजीवीहरूको सहभागितामा जनज्योति माध्यमिक

विद्यालयले राम्रो नतिजा ल्याएका कारण प्राप्त रु. १०,००,००० रकमलाई क्याम्पसको प्रारम्भिक खर्चका रूपमा प्रयोग गर्ने निर्णय गरियो (जनज्योति क्याम्पस, २०७०) ।

वि.सं. २०६३ फागुन १० गते बसेको विद्यालय व्यवस्थापन समितिको बैठकले वि.सं. २०६४ वैशाख २८ गते बसेको संयुक्त भेलाले निर्णय गरी क्याम्पस सञ्चालनका लागि १३ सदस्यीय क्याम्पस सञ्चालक समिति गठन गर्‍यो भने १५ सदस्यीय सल्लाहकार समिति र २८ सदस्यीय आमन्त्रित सदस्यहरूको पनि व्यवस्था गरेको थियो । समितिले छोटो समयमा "जनज्योति क्याम्पस विधान २०६४" तयार गरी त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकायसँग सम्बन्धनका लागि आवश्यक कागजातहरू बुझायो (जनज्योति क्याम्पस, २०७०) ।

वि.सं. २०६४ भदौ १९ गते क्याम्पसले आधिकारिक सम्बन्धन प्राप्त गरी मंसिर १६ गतेदेखि शिक्षाशास्त्र संकाय, स्नातक तह अन्तर्गत मूल विषय नेपाली र अंग्रेजीका कक्षा सञ्चालन गरियो । जनज्योति क्याम्पस, २०७०) । सुरुवाती समयमा विद्यार्थी संख्या न्यून र अन्य आयश्रोत सीमित भएको कारण शिक्षक तथा कर्मचारीलाई पारिश्रमिक उपलब्ध गराउन कठिनाइ थियो । त्यसैले आर्थिक स्रोत विस्तार गर्नका लागि वि.सं. २०६६ कार्तिक ९ देखि १६ गतेसम्म श्रीमद् भागवत सप्ताह ज्ञान महायज्ञ सञ्चालन गर्ने निर्णय गर्‍यो । उक्त कार्यक्रमको उद्देश्य आवश्यक अर्थ संकलन गरी क्याम्पसको भौतिक पूर्वाधार निर्माणमा सहयोग पुर्‍याउने र अक्षय कोष स्थापना गर्ने रहेको थियो । महायज्ञबाट नगद, जग्गा दान र कबुल गरी जम्मा रु.१,६१,५७,६१९ संकलन भयो । महायक्ष सञ्चालन खर्च रु १,४१,५५,८५८/- कट्टा गरी वाकी रहेको रकम क्याम्पसमा आम्दानी बाधेको देखिन्छ जस मध्ये रु. ५०,००,०००। मुद्दती खातामा राखियो भने रु.९२,००,०००। शैक्षिक भवन निर्माणमा खर्च खर्च भएको देखिन्छ । (जनज्योति क्याम्पस, २०६८)।

यस क्याम्पसको मुख्य उद्देश्य ग्रामीण तथा पिछडिएका समुदायका जनजाति, दलित, गरिब तथा विशेष गरी बालिकाहरूलाई गुणस्तरीय उच्च शिक्षा प्रदान गर्नु हो । समुदायको सहयोगमा सञ्चालित यस क्याम्पसले बि.एड. र बिबिएस कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ । संस्थागत स्थायित्वको मूल्याङ्कनका लागि क्याम्पसले स्व-अध्ययन प्रतिवेदन तयार गरेको छ जसले विश्वविद्यालय अनुदान आयोगको गुणस्तर सुनिश्चितता तथा प्रत्यायन QAA मापदण्डअनुसार संस्थाको नीति, पाठ्यक्रम, शिक्षण-अध्ययन, अनुसन्धान, पूर्वाधार, विद्यार्थी सहयोग, शासन र सूचना प्रणालीका पक्षहरूलाई समग्र रूपमा मूल्याङ्कन गरेको छ (स्व-अध्ययन प्रतिवेदन, २०२०) । क्याम्पसले ८ वटा मापदण्डका आधारमा क्याम्पसको बहुआयामिक मूल्याङ्कन गरेको छ । यसले क्याम्पसमा पारदर्शी व्यवस्थापन, सामुदायिक सहभागिता, पर्याप्त जग्गा र विद्यार्थीमैत्री वातावरणजस्ता बलिया पक्षहरूलाई देखाउँछ । तर अनुसन्धान-शिक्षण एकीकरण, PhD तहका शिक्षकको अभाव, सीमित शैक्षिक कार्यक्रम र कमजोर उत्तीर्ण दर जस्ता कमजोरीहरू पनि रहेका छन् । क्याम्पससँग स्थानीय सरकार र समुदायसँगको साझेदारीका अवसरहरू प्रशस्त छन् भन्ने कुरा SWOT विश्लेषणले पनि जनाउँछ तर आर्थिक संकट, प्रतिस्पर्धी संस्थाहरूको वृद्धि र संघीय संरचनामा विश्वविद्यालयको अस्पष्ट नीतिले चुनौतीहरू निम्त्याएका छन् (जनज्योति क्याम्पस स्व-अध्ययन प्रतिवेदन, २०२०) ।

आर्थिक स्थायित्वका दृष्टिले क्याम्पस ४२% शुल्क, ३७% दान र ११% अनुदानबाट सञ्चालनमा छ, यद्यपि सरकारी अनुदानको कमी दीर्घकालीन चुनौती बनेको छ । शासन पक्षमा क्याम्पस व्यवस्थापन समिति (CMC) र आन्तरिक गुणस्तर विश्वसनीय समिति (IQAC) ले पारदर्शिता र उत्तरदायित्व सुनिश्चित गरेका छन् । स्रोत व्यवस्थापनमा पर्याप्त भौतिक संरचना र मानवीय स्रोत भए पनि

अनुसन्धान तथा ई-सुविधा अझ सुदृढ पार्नु पर्ने आवश्यकता छ। शैक्षिक र सामुदायिक स्थायित्वका दृष्टिले क्याम्पसले २४७ शिक्षण दिन, अतिरिक्त क्रियाकलाप, खेलकुद, क्विज, र स्वास्थ्य शिविरजस्ता गतिविधिहरू सञ्चालन गरी समुदायसँग घनिष्ठ सम्बन्ध कायम गरेको छ (जनज्योति क्याम्पस स्व-अध्ययन प्रतिवेदन, २०२२) । क्याम्पसको पञ्चवर्षीय रणनीतिक योजना (२०१९-२०२४) ले पनि पूर्वाधार विस्तार, ICT आधारित शिक्षण सुधार, गुणस्तर वृद्धिका लागि सेमिनार र तालिम सञ्चालन, र स्रोत सङ्कलनलाई प्राथमिकता दिएको छ। यसरी जनज्योति क्याम्पसले आफ्नो सामुदायिक दृष्टिकोण, पारदर्शी व्यवस्थापन र गुणस्तरमुखी योजनाबाट स्थायित्वतर्फ कदम चालिरहेको देखिन्छ (जनज्योति क्याम्पस पञ्चवर्षीय योजना *२०१९-२०२४*) । क्याम्पसले सरोकार पक्षहरूसँग वृहत छलफल गरी योजना र रणनीतिहरू तयार गरी क्याम्सपको सर्वपक्षीय विकासको उद्देश्यले यो अनुसन्धान कार्य गरिएको हो ।

## १.३ अध्ययनको उद्देश्य

(क) क्याम्पसको शैक्षिक गुणस्तरको वर्तमान अवस्थाको मूल्यांकन गर्नु,
(ख) भर्नादर र कक्षा छाड्ने दर र कारण पहिचान गर्नु,
(ग) क्याम्पसको आर्थिक स्रोत पहिचान गर्नु,
(घ) क्याम्पसका समस्याहरु र समाधानका उपायहरु पहिचान गर्नु,

## १.४. अध्ययनका प्रश्न

(क) जनज्योति क्याम्पसको शैक्षिक गुणस्तरको वर्तमान अवस्था कस्तो छ ?
(ख) भर्नादर र कक्षा छाड्ने दर वर्तमान अवस्था कस्तो छ ?
(ग) कक्षा छाड्नुका कारणहरु के के हुन्?
(ग) क्याम्पसले कस्ता समस्याहरु भोग्नु परेको छ ?
(घ) समस्या समाधानका उपाहरु के हुन सक्छन् ?

## १.५. अध्ययनको महत्व

जनज्योति क्याम्पसले ग्रामीण तथा दुर्गम क्षेत्रका विद्यार्थीहरूलाई शिक्षामा पहुँच प्रदान गर्नुका साथै आर्थिक रूपमा कमजोर, जनजाति, दलित, महिला तथा अन्य पिछडिएका वर्गका लागि उच्च शिक्षामा अवसर सिर्जना गरेको छ । यस क्याम्पसले स्थापना कालदेखि नै स्थानीय समुदायमा उच्च शिक्षा प्रवाहमा सकारात्मक भूमिका निर्वाह गर्दै आएको छ। तथापि, पछिल्लो समयमा देखिएका गुणात्मक र व्यवस्थापकीय चुनौतीहरूले यसको गुणस्तरमा बाधा सिर्जना गरको छ। यस अनुसन्धानले शैक्षिक गुणस्तर, संस्थागत स्थायित्व, आर्थिक स्रोत, सामाजिक सहभागिता र विद्यार्थी भर्नादर घट्नु तथा कक्षा छाड्ने दर बढ्नुका कारणहरूको समग्र विश्लेषण गर्नेछ। यस अध्ययनले क्याम्पसको गुणस्तर सुधारका लागि तथ्यमा आधारित सिफारिसहरू प्रस्तुत गर्न, नीतिगत तथा रणनीतिक निर्णयहरूमा सहयोग गर्न र सामुदायिक क्याम्पसहरूका लागि पनि मार्गदर्शन प्रदान गर्ने सम्भावना राख्नुका साथै समुदाय, स्थानीय तह र सरोकारवालाहरूमा जनचासो र सहभागिता अभिवृद्धि गर्न मद्दत गर्नेछ भन्ने अपेक्षा गरिएको छ ।

यस अनुसन्धानले:

- शैक्षिक गुणस्तर, आर्थिक स्रोत, व्यवस्थापकीय पक्ष र विद्यार्थी भर्नादर घट्नु तथा कक्षा छाड्ने दर बढ्नुका कारणहरूको विश्लेषण गर्नेछ ।
- क्याम्पस सभासद, स्थानीय राजनीतिक पार्टी, स्थानीय तहका जनप्रतिनिधि, शिक्षक, निवृत्त शिक्षक, कर्मचारी, विद्यार्थी र स्थानीय समुदायका दृष्टिकोणलाई समेटेर बहुआयामिक तथ्याङ्कीय र गुणात्मक जानकारी उपलब्ध गराउनेछ ।
- क्याम्पस सुधारका लागि तथ्यमा आधारित सिफारिसहरू प्रस्तुत गर्नेछ जसले नीतिगत तथा रणनीतिक निर्णयहरूमा सहयोग गर्नेछ ।
- अन्य सामुदायिक क्याम्पसहरूका लागि पनि मार्गदर्शन गर्नेछ ।
- समुदाय, स्थानीय तह र सरोकारवालाहरूमा जनचासो र सहभागिता अभिवृद्धि गर्न मद्दत गर्नेछ ।

## १.५. अध्ययनको क्षेत्र र सीमा

**अध्ययनको क्षेत्र**

- यस अध्ययन जनज्योति क्याम्पस, भिमाद-६, तनहुँलाई केन्द्रमा राखेर यसको शैक्षिक गुणस्तर, आर्थिक स्रोत, व्यवस्थापकीय पक्ष र विद्यार्थी भर्नादर तथा कक्षा छाड्ने दरको अवस्थाको विश्लेषण गर्न केन्द्रित रहेको छ ।
- क्याम्पस सभासद, स्थानीय राजनीतिक पार्टी, स्थानीय तहका जनप्रतिनिधि, शिक्षक, कर्मचारी, विद्यार्थी, पूर्व विद्यार्थी, निवृत्त शिक्षक र स्थानीय समुदायका प्रतिनिधिहरूलाई समेटिनेछ ।
- सर्वेक्षण, अन्तर्वार्ता र फोकस समूह छलफल (FGD) मार्फत तथ्याङ्क सङ्कलन गरिनेछ ।
- क्याम्पसका पछिल्ला पाँच वर्षका आर्थिक, शैक्षिक र प्रशासनिक अभिलेखहरूको अध्ययन गरिनेछ ।

**अध्ययनको सीमा**

- अनुसन्धान केवल जनज्योति क्याम्पसमा सीमित हुनेछ ।
- समय र स्रोत सीमितताका कारण सबै विद्यार्थी र कर्मचारीलाई समेट्न नसकिने सम्भावना छ ।
- सहभागीहरूले पूर्ण खुलापन देखाउन नसक्ने सम्भावना छ ।

# अध्याय दुई : साहित्यको समीक्षा

## २.१ साहित्यको समीक्षा

शैक्षिक गुणस्तरको स्तरलाई अनुसन्धान र प्रकाशन, नवप्रवर्तन, अन्तरक्रियात्मक शिक्षण र क्षमता निर्माणले प्रभाव पार्दछ **(Paudel, 2021)** । सामुदायिक क्याम्पसहरूले सुविधा सम्पन्न र ठूलो लगानीमा सञ्चालनमा आएका निजी क्याम्पसहरूसँग प्रतिस्पर्धा गर्नुपरेको छ . खस्किँदो शैक्षिक गुणस्तरलाई उकास्नु, तल्लोस्तरको राजनीतिबाट मुक्त पार्नु परीक्षामा सन्तोषजनक नतिजा ल्याउनु सामुदायिक क्याम्पसका प्रमुख चुनौतीहरू हुन् । सामुदायिक क्याम्पसमा कार्यरत शिक्षकहरूको हकहितका पक्षमा ठोस काम हुन नसकेकाले उनीहरूको रोजगारी सुनिश्चितता र स्तर निर्धारण अविलम्ब गर्न आवश्यक देखिन्छ । अधिकांश सामुदायिक क्याम्पसहरूले विद्यार्थीलाई मात्र आम्दानी र सञ्चालनको स्रोतका रूपमा हेर्ने प्रवृत्ति उचित होइन । सामुदायिक क्याम्पसको सुदृढ विकासका लागि नगरपालिका, प्रदेश सरकार, विश्वविद्यालय अनुदान आयोग तथा अन्य दातृ निकायहरूको सहयोग र सद्भाव अपरिहार्य छ । सामुदायिक क्याम्पसमा अध्यापन गर्ने शिक्षकहरूलाई त्रिभुवन विश्वविद्यालयका शिक्षक सरह सेवा र सुविधा–जस्तै पेन्सन कोष, सामाजिक सुरक्षा कोष, सञ्चय कोष आदि–व्यवस्था गर्नुपर्छ । यसतर्फ यदि शीघ्र समाधान खोजिएन भने सामुदायिक क्याम्पसका शिक्षकहरूमा नैराश्यता फैलिन सक्नेछ, जसको प्रत्यक्ष असर शिक्षकहरूको व्यक्तिगत जीवनमा मात्र नभई सम्पूर्ण राज्यको शैक्षिक प्रणालीमा दीर्घकालीन असर पर्न सक्छ ( खनाल, २०७६) ।

सामुदायिक क्याम्पसहरूको प्रमुख उद्देश्य नाफा आर्जन गर्नु नभई स्थानीय स्तरमा उच्च शिक्षाको पहुँच विस्तार गर्नु हो । आर्थिक, सामाजिक तथा भौगोलिक कठिनाइका कारण शिक्षाबाट वञ्चित सीमान्तकृत तथा विपन्न वर्गलाई उच्च शिक्षामा पहुँच दिलाउने लक्ष्यका साथ सामुदायिक क्याम्पसहरूको स्थापना गरिएको हो । तथापि, वर्तमान समयमा यी क्याम्पसहरू सीमित विद्यार्थी संख्या, कक्षा छाड्ने दर उच्च हुनु, स्थायी कोषको अभाव, कमजोर वित्तीय स्थिति, समुदाय तथा विद्यार्थीको घट्दो चासो, र शिक्षण स्रोतको स्थायित्व अभावजस्ता चुनौतीहरूबाट जुधिरहेका छन् ( **Chimariya, 2024**)। साल्मी (२००९) ले प्रतिभाशाली प्राध्यापक र विद्यार्थी आकर्षण, शिक्षण र अनुसन्धानमा पर्याप्त लगानी, साथै अनुकूल र लचक शासकीय संरचनालाई विश्वस्तरीय शिक्षाको प्रमुख तत्वका रूपमा औंल्याएका छन् । त्यस्तै, Shin and Kehm -2013) ले विश्वव्यापी दृष्टिकोण, अनुसन्धानको गहिराइ, प्राध्यापक स्वायत्तता, विकेन्द्रीकृत लगानी, अन्तर्राष्ट्रिय भर्ना, प्रतिभाशाली जनशक्तिको समावेश, बजार-विश्वविद्यालय सम्बन्ध, र विश्वव्यापी सहकार्यमा जोड दिएका छन् ।

नेपालमा उच्च शिक्षाको पहुँच र समावेशीकरणमा अझै पनि ठूलो असमानता देखिन्छ। Subedi (2025), Acharya et al. (2022), र KC (2025) का अध्ययनहरूले ग्रामीण र शहरी क्षेत्रबीच, र लैङ्गिक रूपमा विद्यार्थीको सहभागितामा फरक रहेको औंल्याएका छन् । Simkhada र Khan (2023) ले दुर्गम क्षेत्रका विद्यार्थीहरू भाषा, आर्थिक अवस्था, र शिक्षक अभावका कारण उच्च शिक्षाबाट बञ्चित हुने गरेको बताएका छन् । यी अध्ययनहरूले नेपालको उच्च शिक्षामा समावेशी नीतिको आवश्यकता र सबै वर्गका विद्यार्थीलाई समान अवसर प्रदान गर्न आवश्यक सुधारको माग गरेका छन् ।

नेपालमा उच्च शिक्षाको गुणस्तरबारे भएका अधिकांश अध्ययनहरु (Dahal & Baral, 2024; Sapkota, 2024; Gautam et al., 2025; Bista, 2025) ले गुणस्तर सुनिश्चितता प्रणाली र निरन्तर सुधारको

प्रभावकारी कार्यान्वयन नहुँदा शिक्षाको गुणस्तरमा गिरावट, व्यवस्थापन पक्षमा कमजोरी र अनुसन्धान कमजोरीलाई प्रमुख समस्या ठहऱ्याएको छ । यी सबै अध्ययनहरूले संस्थागत स्वामित्व, शिक्षक विकास, र गुणस्तर व्यवस्थापन प्रणाली सुदृढ पार्नु पर्ने निष्कर्ष दिएका छन् ।

Joshi et al. (2024), Devkota and Timilsena (2024), र Singh (2024) ले उच्च शिक्षाको नीतिगत सुधारका प्रयासहरू व्यवहारमा कम सफल भएको देखाएका छन् । उनीहरूको अध्ययनले नीति स्तरमा ICT, विकेन्द्रीकरण, र गुणस्तर सुधारका योजना भए पनि कार्यान्वयनमा राजनीतिक हस्तक्षेप, स्रोत अभाव, र कमजोर प्रशासनिक संरचना मुख्य अवरोध रहेको देखाएका छन् । यस्ता निष्कर्षहरूले नीति-कार्यान्वयन अन्तर घटाउन स्पष्ट लक्ष्य, पारदर्शिता, र उत्तरदायित्व आवश्यक रहेको देखाउँछन् । Subedi (2025) र Baral (2021) को अध्ययनहरूले उच्च शिक्षामा वित्तीय स्रोतको अभावलाई मुख्य चुनौतीका रूपमा उल्लेख गरेका छन् । Dahal and Baral (2024) ले आर्थिक अनुदान, निजी साझेदारी, र आत्मनिर्भरता नीतिको कमजोर कार्यान्वयनका कारण गुणस्तर सुधार कार्यक्रम प्रभावित भएको बताएका छन् । Singh (2024) र Gnawali (2024) ले सार्वजनिक-निजी साझेदारीलाई सुदृढ पार्न सकिएमा स्रोत र नवप्रवर्तन दुबै सुधारिन सक्ने सुझाव दिएका छन् ।

Ghimire et al. (2024), Dangal and Karki (2025), र K.C. (Hari Singh, 2025) ले नेपालका विद्यार्थीहरू अध्ययनपछि वा अध्ययनकै क्रममा विदेश पलायन हुने प्रवृत्ति बढ्दै गएको उल्लेख गरेका छन् । The Borgen Project (2024) र KIST College (2024) ले पनि पाठ्यक्रमको अप्रासंगिकता र रोजगार अभावका कारण विद्यार्थीहरू वैदेशिक रोजगारीको अवसरतर्फ आकर्षित हुने निष्कर्ष दिएका छन् । यी अध्ययनहरूले उच्च शिक्षालाई राष्ट्रिय श्रम बजार र औद्योगिक आवश्यकतासँग जोड्नुपर्ने आवश्यकता औंल्याएका छन् ।

Sapkota (2024), Baral (2021), र Karna (2024) का अध्ययनहरूले संस्थागत नेतृत्व र प्रशासनिक क्षमताको कमजोरीले गुणस्तर र नवप्रवर्तनमा असर पारेको देखाएका छन् । उनीहरूले नेतृत्व प्रशिक्षण, आत्म-मूल्यांकन, र हितधारक सहभागितालाई प्रभावकारी बनाउनुपर्ने सिफारिस गरेका छन् । यसैगरी Bista (2025) ले संगठनात्मक संस्कृति र परिवर्तनप्रतिको प्रतिरोधलाई सुधार प्रक्रियाको अवरोधका रूपमा व्याख्या गरेका छन् ।

Joshi et al. (2024), Subedi (2025), र Gnawali (2024) ले उच्च शिक्षामा ICT को उपयोग र ज्ञान व्यवस्थापन प्रणालीको अवस्था कमजोर रहेको पाएका छन् । अध्ययनहरूले प्राविधिक पूर्वाधार, डिजिटल साक्षरता र अनलाइन शिक्षा प्रणाली सुदृढ पार्न सकिएमा शिक्षाको पहुँच र गुणस्तर दुवै बढ्न सक्ने निष्कर्ष दिएका छन् ।

KC (2025) ले उच्च शिक्षामा महिला शिक्षक र नेतृहरूको संख्या न्यून रहेको र कार्यस्थलमा लैङ्गिक पूर्वाग्रह कायम रहेको देखाएका छन् । उनले नीति तथा संस्थागत स्तरमा लैङ्गिक सन्तुलनका कार्यक्रमहरूलाई अनिवार्य रूपमा समावेश गर्नुपर्ने सुझाव दिएका छन् ।

Dahal and Baral (2024), Singh (2024), र Acharya et al. (2022) लगायतका अध्ययनहरूले उच्च शिक्षाको सुधारका लागि आत्मनिर्भरता, अनुसन्धान प्रोत्साहन, र पाठ्यक्रम अद्यावधिक आवश्यक रहेको उल्लेख गरेका छन् । उनीहरूका अनुसार, राष्ट्रिय आवश्यकता र अन्तर्राष्ट्रिय मापदण्डबीच सन्तुलन कायम गर्न सके नेपालले गुणस्तरीय उच्च शिक्षाको बाटो समात्न सक्छ ।

विभिन्न अध्ययनहरूले विश्वविद्यालय तथा उच्च शिक्षाबाट विद्यार्थीहरू बाहिरिने वा अध्ययन छोड्ने घटनामा असर गर्ने प्रमुख कारकहरू पहिचान गरेका छन् । Ouma et al. (2017) ले पारिवारिक सहयोग र दायित्वको अभाव, कम उमेरमा विवाह र गर्भावस्था, बसाइँसराइ, अभिभावकको बिछोड, विद्यालय सेवाको अभाव, र समुदायको कमजोर शैक्षिक दृष्टिकोण जस्ता कारकहरूलाई उल्लेख गरेका छन् । त्यसैगरी Kocsis and Molnar (2024) ले शैक्षिक र सामाजिक एकीकरण, व्यक्तिगत प्रयास, प्रेरणा, पूर्वशैक्षिक उपलब्धि, व्यक्तिगत विशेषता, र सामाजिक-आर्थिक अवस्थाहरू विश्वविद्यालय छोड्ने दरसँग सम्बन्धित रहेको पत्ता लगाएका छन् । यसै धारामा, Kocsis and Molnar (2024) ले वित्तीय समस्या, शैक्षिक चुनौती, पारिवारिक सहयोगको अभाव, व्यक्तिगत कारण, परामर्श सेवाको कमी जस्ता पक्षहरूले विश्वविद्यालय छोड्ने घटनामा बल पुऱ्याउने निष्कर्ष निकालेका छन् । Kiss et al. (2020) र Mustafa (2020) ले उच्च शिक्षा छोड्ने विद्यार्थीहरूको समस्यालाई गम्भीर शैक्षिक र सामाजिक प्रभावका रूपमा व्याख्या गरेका छन् ।

नेपालमा गरिएको Subedi (2023) को अध्ययनले पनि कम शैक्षिक उपलब्धि, कक्षाकोठाको अनुपस्थिति, शैक्षिक सहयोग र प्रेरणाको अभाव, कमजोर सूचना प्रणाली, तथा पारिवारिक आर्थिक कठिनाइ र समस्याहरू उच्च शिक्षा छोड्ने प्रमुख कारण भएको देखाएको छ । सो अध्ययनसँग मेल खाने रूपमा, Nurmalthasari (2023) ले व्यक्तिगत आय, रोजगारी स्थिति, पारिवारिक आय स्तर र वैवाहिक स्थितिले विश्वविद्यालय छोड्ने दरमा प्रत्यक्ष प्रभाव पार्ने बताएको छ । त्यस्तै Shuja et al. (2022) को अध्ययनले आर्थिक स्थिति, लकडाउनको प्रभाव, शिक्षण पद्धति, शिक्षा नीति, अभिभावकको अवस्था, सामाजिक-सांस्कृतिक प्रभाव, र शिक्षक तथा प्रशासकहरूको भूमिकाले विश्वविद्यालय छोड्ने दरलाई प्रभावित गर्ने देखाएको छ । Valencia–Arias et al. (2023) ले विद्यार्थी प्रेरणा र पारिवारिक सहयोगको अभाव विश्वविद्यालयको अध्ययन छोड्ने प्रमुख कारण भएको निष्कर्ष निकालेका छन्, जसलाई Vega and Caril Verastegui (2023) ले ल्याटिन अमेरिकी सन्दर्भमा सामाजिक-आर्थिक, संस्थागत, र सांस्कृतिक वातावरणसँग जोडेर पुष्टि गरेका छन् । त्यस्तै, Santos–Villalba (2023) ले आर्थिक अवस्था, व्यक्तिगत बानी, पारिवारिक पृष्ठभूमि, तथा व्यावसायिक वा रोजगारी लक्ष्यको अस्पष्टताले उच्च शिक्षा छोड्ने जोखिम बढाउने देखाएका छन् । Toyan (2023) ले शिक्षक-विद्यार्थी सम्बन्ध, सहकर्मीहरूसँगको सम्बन्ध, र बजार मागअनुसारको अनुपयुक्त शैक्षिक कार्यक्रमहरू पनि विश्वविद्यालय छोड्ने दरमा महत्वपूर्ण कारक भएको देखाएका छन् । Silva and Diaz (2023) ले शैक्षिक, व्यक्तिगत, आर्थिक र संस्थागत कारकहरू विश्वविद्यालय छोड्ने घटनासँग गहिरो सम्बन्ध रहेको पत्ता लगाएका छन् । Appawou et al. (2023) ले व्यक्तिगत र करियर-सम्बन्धित कारण, कर्मचारी समर्थनको अभाव, अपर्याप्त ट्युटोरियल सहयोग, तथा गलत कार्यक्रम छनोटले पनि विद्यार्थीहरू अध्ययन पूरा गर्नु अघि छोड्ने प्रवृत्तिलाई बढाउने बताएका छन् । Samasonok et al. (2023) का अनुसार विद्यार्थी संलग्नताको अभाव, अपूर्ण अपेक्षा, अत्यधिक अध्ययन आवश्यकताहरू, विश्वविद्यालयको वातावरण, व्यक्तिगत तथा पारिवारिक समस्या, आर्थिक कठिनाइ, अध्ययन र शिक्षणको गुणस्तर, तथा कमजोर शैक्षिक प्रदर्शन विश्वविद्यालय छोड्ने प्रमुख कारणहरू हुन् ।

सैद्धान्तिक दृष्टिले Maslow (1943) को आवश्यकता सिद्धान्तले विद्यार्थीहरूको शारीरिक, सुरक्षा, सम्बन्ध, आत्म-सम्मान र आत्म-सन्तुष्टिका आवश्यकताहरू पूरा हुँदा उनीहरूको शैक्षिक निरन्तरता सुनिश्चित हुने बताउँछ । यस सिद्धान्तका अनुसार, क्याम्पस र विश्वविद्यालयले विद्यार्थीहरूको

आधारभूत र मनोवैज्ञानिक आवश्यकताहरू पूरा गर्न सके अध्ययन छोड्ने सम्भावना घटाउन सकिन्छ । त्यसैगरी, Wells (1989) ले कमजोर शैक्षिक प्रदर्शन, अनियमित उपस्थिति, रोजगारी, आर्थिक कठिनाइ, स्वास्थ्य समस्या, प्रेरणाको अभाव, अपर्याप्त परामर्श, तथा विवाह, गर्भावस्था र बाल हेरचाहका जिम्मेवारी जस्ता कारणहरूले विश्वविद्यालय छोड्ने दरमा वृद्धि हुने निष्कर्ष निकालेका छन् ।

# अध्याय तीन : अनुसन्धान विधि

### ३.१ अनुसन्धान ढाँचा

यस अध्ययनमा मिश्रित अनुसन्धान ढाँचा (Mixed Method Research Design) प्रयोग गरिएको छ, जसअन्तर्गत परिमाणात्मक (Quantitative) र गुणात्मक (Qualitative) दुवै ढाँचाको प्रयोग गरिएको छ । परिमाणात्मक ढाँचा मार्फत क्याम्पसको शैक्षिक, आर्थिक, व्यवस्थापकीय तथा विद्यार्थी भर्ना र कक्षा छाड्ने अवस्थासम्बन्धी तथ्याङ्क संख्यात्मक रूपमा विश्लेषण गरिएको छ । गुणात्मक ढाँचा मार्फत सरोकारवालाहरूको अनुभव, धारणा, सुझाव र नीतिगत पक्षहरूको अध्ययन गरिएको छ ।

तालिका ३.१

*अनुसन्धान ढाँचा*

| क्र.सं. | अनुसन्धान घटक | प्रयोग गरिएको ढाँचा | उद्देश्य |
|---|---|---|---|
| १ | परिमाणात्मक | संरचित प्रश्नावली, वर्णनात्मक तथ्याङ्क | शैक्षिक, आर्थिक र व्यवस्थापकीय अवस्थाको संख्यात्मक विश्लेषण |
| २ | गुणात्मक समूह केन्द्रित छलफल, अर्ध-संरचित अन्तर्वार्ता | सरोकारवालाको धारणा, अनुभव र सुझाव संकलन | |
| ३ | द्वितीय तथ्याङ्क | कागजात तथा अभिलेख अध्ययन | प्रवृत्ति र ऐतिहासिक तथ्यको विश्लेषण |
| ४ | परिमाणात्मक : संरचित प्रश्नावली, तथ्याङ्कीय विश्लेषण | | |
| ५ | गुणात्मक : समूह केन्द्रित छलफल, अर्ध-संरचित अन्तर्वार्ता, कागजात अध्ययन | | |

### ३.२ अध्ययन क्षेत्र

यस अध्ययन जनज्योति क्याम्पस र त्यससँग सम्बन्धित समुदायमा केन्द्रित छ । अध्ययन क्षेत्रभित्र क्याम्पस प्रशासन, विद्यार्थी, अभिभावक, शिक्षक, स्थानीय तहका जनप्रतिनिधि, राजनीतिक दलका स्थानीय नेतृत्व, निवृत्त शिक्षक समाज भिमाद, स्वतन्त्र विद्यार्थी यूनियन, क्याम्पस सभासद तथा समुदायका प्रतिनिधिहरू समेटिएका छन् ।

### ३.३ तथ्याङ्कको प्रकृति तथा स्रोत

यस अध्ययनमा प्राथमिक र द्वितीय दुवै प्रकारका तथ्याङ्क प्रयोग गरिएको छ ।

(क) प्राथमिक स्रोत: - विद्यार्थी, शिक्षक, अभिभावक, क्याम्पस सभासद, समुदाय प्रतिनिधि, राजनीतिक दलका स्थानीय नेतृत्व, निवृत्त शिक्षक समाज भिमाद, स्वतन्त्र विद्यार्थी यूनियन, समुदायका प्रतिनिधिहरू र स्थानीय तहका जनप्रतिनिधिबाट प्राप्त प्रश्नावली, अन्तर्वार्ता तथा समूह केन्द्रित छलफल रहेका छन् ।

(ख) द्वितीय स्रोत: - क्याम्पसको वार्षिक प्रतिवेदन - लेखा तथा आर्थिक अभिलेख EMIs सम्बन्धित नीतिगत कागजात र प्रतिवेदनहरू प्रयोग गरिएको छ ।

**३.४ जनसंख्या र नमुना**

(क) जनसंख्या: यस अध्ययनको जनसंख्यामा विद्यार्थी, अभिभावक, शिक्षक, पूर्व विद्यार्थी, बीचैमा कक्षा छाडेका विद्यार्थीहरु, राजनीतिक दलका स्थानीय नेतृत्व, भिमाद नगरपालिका निवृत्त शिक्षक समाज, स्वतन्त्र विद्यार्थी युनियन, क्याम्पस सभासद् एवम् समुदाय र स्थानीय तहका जनप्रतिनिधिहरू रहेका छन् ।

(ख) नमुना: कुल ३१० जना उत्तरदातालाई नमुनामा समावेश गरिएको छ । विद्यार्थी : ६० जना, अभिभावक १० जना, शिक्षक ५ जना, क्याम्पस सभासद् एवम् समुदाय १०१ जना, बीचैमा कक्षा छाडेका विद्यार्थी ६० जना, साथै पूर्व विद्यार्थी, राजनीतिक दलका स्थानीय नेतृत्व, भिमाद नगरपालिका निवृत्त शिक्षकहरू, स्वतन्त्र विद्यार्थी यूनियन र स्थानीय तहका जनप्रतिनिधिहरूसँग समूह केन्द्रित छलफल गरिएको छ ।

(ग) नमुना छनोट विधि: उद्देश्यमूलक नमुना छनोट विधि (Purposive Sampling Technique) प्रयोग गरिएको छ ।

**तालिका ३.३ : उत्तरदाताको वर्ग र संख्या**

| क.सं. | उत्तरदाता वर्ग | संख्या |
|---|---|---|
| १ | विद्यार्थी | ६० |
| २ | ऋभिभावक | १० |
| ३ | शिक्षक | ५ |
| ४ | क्याम्पस सभासद् एवम् समुदाय प्रतिनिधि | १०१ |
| ५ | बीचैमा कक्षा छाडेका विद्यार्थीहरु, | ६० |
| ६ | पूर्व विद्यार्थी (FGD) | समूह |
| ७ | राजनीतिक दलका स्थानीय नेतृत्व (FGD) | समूह |
| ८ | निवृत्त शिक्षक समाज (FGD) | समूह |
| ९ | स्वतन्त्र विद्यार्थी यूनियन (FGD) | समूह |
| १० | स्थानीय तहका जनप्रतिनिधि (FGD) | समूह |
| जम्मा | | ३१० |

**३.५ तथ्याङ्क सङ्कलनका साधनहरू**

यस अध्ययनमा संरचित प्रश्नावली, खुला प्रश्नावली, अर्ध-संरचित अन्तर्वार्ता, समूह केन्द्रित छलफल (Focus Group Discussion) साथै क्याम्पसको वार्षिक प्रतिवेदन, लेखा अभिलेख र EMIs तथ्याङ्क लिइएको छ ।

**३.६ तथ्याङ्क सङ्कलनका विधि र प्रक्रिया**

परिमाणात्मक तथ्याङ्कको लागि विद्यार्थीहरूको दृष्टिकोण बुझ्न Likert Scale मा आधारित संरचित प्रश्नावली तयार गरी वितरण गरियो । स्केलमा १ = पूर्ण असहमत, २ = असहमत, ३ = तटस्थ, ४

= सहमत, ५ = पूर्ण सहमत राखिएको थियो । प्रश्नावलीमार्फत क्याम्पसको शैक्षिक पक्ष, आर्थिक पक्ष, व्यवस्थापकीय पक्ष तथा विद्यार्थी भर्ना र कक्षा छाड्ने अवस्थासम्बन्धी सूचना सङ्कलन गरिएको छ ।

गुणात्मक तथ्याङ्क सङ्कलनका लागि समूह केन्द्रित छलफल विधि अपनाइएको छ । यस अन्तर्गत स्थानीय राजनीतिक दलका प्रतिनिधि, अभिभावक, भिमाद नगरपालिकाका जनप्रतिनिधि, स्वतन्त्र विद्यार्थी युनियन, पूर्व विद्यार्थी संघ र भिमाद नगरपालिकाका निवृत्त शिक्षक समाजसँग विस्तृत छलफल गरियो । नगरपालिकाको सभा हल र क्याम्पसको सभाहलमा समूह केन्द्रित छलफल सञ्चालन गरी तथ्याङ्क सङ्कलन गरिएको छ ।

**३.८ वैधता र विश्वसनीयता**

यस अध्ययनको वैधता सुनिश्चित गर्न प्रश्नावली र समूह छलफल विधिकालागि विशेषज्ञबाट परामर्श गरी परिमार्जन प्रश्नावली तयार गरिएको छ । विषयगत वैधता (Content Validity) कायम गर्न अनुसन्धान उद्देश्यसँग मिल्ने सूचकहरू प्रयोग गरिएको छ । विश्वसनीयता (Reliability) सुनिश्चित गर्न नमुना परीक्षण (Pilot Testing) गरी प्रश्नहरूको स्पष्टता र स्थायित्व परीक्षण गरिएको छ ।

**३.९ तथ्याङ्क विश्लेषण**

संख्यात्मक तथ्याङ्कको लागि प्रतिशत, औसत, तालिका र रेखाचित्र प्रयोग गरी विश्लेषण गरिएको छ । गुणात्मक तथ्याङ्कलाई सैद्धान्तिक तथा विषयगत विश्लेषण (Thematic Analysis) विधिमार्फत व्याख्या गरिएको छ । परिमाणात्मक र गुणात्मक नतिजालाई आपसमा तुलना गरी समग्र निष्कर्ष निकालिएको छ ।

# अध्याय चार : तथ्याङ्कको विश्लेषण र व्याख्या

यस अध्यायमा क्याम्पसको शैक्षिक अवस्था, आर्थिक पक्ष, व्यवस्थापकीय पक्ष तथा विद्यार्थी भर्नादर घट्नु र कक्षा छाड्ने दर बढ्नुका कारणहरू पहिचान गर्न क्याम्पसका प्रतिवेदनहरुको अध्ययन, विद्यार्थीहरु तथा क्याम्पस सभासद् र समुदायबाट लिइएको जानकारी र सरोकारवालाहरुसँग गरिएको समूह केन्द्रित छलफल (Focus Group Discussion – FGD) बाट प्राप्त सूचनाको गहन विश्लेषण प्रस्तुत गरिएको छ ।

## ४.१ वर्तमान विद्यार्थी विवरण

क्याम्पसले आफ्नो सेवा क्षेत्रका विद्यार्थीहरूको शैक्षिक विकास, सिकाइ गुणस्तर र भविष्य निर्माणको अपेक्षालाई पूरा गर्न निरन्तर प्रयास गर्दै आएको छ । शैक्षिक वर्ष २०८२/०८३ मा क्याम्पसमा रहेको विद्यार्थी विवरणलाई निम्नानुसार उल्लेख गरिएको छ :

**तालिका नं. ४.१**

*विद्यार्थीको विवरण शैक्षिक वर्ष २०८२/०८३*

| संकाय | प्रथम | दोस्रो | दोस्रो | तेस्रो | चौथो | कुल जम्मा |
|---|---|---|---|---|---|---|
| B.Ed. | ३९ | ३१ | १६ | १७ | १४ | ११७ |
| BBS | ४६ | ३३ | ३० | १६ | १८ | १४३ |
| Total | ८५ | ६४ | ४६ | ३५ | ३२ | २६० |

स्रोत: भर्ना अभिलेख, २०८२ माघ २८ ।

## ४.२ विद्यार्थी विवरण २०७८/०७९ देखि २०८१/०८२ सम्म

शैक्षिक वर्ष **२०७८/०७९ देखि २०८१/०८२ सम्म** क्याम्पसमा रहेको विद्यार्थी विवरणलाई निम्नानुसार उल्लेख गरिएको छ :

**तालिका नं. ४.२**

*विद्यार्थी विवरण २०७८/०७९ देखि २०८१/०८२ सम्म*

| | वर्ष | | | प्रथम | दोस्रो | तेस्रो | चौथो | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| वि.एड् | २०७८/०७९ | अन्य | पुरुष | १ | २ | २ | | ५ |
| | | | महिला | ५ | १७ | ७ | २ | २५ |
| | | आदिवासी जनजाति | पुरुष | १ | ७ | | | ५ |
| | | | महिला | १८ | २० | १३ | १२ | ७१ |
| | | दलित | पुरुष | १ | १ | २ | १ | ५ |
| | | | महिला | ९ | ६ | ९ | | २७ |
| | | जम्मा | | ३३ | ५२ | ३३ | १८ | १३८ |
| | २०७९/०८० | अन्य | पुरुष | ४ | | २ | २ | ८ |
| | | | महिला | ९ | ३ | ५ | ४ | २१ |
| | | आदिवासी जनजाति | पुरुष | ५ | | २ | | १० |
| | | | महिला | १८ | १२ | १७ | १२ | ५६ |
| | | दलित | पुरुष | ४ | | | १ | ६ |
| | | | महिला | ९ | ७ | ४ | ६ | २४ |
| | | जम्मा | | ४८ | २२ | ३० | २५ | १२५ |

१४

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | २०८०/०८१ | अन्य | पुरुष | | १ | | २ | ३ |
| | | | महिला | १ | ६ | २ | ३ | १२ |
| | | आदिवासी जनजाति | पुरुष | १ | | | २ | ३ |
| | | | महिला | ९ | ११ | ८ | १४ | ४२ |
| | | दलित | पुरुष | | १ | | | १ |
| | | | महिला | ८ | ७ | ६ | ३ | २४ |
| | | जम्मा | | १९ | २६ | १६ | २४ | ८५ |
| | २०८१/०८२ | अन्य | पुरुष | १ | | | | १ |
| | | | महिला | ८ | १ | ५ | २ | १६ |
| | | आदिवासी जनजाति | पुरुष | | १ | | | १ |
| | | | महिला | ११ | ९ | ८ | ८ | ३६ |
| | | दलित | पुरुष | | | १ | | १ |
| | | | महिला | ११ | ५ | ५ | ४ | २५ |
| | | जम्मा | | ३१ | १६ | १९ | १४ | ८० |
| विविएस | २०७८/०७९ | अन्य | पुरुष | ७ | ३ | ८ | ३ | २१ |
| | | | महिला | १० | ११ | ४ | | २५ |
| | | आदिवासी जनजाति | पुरुष | ११ | ३ | ७ | ३ | २४ |
| | | | महिला | ३० | २७ | २० | १२ | ८९ |
| | | दलित | पुरुष | | १ | ३ | ४ | ८ |
| | | | महिला | ४ | ५ | ३ | ४ | १६ |
| | | जम्मा | | ६२ | ५० | ४५ | २६ | १८३ |
| | २०७९/०८० | अन्य | पुरुष | ४ | ५ | २ | ५ | १६ |
| | | | महिला | ६ | ७ | ९ | २ | २४ |
| | | आदिवासी जनजाति | पुरुष | १२ | ६ | १ | ३ | २२ |
| | | | महिला | १५ | २० | १८ | १६ | ६९ |
| | | दलित | पुरुष | | | | २ | ३ |
| | | | महिला | ३ | ४ | २ | २ | १० |
| | | जम्मा | | ४० | ४२ | ३२ | ३० | १४४ |
| | २०८०/०८१ | अन्य | पुरुष | ७ | १ | ४ | २ | १४ |
| | | | महिला | ७ | ४ | ४ | ६ | २१ |
| | | आदिवासी जनजाति | पुरुष | ३ | ७ | ३ | १ | १४ |
| | | | महिला | १४ | १२ | १२ | ९ | ४७ |
| | | दलित | पुरुष | २ | | | | २ |
| | | | महिला | ४ | १ | २ | १ | ८ |
| | | जम्मा | | ३७ | २५ | २५ | १९ | १०६ |
| | २०८१/०८२ | अन्य | पुरुष | २ | ७ | | | ९ |
| | | | महिला | ७ | ६ | २ | २ | १७ |
| | | आदिवासी जनजाति | पुरुष | ४ | १ | ५ | | १० |
| | | | महिला | १५ | १२ | ९ | ११ | ४७ |
| | | दलित | पुरुष | ४ | | | २ | ६ |
| | | | महिला | १ | ४ | | ३ | ८ |
| | | जम्मा | | ३३ | ३० | १६ | १८ | ९७ |

स्रोत: भर्ना अभिलेख *२०७८/०७९ देखि २०८१/०८२*

**रेखाचित्र नं. ४.१**

*शिक्षाशास्त्र संकायमा विद्यार्थी विवरण २०७८/०७९ देखि २०८१/०८२ सम्म*




रेखाचित्र नं.४.१ मा शैक्षिक वर्ष २०७८/७९ देखि २०८१/८२ सम्म शिक्षाशास्त्र संकायमा अध्ययनरत विद्यार्थीहरूको विवरणलाई वर्षगत रूपमा देखाइएको छ । यस संकायअन्तर्गत प्रथम, दोस्रो, तेस्रो र चौथौं वर्षमा विद्यार्थी भर्ना (Enrollment) दर उतार-चढावपूर्ण रहेको छ । शैक्षिक वर्ष २०७८/७९ प्रथम वर्षमा ३५ जना विद्यार्थी रहेकोमा शैक्षिक वर्ष २०७९/८० मा ४८ जना पुगेको छ । शैक्षिक वर्ष २०८०/८१ मा घटेर १९ जना पुगेको छ। शैक्षिक वर्ष २०८१/८२ मा ३१ जना पुगेको देखिन्छ । यसले भर्नादरमा अस्थिरता देखाउँछ । दोस्रोमा शैक्षिक वर्ष २०७८/७९ मा ५२ जना रहेको शैक्षिक वर्ष २०७९/८० मा घटेर २२ जना पुगेको छ । शैक्षिक वर्ष २०८०/८१ मा केही सुधार भई २६ जना भए पनि शैक्षिक वर्ष २०८१/८२ मा घटेर १६ जना पुगेको छ। यसले शिक्षाशास्त्र संकायमा विद्यार्थी भर्नादर निरन्तर घट्दो क्रममा रहेको संकेत गर्छ। शैक्षिक वर्ष २०७८/७९ तेस्रो वर्षमा १६ जना रहेकोमा शैक्षिक वर्ष २०७९/८० मा ३० जना पुगेको छ । शैक्षिक वर्ष २०८०/८१ मा घटेर १६ मा पुगेको छ। शैक्षिक वर्ष २०८१/८२ मा १९ जना पुगेको छ। शैक्षिक वर्ष २०७८/७९ चौथौं वर्षमा १८ जना विद्यार्थी रहेकोमा शैक्षिक वर्ष २०७९/८० मा २५ जना पुगेको छ । शैक्षिक वर्ष २०८०/८१ म घटेर २४ जना पुगेको छ भने शैक्षिक वर्ष २०८१/८२ मा १४ जना पुगेको देखिन्छ ।

**रेखाचित्र नं. ४.२**

*व्यवस्थापन संकायमा विद्यार्थी विवरण २०७८/०७९ देखि २०८१/०८२ सम्म*




रेखाचित्र नं. ४.२ मा शैक्षिक वर्ष २०७८/७९ देखि २०८१/८२ सम्मको व्यवस्थापन सङकायमा अध्ययनरत विद्यार्थीहरूको विवरणलाई वर्षगत रूपमा स्पष्ट देखाइएको छ । यस संकाय अन्तर्गत प्रथम, दोस्रो, तेस्रो र चौथौं वर्षमा विद्यार्थी भर्ना (Enrollment) दर घट्दो क्रममा रहेको छ । प्रथम वर्षमा विद्यार्थी सङ्ख्या शैक्षिक वर्ष २०७८/७९ मा ६२ जना रहेकोमा शैक्षिक वर्ष २०७९/८० मा ४० जना, २०८०/८१ मा ३७ जना र २०८१/८२ मा ३३ जना मा झरेको छ । यसले भर्ना दर वर्षैपिच्छे कमजोर बन्दै गएको संकेत गर्दछ । दोस्रो वर्षमा पनि विद्यार्थी सङ्ख्या शैक्षिक वर्ष २०७८/७९ मा ५० जना रहेकोमा शैक्षिक वर्ष २०७९/८० मा ४२ जना, २०८०/८१ मा २५ जना र २०८१/८२ मा ३० जना मा झरेको छ । यसैगरी तेस्रो वर्षमा विद्यार्थी सङ्ख्या शैक्षिक वर्ष २०७८/७९ मा ४५ जना रहेकोमा शैक्षिक वर्ष २०७९/८० मा ३२ जना, २०८०/८१ मा २५ जना र २०८१/८२ मा १६ जना मा झरेको छ । यसले हरेक वर्ष भर्ना दर कमजोर बन्दै गएको संकेत गर्दछ । तेस्रो वर्षमा सबैभन्दा कम देखिएको छ । चौथो वर्षमा शैक्षिक वर्ष २०७८/७९ मा २६ जना रहेकोमा शैक्षिक वर्ष २०७९/८० मा ३० जना, २०८०/८१ मा १८ जना र २०८१/८२ मा १८ जनामा झरेको छ ।

**रेखाचित्र नं. ४.३**

*विद्यार्थी विवरण २०७८/०७९ देखि २०८१/०८२ सम्म*




रेखाचित्र नं. ४.३ मा शैक्षिक वर्ष २०७८/७९ देखि २०८१/८२ सम्म यस क्याम्पसमा अध्ययनरत सम्पूर्ण विद्यार्थीहरूको विवरणलाई वर्षगत रूपमा देखाइएको छ। रेखाचित्रमा शैक्षिक वर्ष २०७८/७९ देखि २०८१/८२ सम्म व्यवस्थापन र शिक्षाशास्त्र दुवै संकायमा अध्ययन गर्ने कुल विद्यार्थी सङ्ख्या वर्षेनी घट्दो क्रममा रहेको देखिन्छ। रेखाचित्रमा शैक्षिक वर्ष २०७८/७९ मा शिक्षाशास्त्र संकायतर्फ १३८जना र व्यवस्थापन संकायमा १८३जना विद्यार्थी रहेकोमा शैक्षिक वर्ष २०७९/८० मा दुबैतर्फ विद्यार्थी संख्या क्रमशः १२५ जना र १४४ जना मा झरेका छन् । शैक्षिक वर्ष २०८०/८१ मा यो कमी झनै बढेको देखिन्छ, जहाँ शिक्षाशास्त्रमा ८५ जना र मा व्यवस्थापन १०६ जना विद्यार्थी रहेका छन् । अन्तिम वर्ष २०८१/८२ मा सङ्ख्या अझै घटेर शिक्षाशास्त्रमा ८० जना र व्यवस्थापन मा ९७ जना मा पुगेको छ । अध्ययनको अवधि भित्र दुवै संकायमा विद्यार्थीसंख्या लगातार घट्दै गएको छ भने शैक्षिक वर्ष २०७९/८० पछि तीव्र गिरावट देखिएको छ । यसरी क्याम्पसमा देखिएको विद्यार्थी भर्नादर घट्ने प्रवृत्तिले भविष्यका लागि सुधारात्मक रणनीति आवश्यक भएको देखाउँछ ।

## ४.३ शैक्षिक नतिजा

कुनैपनि शैक्षिक संस्थाको गुणस्तरको आधार भनेको नै यसको शैक्षिक नतिजा हो । क्याम्पसको गुणस्तर, प्रभावकारिता र समाजप्रतिको जिम्मेवारी यही परिणामबाट मापन गरिन्छ। नतिजाले संस्थाको शिक्षण प्रक्रिया ठिक छ भन्ने सन्देश दिन्छ। जसले अभिभावक, विद्यार्थी र समुदायमा विश्वास निर्माण गर्दछ । उच्च शैक्षिक नतिजा प्राप्त गर्न शिक्षकको दक्षता, सिकाइ वातावरण, शैक्षिक सामग्रीको उपलब्धता, विद्यार्थीको सक्रिय सहभागिता र संस्थाको व्यवस्थापन सबैले महत्वपूर्ण भूमिका खेल्दछ । जब नतिजा सकारात्मक देखिन्छ, आकर्षक र भरोसा योग्य बन्छ तब त्यसको प्रत्यक्ष प्रभाव विद्यार्थी भर्नादर, संस्थागत स्थायित्व र दीर्घकालीन विकासमा पर्छ । शैक्षिक वर्ष २०७३ देखि २०७७ सम्मको विद्यार्थीहरूको भर्नादर, अध्ययन बीचमै छोड्ने दर तथा वार्षिक नतिजाबाट प्राप्त सफलताको

तुलनात्मक मूल्याङ्कन गरी संस्थाको शैक्षिक गुणस्तर, कार्यक्रमको प्रभावकारिता र सुधार आवश्यक हुने क्षेत्रहरू पहिचान गर्ने प्रयास गरिन्छ ।

**तालिका नं. ४.३**

*भर्नादर, अध्ययन ,निरन्तरता र उत्तीर्णदरको अवस्था*

| शैक्षिक वर्ष | प्रथम बर्षमा भर्ना | | | चौथौं बर्ष परीक्षामा सम्मिलित | | | नियमित उत्तिर्ण | | | भर्नाका आधारमा उत्तिर्ण प्रतिशत | | | चौथौ बर्षका आधारमा उत्तिर्ण प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | बिबिएस | बिएड | जम्मा | बिबिएस | बिएड | जम्मा | बिबिएस | बिएड | जम्मा | बिबिएस | बिएड | जम्मा | बिबिएस | बिएड | जम्मा |
| २०७३ | ६२ | ४५ | १०७ | २२ | १९ | ४१ | ६ | २ | ८ | ९.६८% | ४.४४% | ७.४८% | २७.२७% | १०.५३% | १९.५१ |
| २०७४ | ५७ | २२ | ७९ | ३२ | ११ | ४३ | १२ | ० | १२ | २१.०५% | ०.००% | १५.१९% | ३७.५०% | ०.००% | २७.९१ |
| २०७५ | ४९ | २७ | ७६ | २६ | १७ | ४३ | १३ | १ | १४ | २६.५३% | ३.७०% | १८.४२% | ५०.००% | ५.८८% | ३२.५६ |
| २०७६ | ७७ | ५६ | १३३ | १९ | २४ | ४३ | १० | १० | २० | १२.९९% | १७.८६% | १५.०४% | ५२.६३% | ४१.६७% | ४६.५१ |
| २०७७ | ७४ | ७२ | १४६ | १९ | २४ | ४३ | ९ | ९ | १८ | १२.१६% | १२.५०% | १२.३३% | ४७.३७% | ३७.५०% | ४१.८६ |
| **कुल** | ३१९ | २२२ | ५४१ | ११८ | ९५ | २१३ | ५० | २२ | ७२ | १५.६७% | ९.९१% | १३.३१% | ४२.३७% | २३.१६% | ३३.८० |

तालिका नं. ४.३ मा विविएस र बिएड कार्यक्रमका विद्यार्थीहरूको शैक्षिक वर्ष २०७३ देखि २०७७ सम्मको भर्ना, अध्ययन निरन्तरता, र उत्तीर्ण अवस्थाको तुलनात्मक विश्लेषण गरिएको छ । शैक्षिक वर्ष २०७३ मा विविएसमा ६२ जना र बि.एड् मा ४५ जना गरी जम्मा १०७ जना विद्यार्थी भर्ना भएका थिएभने चौथो वर्षसम्म निरन्तर अध्ययन गर्नेहरूमा विविएसतर्फ २२ जना र बिएडतर्फ १९ जना गरी जम्मा ४१ जना थिए । नियमित रूपमा उत्तीर्ण हुने विद्यार्थी विविएसमा ६ जना र बि.एड् मा २ जना मात्र रहेको देखिन्छ । भर्नाका आधारमा उत्तीर्ण दर विविएसमा ९.६८ % र बि.एड् मा ४.४% र समग्रमा ७.४६ रहेको छ । चौथोवर्षका आधारमा उत्तीर्ण दर विविएसमा २७.२७ % र बि .एड् मा १०.५२% र समग्रमा १९.५१ रहेको छ। यसैगरी शैक्षिक वर्ष २०७४ मा विविएसमा ५७ जना र बि.एड् मा २२ जना गरी जम्मा ७९ जना विद्यार्थी भर्ना भएका छन् भने चौथो वर्षसम्म निरन्तर अध्ययन गर्नेहरूमा विविएस ३२ जना र बि.एड् ११ जना गरी जम्मा ३१ जना रहेका छन् । यस वर्ष नियमित उत्तीर्ण हुने विद्यार्थी विविएसतर्फ १२ जना र बि.एड्तर्फ शुन्य रहेको छ । भर्नाका आधारमा उत्तीर्ण दर विविएसमा २१.०५ % र बि.एड् मा शुन्य % र समग्रमा १५ % रहेको छ भने चौथोवर्षका आधारमा उत्तीर्ण दर विविएसमा ३७.५० % र बि.एड् मा शुन्य % र समग्रमा २७.९१ % रहेको छ । शैक्षिक वर्ष २०७५ मा विविएसमा ४९ जना र बि.एड् मा २७ जना गरी जम्मा ७६ जना विद्यार्थी भर्ना भएका थिए । चौथो वर्षसम्म निरन्तर अध्ययन गर्नेहरू विविएस मा २६ जना र बि.एड् मा १७ जना गरी जम्मा ४३ जना थिए । जसमध्ये विविएसतर्फ भर्ना भएका आधारमा २६.५३% र बि.एड् मा ३.७०% र समग्र १८.४२% विद्यार्थी नियमित रूपमा उत्तीर्ण भएका छन् । चौथोवर्षका आधारमा उत्तीर्ण दर विविएस मा ५० % र बि.एड् मा ५.८८ % र समग्रमा ३२.५६ % रहेको छ ।

शैक्षिक वर्ष २०७६ मा विविएसमा ७७ जना र बि.एड् मा ५६ जना गरी जम्मा १३३ जना विद्यार्थी भर्ना भएका थिए भने चौथो वर्षसम्म निरन्तर अध्ययन गर्ने विद्यार्थी विविएसमा १९ जना र बि.एड् मा २४ जना गरी जम्मा ४३ जना रहेका छन् । नियमित उत्तीर्ण हुने विद्यार्थी दुवै संकायमा समान १०-१० जना रहेका छन् । यस वर्ष विविएसको भर्नाका आधारमा उत्तीर्ण दर १२.९९% र बि.एड् को १७.८५% रहेको छ भने चौथो वर्षका आधारमा हेर्दा विविएसमा ५२.६३ % र बि.एड् मा ४१. ६७% विद्यार्थी उत्तीर्ण भएका छन् भने समग्रमा ४६.५ % नतिजा रहेको छ ।

शैक्षिक वर्ष २०७७ मा विविएसमा ७४ जना र बिएडमा ७२ जना गरी जम्मा १४६ जना विद्यार्थी भर्ना भएका थिए जुन पाँच वर्षकै अवधिमा सबैभन्दा बढी हो । चौथो वर्षसम्म निरन्तरता दिने विद्यार्थीहरुमा विविएसतर्फ १७ र जना बि.एड् तर्फ २४ जना गरी जम्मा ४३ जना रहेका छन् । तीमध्ये विविएसका ९ जना र बिएडका ९ जना विद्यार्थी नियमित उत्तीर्ण भएका छन् । यस वर्ष विविएसको भर्नाका आधारमा उत्तीर्ण दर १२.१६% र बि.एड् को १२.५० % रहेको छ । चौथो वर्षका आधारमा विविएसको उत्तीर्ण दर ४२.३७% रहदा बि.एड् को दर २३.१६% पुगेको छ । पाँच वर्षमा विविएसमा जम्मा ३१९ विद्यार्थी भर्ना भएका र बि.एड् मा २२२ जना भर्ना भएका छन् भने कुल ५४१ जना विद्यार्थी भर्ना भएका मध्ये चौथो वर्षसम्म अध्ययनलाई निरन्तरता दिने विद्यार्थीहरू ११८जना विविएस र ९५ बिएड गरी जम्मा २१३ जना रहेका छन् । नियमित रूपमा उत्तीर्ण हुने विद्यार्थी विविएसमा ५० जना र बि.एड् मा २२ जना गरी जम्मा ७२ जना रहेका छन् । यसका आधारमा पाँच वर्षको औसत भर्नाका आधारमा उत्तीर्ण दर विविएसमा १५.६७% र बिएडमा ९.९१% रहँदै समग्र रूपमा १३.३१% रहेको पाइन्छ । चौथो वर्षका आधारमा उत्तीर्ण दर विविएसमा ४२.३७ र बि.एड् मा २३.१६ र समग्रमा ३३.६ % रहेको छ ।

**रेखाचित्र नं. ४.४**

*नयाँ विद्यार्थी भर्नाको अवस्था*




रेखाचित्र नं. ४.४ मा शैक्षिक वर्ष २०७८/७९ देखि २०८१/८२ सम्मको नयाँ भर्नादर वर्षगत रूपमा देखाइएको छ । प्रारम्भिक वर्षहरूमा विविएस र बि.एड् दुवै सङकायमा भर्नादर घट्दो क्रममा रहेको छ । तर २०७६ र २०७७ मा दुवैतर्फ भर्नादर बढेको देखिन्छ ।

**रेखाचित्र नं. ४.५**

*चौथौ वर्षमा परीक्षामा समावेश भएका विद्यार्थीहरुको अवस्था*




रेखाचित्र न. ४.५ मा बिबिएस र वि.एड.दुवै संकायमा शैक्षिक वर्ष २०७३ देखि २०७७ सम्म चौथो वर्षको परीक्षामा सहभागी विद्यार्थीहरूको संख्यात्मक अवस्थालाई देखाइएको छ । यस रेखाचित्रले बिबिएस मा विद्यार्थी सख्या क्रमश घटेको संकेत गर्दछ भने वि.एड.तर्फ सुधारको संकेत गर्दछ ।

**रेखाचित्र नं. ४.६**

*नियमित उत्तीर्ण विद्यार्थीहरुको अवस्था*




रेखाचित्र नं. ४.६ मा शैक्षिक वर्ष २०७३ देखि २०७७ सम्म पाँच वर्षको अवधिमा विद्यार्थीहरूको नियमित उत्तीर्ण दरलाई वार्षिक रूपमा देखाइएको छ । रेखाचित्र हेर्दा विविएसको उत्तीर्ण संख्या २०७३ देखि २०७५ सम्म बढ्दो क्रममा देखिन्छ भने २०७६ र २०७७ मा थोरै घटी स्थिर रहेको देखिन्छ । बि.एड. तर्फ २०७३-२०७५ मा विद्यार्थी उत्तीर्ण सङख्या न्यून रहेको भए पनि २०७६ र २०७७ मा एकै स्तरमा (१० र ९) स्थिर देखिन्छ। समग्रमा दुवै सङकायको उत्तीर्ण दरमा उतार-चढाव देखिन्छ ।

**रेनाचित्र नं. ४.७**

*नयाँ विद्यार्थी भर्ना, चौथोवर्षको परीक्षामा सहभागी र उत्तीर्णदरको  अवस्था*




रेखाचित्र नं.४.७ मा शैक्षिक वर्ष २०७३ देखि २०७७ सम्म पाँच वर्षको अवधिमा विद्यार्थीहरूको प्रथम वर्षमा भर्ना, चौथो वर्षको परीक्षामा सहभागिता र नियमित उत्तीर्ण दरलाई वर्षगत रूपमा देखाइएको छ। प्रथम वर्षको भर्ना सङ्ख्यामा उतार-चढावसहित बढ्दो क्रममा रहेको देखाउँछ भने शैक्षिक वर्ष २०७६ र २०७७ को भर्नादरमा उल्लेखनीय  वृद्धि भएको छ। चौथो वर्षको परीक्षामा सहभागी सङ्ख्या भने पाँचै वर्षभरि ४१-४३ को दायराभित्र स्थिर छ। नियमित उत्तीर्ण सङ्ख्या क्रमश: बढ्दै २०७६ मा उच्चतम पुगेको र २०७७ मा  घटेर पनि उच्च स्तरमै रहेको देखिन्छ। भर्नादर बढ्दै गए पनि परीक्षामा सहभागिता स्थिर र उत्तीर्ण सङ्ख्या बिस्तारै बढ्दै गएको छ।

## ४.४ क्याम्पसको आम्दानी खर्चको विश्लेषण

**तालिका नं. ४.४**

*आय व्यय विवरण २०७७/०७८ देखि २०८१/०८२ सम्म*

| | २०७७/०७८ | | २०७८/०७९ | | २०७९/०८० | | २०८०/०८१ | | २०८१/०८२ | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| विवरण | रकम | % | रकम | % | रकम | % | रकम | % | रकम | % |
| विद्यार्थी शुल्कबाट प्राप्त | ४,०४५,२६५.०० | ५९.७१% | ७,६४७,४५०.०० | ७३.४९% | ६,५५०,९४०.०० | ६०.१५% | ५,१२५,९२१.०० | ६१.१४% | ७,२२४,२३०.०० | ६६.८५% |
| अनुदान तथा सहयोग प्राप्त | १,८१५,९३२.०० | २६.८०% | १,७६९,४०५.०० | १७.००% | ७२२,९५९.०० | ६.६४% | ४३५,४८६.०० | ५.१९% | ४२९,७५२.०० | ३.९८% |
| व्याज प्राप्त | ६१३,७९२.३४ | ९.०६% | ६४५,३२१.४६ | ६.२०% | २,६६०,६९९.०० | २४.४३% | १,७४२,०२५.०० | २०.७८% | २,०६३,६००.०० | १९.१०% |
| क्याम्पसको आन्तरिक स्रोतबाट प्राप्त आम्दानी | २९९,९६५.०० | ४.४३% | ३४४,२४१.०० | ३.३१% | ९५६,७०९.१५ | ८.७८% | १,०८०,९१७.०६ | १२.८९% | १,०८८,२४६.४१ | १०.०७% |
| **कुल आम्दानी** | **६,७७४,९५४.३४** | **१००%** | **१०,४०६,४१७.४६** | **१००%** | **१०,८९१,३०७.१५** | **१००%** | **८,३८४,३४९.०६** | **१००%** | **१०,८०५,८२८.४१** | **१००%** |
| तलव, भत्ता खर्च | ५,८८२,९९०.८४ | ७५.५४% | ६,२७३,९४७.८४ | ७७.०७% | ७,२३१,८०३.०२ | ७५.२२% | ७,५६९,५७१.३१ | ८२.२२% | ७,८५३,८०७.६० | ७७.५०% |
| अन्य खर्च | १,९०५,१६५.०० | २४.४६% | १,८६६,८६८.०० | २२.९३% | २,३८२,८०८.०० | २४.७८% | १,६३६,५३०.०० | १७.७८% | २,२७९,८४६.५५ | २२.५०% |
| **कुल खर्च** | **७,७८८,१५५.८४** | **१००%** | **८,१४०,८१५.८४** | **१००%** | **९,६१४,६११.०२** | **१००%** | **९,२०६,१०१.३१** | **१००%** | **१०,१३३,६५४.१५** | **१००%** |
| सम्चालन नाफा | (१,०१३,२०१.५०) | | २,२६५,६०१.६२ | | १,२७६,६९६.१३ | | (८२१,७५२.२५) | | ६७२,१७४.२६ | |
| स्थिर सम्पत्ति ह्रास कट्टी | १,३४४,१७८।१९ | | १,३१६,६७९.६१ | | १,४८१,४०३.५६ | | २,०९८,०१५.३० | | १,९६६,९४०.५७ | |
| आम्दानी भन्दा खर्च वढी | (२,३५७,३७९.६९) | | ९४८,९२२.०१ | | (२०४,७०७.४३) | | (२,९१९,७६७.५५) | | (१,२९४,७६६.३१) | |

नोट: लेखा परीक्षण प्रतिवेदन २०७७/०७८ देखि २०८१/०८२

तालिका नं.४.४ अनुसार २०७७/०७८ मा विद्यार्थी शुल्कको हिस्सा कुल आम्दानीको ५९.७१ प्रतिशत, अनुदान तथा सहयोग २६.८० प्रतिशत, ब्याज आम्दानी ९.०६ प्रतिशत र आन्तरिक स्रोत ४.४३ प्रतिशत थियो। २०७८/०७९ मा विद्यार्थी शुल्कबाट प्राप्त आम्दानी वृद्धि भई ७३.४९ प्रतिशत पुगेको छ, जब कि अनुदान तथा सहयोग १७ प्रतिशतमा झरेको र ब्याज आम्दानी ६.२० प्रतिशतमा सीमित भएको पाइन्छ। २०७९/०८० मा विद्यार्थी शुल्कको हिस्सा घटेर ६०.१५ प्रतिशतमा पुगेको छ, तर ब्याज आम्दानी २४.४३ प्रतिशत बढेको छ। अनुदान तथा सहयोग ६.६४ प्रतिशतमा झरेको छ।

२०८०/०८१ मा विद्यार्थी शुल्क ६१.१४ प्रतिशत, याज आम्दानी २०.७८ प्रतिशत, अनुदान तथा सहयोग ५.१९ प्रतिशत र आन्तरिक स्रोत १२.८९ प्रतिशत रहेको छ । २०८१/०८२ मा विद्यार्थी शुल्कको हिस्सा पुन: वृद्धि भई ६६.८५ प्रतिशत पुगेको छ । ब्याज आम्दानी १९.१० प्रतिशत,अनुदान तथा सहयोग ३.९८ प्रतिशत र आन्तरिक स्रोत १०.०७ प्रतिशत रहेको पाइन्छ । अध्ययनको अवधिमा विद्यार्थी शुल्क नै क्याम्पसको प्रमुख आम्दानी स्रोतको रुपमा रहेको छ, जसको औसत योगदान करिब ६५ प्रतिशत रहेको देखिन्छ ।

२०७७/०७८ मा तलब तथा भत्ता कुल खर्चको ७५.५४ प्रतिशत, २०७८/०७९ मा ७७.०७ प्रतिशत, २०७९/०८० मा ७५.२२ प्रतिशत, २०८०/०८१ मा ८२.२२ प्रतिशत र २०८१/०८२ मा ७७.५० प्रतिशत रहेको छ । यसले क्याम्पसको ठूलो खर्च कर्मचारीको पारिश्रमिकमा हुने गरेको देखाउँछ । अन्य खर्च औसतमा २० देखि २५ प्रतिशतको दायरामा रहँदै आएको छ । जसमा शैक्षिक सामग्री, प्रशासनिक कार्य, मर्मत-सम्भार र अन्य सञ्चालनगत खर्च समावेश छन् । २०७७/०७८ र २०८०/०८१ मा क्रमश: रू १,०१३,२०१.५० र रू ८२१,७५२.२५ रुपैयाँ अपुग देखिएको छ, जब कि २०७८/०७९ र २०७९/०८० मा क्रमश: रू २,२६५,६०१.६२ र रू १,२७६,६९६.१३ रुपैयाँ नाफा भएको छ । २०८१/०८२ मा पनि क्याम्पसले ६७२,१७४.२६ रुपैयाँ वचत गरेको छ, जुन वित्तीय सुधारको सकारात्मक संकेत हो । स्थिर सम्पत्तिको ह्रास (Depreciation) वर्षैपिच्छे बढ्दो क्रममा रहेकाले भौतिक संरचना विस्तार वा पूर्वाधार निर्माणमा प्रयोग दर बढेको बुझिन्छ । २०७७/०७८ मा विद्यार्थी शुल्क कुल आम्दानीको ५९.७१ प्रतिशत रहँदा तलब-भत्ता कुल खर्चको ७५.५४ प्रतिशत थियो, जहाँ शुल्क आम्दानीले कर्मचारी खर्च पुरै धान्न नसकेको जनाउँछ । २०७८/०७९ मा शुल्क आम्दानी ७३.४९ प्रतिशत पुगेको र तलब-भत्ता ७७.०७ प्रतिशत रहेको पाइन्छ, जसले सो वर्षमा शुल्क आम्दानीले खर्च लगभग सन्तुलित रूपमा पूरा गरेको संकेत गर्छ । तर २०७९/०८० र २०८०/०८१ मा शुल्क घट्दा र तलब-भत्ता बढ्दा वित्तीय असन्तुलन उत्पन्न भएको देखिन्छ । अन्तत: २०८१/०८२ मा शुल्क आम्दानी पुन: वृद्धि भई ६६.८५ प्रतिशत पुगेको र तलब-भत्ता ७७.५० प्रतिशत घटेको हुँदा वित्तीय सन्तुलन सुधार हुँदै गएको देखिन्छ ।

आर्थिक वर्ष २०७७/०७८ देखि २०८१/०८२ सम्मको विश्लेषणले क्याम्पसको वित्तीय संरचना विद्यार्थी शुल्कमा निर्भर देखिन्छ । तलब तथा भत्तामा हुने खर्चले दीर्घकालीन रूपमा आर्थिक दवाव सिर्जना गरेको छ । विद्यार्थी सङ्ख्या घट्दै जाँदा संस्थाको सञ्चालन क्षमतामा प्रत्यक्ष असर पर्ने सम्भावना रहन्छ । त्यसैले दीर्घकालीन वित्तीय स्थायित्वका लागि वैकल्पिक आम्दानीको स्रोत खोजी गर्ने, लागत व्यवस्थापनमा दक्षता ल्याउने र आन्तरिक आय-व्यय सन्तुलन कायम राख्ने रणनीति आवश्यक देखिन्छ । समग्रमा, क्याम्पसको आर्थिक अवस्था सीमित स्रोतमा आधारित भएको देखिन्छ ।

**रेखाचित्र नं. ४.८**

*क्याम्पसको कुल आम्दानी*




रेखाचित्र न.४.८ क्याम्पसको कुल आम्दानीमा वर्षगत उतार-चढाव रहेको देखिन्छ। २०७७/७८ देखि २०७९/८० सम्म आम्दानी क्रमशः वृद्धि हुँदै गएको छ भने २०८०/८१ मा आम्दानीमा गिरावट आएको छ। यद्यपि २०८१/८२ मा आम्दानी पुनः वृद्धि भई क्याम्पसको आयस्तर स्थिरतर्फ उन्मुख भएको संकेत गर्दछ। यसले आम्दानीका स्रोतहरू समयअनुसार परिवर्तन हुने गरेको देखाउँछ।

**रेखाचित्र नं. ४.९**

*क्याम्पसको आम्दानीका श्रोतहरु*




रेखाचित्र नं. ४.९ मा पाँच वर्षमा क्याम्पसको कुल आम्दानीमा उतार-चढाव रहेको देखिन्छ। सबै वर्षका विद्यार्थीहरुबाट प्राप्त शुल्क नै क्याम्पसको मुख्य आम्दानी स्रोत बनेको छ। अनुदान तथा सहयोग आम्दानी भने अत्यन्त अनियमित छ। ब्याज आम्दानी २०७९/८० मा उल्लेखनीय रूपमा

बढेको देखिन्छ । आन्तरिक स्रोतबाट प्राप्त आम्दानी पछिल्ला वर्षहरूमा क्रमश: वृद्धि हुँदै गएको छ । समग्रमा क्याम्पसको आय संरचना विद्यार्थी शुल्कमा निर्भर देखिनुका साथै अन्य स्रोतमा केही उतार-चढाव रहेको देखिन्छ ।

**रेखाचित्र नं. ४.१०**

*क्याम्पसको खर्चको अवस्था*




रेखाचित्र नं. ४.१० मा क्याम्पसको कुल खर्च शैक्षिक वर्षक्रमसँगै क्रमश: बढ्दै गएको देखिन्छ । २०७७/७८ मा कुल खर्च रु ७७,८८,१५५.८४ रहेकोमा २०७९/८० मा यो बढेर रु ९६,१४,६११.०२ पुगेको छ । यसले क्याम्पस सञ्चालन खर्च, जनशक्ति खर्च, सामग्री तथा अन्य प्रशासनिक खर्चमा क्रमश: वृद्धि भएको संकेत गर्छ । २०८०/८१ मा खर्च केही घटेर रु ९२,०६,१०१.३१ भए पनि २०८१/८२ मा पुन: वृद्धि भई रु १,०१,३३,६५४.१५ पुगेको छ । यसले क्याम्पसको व्यय संरचना क्रमश: बढ्दै गएको हुनाले खर्च व्यवस्थापनमा ध्यान दिनुपर्ने देखिन्छ ।

**रेखाचित्र नं. ४.११**

*सञ्चालन मुनाफाको अवस्था*




रेखाचित्र नं. ४.११ ले क्याम्पसको सञ्चालन मुनाफामा वर्ष-वर्षमा उतारचढाव रहेको देखाउँछ । शैक्षिक वर्ष २०७७/७८ मा क्याम्पस रु -१०,१३,२०१.५० घाटामा रहेकोमा शैक्षिक वर्ष २०७८/७९ मा मुनाफा वृद्धि भई रु २२,६५,६०१.६२ पुगेको छ । शैक्षिक वर्ष २०७९/८० मा पनि क्याम्पसले रु १२,७६,६९६.१३ मुनाफा कमाएको देखिन्छ तर २०८०/८१ मा मुनाफा घटेर रु ८,२१,७५२.२५ घाटा भएको छ । पछिल्लो वर्ष २०८१/८२ मा भने क्याम्पसको मुनाफा सुधारतर्फ उन्मुख भई रु ६,७२,१७४.२६ मुनाफा हासिल गरेको देखिन्छ । समग्रमा रेखाचित्रले क्याम्पसको आर्थिक व्यवस्थापन अनियमित र चुनौतीपूर्ण रहेको तर पछिल्लो वर्षमा भने सुधारतर्फ उन्मुख रहेको देखिन्छ ।

**रेखाचित्र नं. ४.१२**

*आम्दानी, खर्च र सञ्चालन मुनाफाको अवस्था*



रेखाचित्र नं. ४.१२ मा क्याम्पसको कुल आम्दानी, कुल खर्च र सञ्चालन मुनाफाको वार्षिक उतारचढाव देखाइएको छ । **२०७७/७८ मा आम्दानी खर्चभन्दा कम भएकाले क्याम्पस रु -१०,१३,२०१.५० घाटामा थियो ।** २०७८/७९ र २०७९/८० मा आम्दानी क्रमश: रु १०४.०६ लाख र रु १०८.९१ लाख पुगेर खर्चभन्दा बढी हुँदा क्याम्पसले लाभ आर्जन गरेको छ । २०८०/८१ मा आम्दानी रु ८३.८४ लाख मा झरेका कारण खर्च धान्न नसकी रु ८.२१ लाख घाटा भएको देखिन्छ । आ.व. २०८१/८२ मा आम्दानी बढेर रु १०८.०५ लाख पुग्दा खर्चभन्दा बढी भई क्याम्पसले रु ६.७२ लाख मुनाफा कमाएको देखिन्छ । क्याम्पसको कुल आम्दानी र खर्च दुवैमा उतार-चढाव देखिए पनि दीर्घकालीन रुपमा आम्दानी बढ्दो क्रममा रहेको छ। सञ्चालन मुनाफा भने वर्षअनुसार लाभ-घाटाको आवर्ती चक्र जस्तै देखिन्छ ।

## ४.५ भर्नादर र कक्षा छाड्ने दरको अवस्था

२०७० देखि २०७६ सम्म क्याम्पसमा रहेको विद्यार्थी भर्ना र कक्षा छाड्ने दरलाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका नं. ४.५**

*भर्नादर र कक्षा छाड्नेदरको अवस्था*

| शैक्षिक बर्ष | विद्यार्थी भर्ना | | | परीक्षा फाराम भर्ने | | | कक्षा छाड्ने | | | कक्षा छाड्ने दर (प्रतिशत) | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | बिबिएस | बि..एड्. | जम्मा | बिबिएस | बि.एड् | जम्मा | बिबिएस | बि.एड्. | जम्मा | बिबिएस | बि.एड् | जम्मा |
| २०७० देखि २०७३ | २९ | २० | ४९ | २१ | १४ | ३५ | ८ | ६ | १४ | २७.५९ | ३० | २८.५७ |
| २०७१ देखि २०७४ | ४४ | १६ | ६० | १९ | १४ | ३३ | २५ | २ | २७ | ५६.८२ | १२.५ | ४५ |
| २०७२ देखि २०७५ | ५६ | २० | ७६ | २४ | १२ | ३६ | ३२ | ८ | ४० | ५७.१४ | ४० | ५२.६३ |
| २०७३ देखि २०७६ | ६२ | ४५ | १०७ | २२ | १९ | ४१ | ४० | २६ | ६६ | ६४.५२ | ५७.७८ | ६१.६८ |
| २०७४ देखि २०७७ | ५७ | २२ | ७९ | ३२ | ११ | ४३ | २५ | ११ | ३६ | ४३.८६ | ५० | ४५.५७ |
| २०७५ देखि २०७८ | ४९ | २७ | ७६ | २६ | १८ | ४४ | २३ | ९ | ३२ | ४६.९४ | ३३.३३ | ४२.११ |
| २०७६ देखि २०७९ | ७७ | ५६ | १३३ | २४ | २५ | ४९ | ५३ | ३१ | ८४ | ६८.८३ | ५५.३६ | ६३.१६ |
| २०७७ देखि २०८० | ७४ | ७२ | १४६ | १९ | २४ | ४३ | ५५ | ४८ | १०३ | ७४.३२ | ६६.६७ | ७०.५५ |
| **जम्मा** | **४४८** | **२७८** | **७२६** | **१८७** | **१३७** | **३२४** | **२६१** | **१४१** | **४०२** | **५८.२६** | **५०.७२** | **५५.३७** |

तालिका नं. ४.५ अनुसार २०७० देखि २०७७ सम्म विद्यार्थी भर्ना दरमा क्रमिक वृद्धि भएको देखिन्छ । सुरुका वर्ष (२०७०-२०७३)मा जम्मा ४९ जना विद्यार्थी भर्ना भएका थिए भने अन्तिम अवधिसम्म आइपुग्दा (२०७७-२०८०) यो सङ्ख्या बढेर १४६ जना विद्यार्थी पुगेको छ । यसले कार्यक्रमप्रति विद्यार्थीको आकर्षण बढ्दै गएको संकेत गर्दछ । भर्ना सङ्ख्यामा वृद्धि भए पनि परीक्षा फाराम भर्ने तथा कक्षामा उपस्थित हुने विद्यार्थीको सङ्ख्या भने त्यसअनुसार बढेको छैन । सुरुका वर्षमा भर्ना भएका ४९ जनामध्ये ३५ जनाले मात्र परीक्षा फाराम भरेका थिए भने अन्तिम वर्षमा १४६ जना मध्ये

४३ जनाले मात्र परीक्षा फाराम भरेका छन् । यसले भर्ना धेरै भए पनि र अन्तिम परीक्षासम्म नपुग्ने प्रवृत्ति बढ्दै गएकाले विद्यार्थी सहभागिता घट्दो क्रममा रहेको देखाउँछ ।

**रेखाचित्र नं. ४.१३**

*भर्नादर र कक्षा छाड्नेदरको अवस्था*




रेखाचित्र ४.१३ ले शैक्षिक वर्ष २०७०-२०७३ देखि २०७७-२०८० सम्मको विद्यार्थी भर्ना, परीक्षा फारम भर्ने र ड्रपआउटको प्रवृत्तिलाई देखाउँछ। प्रारम्भिक वर्ष २०७०-२०७३ मा कुल भर्ना ४९ जना रहेकामा परीक्षा फारम भर्ने संख्या ३५ र ड्रपआउट १४ मात्र रहेको देखिन्छ, यसले त्यस समयमा विद्यार्थीको निरन्तरता तुलनात्मक रूपमा राम्रो रहेको संकेत गर्दछ। त्यसपछि २०७१-२०७४ र २०७२-२०७५ मा भर्ना संख्या क्रमशः ६० र ७६ मा बढे पनि ड्रपआउट संख्या पनि २४ र ४० मा उल्लेखनीय रूपमा बढेको देखिन्छ, जसले भर्नासँगै विद्यार्थी टिकाइको समस्या बढ्दै गएको अवस्थालाई जनाउँछ ।

२०७३-२०७६ मा आइपुग्दा भर्ना १०७ मा पुगेको छ, यो अघिल्ला वर्षको तुलनामा ठूलो वृद्धि हो । यससँगै ड्रपआउट संख्या पनि ६६ पुगेको देखिन्छ, जसले भर्ना वृद्धि मात्र पर्याप्त नभई गुणस्तर, शैक्षिक वातावरण र विद्यार्थी समर्थन प्रणाली कमजोर हुन सक्ने कुराको संकेत गर्दछ । २०७४-२०७७ र २०७५-२०७८ मा भने भर्ना क्रमशः ७९ र ७६ मा केही घटेको देखिए पनि परीक्षा फारम भर्ने संख्या निरन्तर बढ्दै ४३ र ४४ पुगेको छ, यसले अध्ययन निरन्तरतामा केही सुधार भएको झल्काउँछ, यद्यपि ड्रपआउट अझै पूर्ण रूपमा नियन्त्रणमा आएको छैन ।

सबैभन्दा चिन्ताजनक अवस्था २०७६-२०७९ र २०७७-२०८० मा देखिन्छ। यी बर्षहरुमा भर्ना संख्या अत्यधिक रूपमा १३३ र १४६ पुगेको र परीक्षा फारम भर्ने संख्या ४९ र ४३ मात्र रहे पनि ड्रपआउट क्रमशः ८४ र १०३ पुगेको देखिन्छ । यसले भर्ना र ड्रपआउट बीचको अन्तर अत्यन्त ठूलो भएको कुरालाई स्पष्ट गर्दछ । यस प्रकारको प्रवृत्तिले विद्यार्थी भर्ना बढ्दै गएको भए पनि उनीहरूलाई अध्ययनमा टिकाइराख्न नसकिएको, आर्थिक, शैक्षिक, पारिवारिक वा संस्थागत कारणले ड्रपआउट बढेको हुन सक्ने कुरालाई पनि संकेत गर्दछ । समग्रमा, यो रेखाचित्रले भर्ना संख्या मात्र सफलताको

सूचक होइन, बरु विद्यार्थी टिकाउ, शैक्षिक गुणस्तर र सहयोगी नीतिहरू सुदृढ नगरेसम्म ड्रपआउटको समस्या गम्भीर बन्दै जाने कुरालाई स्पष्ट पार्दछ ।

## ४.६ विद्यार्थीले बीचैमा कक्षा छाड्नुका कारणहरू

भर्ना वर्ष २०७०/२०७१ देखि २०७७/२०८० सम्ममा क्याम्पसबाट बीचैमा कक्षा छाडेका ४०२ जना विद्यार्थीहरू मध्ये ६० जना विद्यार्थीहरूलाई अध्ययनको नमुना जनसंख्याको रूपमा छनोट गरिएको थियो । बीचैमा कक्षा छाडेका विद्यार्थीहरूसँग असंरचित टेलिफोन अन्तर्वार्तामार्फत सूचना सङ्कलन गरिएको थियो । त्यस अन्तर्वार्ताबाट प्राप्त सूचनालाई विश्लेषण गर्दा विद्यार्थीले पढाइ छोड्न पर्नाका कारणहरू प्रकट गरेका छन् । जसमध्ये प्रमुख कारण विवाह र पारिवारिक जिम्मेवारीहरू थिए, जसले विद्यार्थीका नियमित कक्षाहरू जारी राख्न र शैक्षिक आवश्यकताहरू पुरा गर्ने क्षमतामा बाधा पुऱ्यायो । आर्थिक स्रोतको अभावले उनीहरूको शैक्षिक निरन्तरतामा बाधा पुऱ्यायो । यसबाहेक विदेश जाने आकांक्षा र साथीहरूको प्रभाव जस्ता बाह्य प्रभावहरूले पनि क्याम्पस छाड्ने दरमा वृद्धि गर्यो । धेरै विद्यार्थीहरूले क्याम्पसमा भर्ना भएपछि उनीहरूलाई साथीहरूले वैदेशिक रोजगारीको लागि भाषा कक्षा लिन प्रभावित गरेको उल्लेख गरे तर उनीहरु न त विदेश जान सफल भए, न त आफ्नो अध्ययन पुरा गर्न सफल भए । अर्को शैक्षिक-सम्बन्धी कारणमा विश्वविद्यालय-स्तरको पाठ्यक्रम र परीक्षा प्रणालीमा कठिनाइ थियो । विशेष गरी सरकारी विद्यालयबाट आउनेहरूका लागि जहाँ प्रश्नहरू अङ्ग्रेजी माध्यममा मात्र थिए । केहीले नयाँ सिकाइ वातावरणमा समायोजित हुन कठिन भएको बताए । क्याम्पस स्तरमा शैक्षिक प्रणाली स्कूलको तुलनामा धेरै चुनौतीपूर्ण बताए । साथै केही सहभागीहरूले क्याम्पसबाट दिइने छात्रवृत्ति र अन्य सुविधाहरू उनीहरूको निरन्तर अध्ययनलाई सहयोग गर्न अपर्याप्त रहेको औल्याएका छन् । वैवाहिक जिम्मेवारी, परिवार र पति/पत्नी सहयोगको अभाव, आर्थिक कठिनाइ, शैक्षिक चुनौतीहरू, बसाइँसराइ, सीमित छात्रवृत्ति अवसरहरू, र कमजोर विद्यार्थी-शिक्षक सम्बन्धले विद्यार्थीहरूमा कक्षा छोड्ने दर बढेको पाइयो ।

## ४.७ क्याम्पसका अल्पकालीन चुनौतीहरु

अध्ययनको क्रममा क्याम्पसमा पहिचान गरिएका अल्पकालीन चुनौतीहरूलाई तलको तालिकामा देखाइएको छ :

**तालिका नं. ४.६**

*क्याम्पसका अल्पकालीन चुनौतीहरु*

| अल्पकालीन चुनौतीहरुः | २०७७ | २०७८ | २०७९ | २०८० | २०८१ |
|---|---|---|---|---|---|
| विद्यार्थी स्थानान्तरण हुनु, | √ | √ | √ | √ | √ |
| उच्च Dropout rate, | √ | √ | √ | √ | √ |
| सिमित शैक्षिक कार्यक्रम, | | √ | √ | √ | √ |
| वार्षिक परिक्षाको नतिजा अपेक्षाकृत हुन नसक्नु, | √ | √ | √ | √ | √ |
| स्नाकोत्तर तथा अन्य सेमेस्टर कार्यक्रमहरु नहुनु, | √ | √ | √ | √ | √ |

| | | | | | |
|---|---|---|---|---|---|
| आफ्नै स्वामित्व सहितको जग्गाको लालपुर्जा नहुनु | √ | √ | √ | √ | √ |
| प्राविधिक एवम् सिपमूलक शिक्षाको अभाव, | √ | √ | √ | √ | √ |
| यथेष्ठ भौतिक सम्पन्नताको अभाव, | √ | √ | √ | √ | |
| अनुसन्धान तथा प्रकाशनको कमी हुनु, | √ | √ | √ | √ | √ |
| अन्तर्राष्ट्रिय प्राज्ञिक गतिविधिसँग सम्पर्क नहुनु, | √ | √ | √ | √ | √ |
| विद्यार्थीहरुलाई यातायातको सुविधा नहुनु, | √ | √ | √ | √ | √ |
| शिक्षकका लागि उच्च शिक्षा अध्ययन तथा पेशागत विकासमा आवश्यक सहयोग गर्न नसकिनु, | √ | √ | √ | √ | √ |
| कमजोर विद्यार्थीलाई अतिरिक्त कक्षा र परामर्शको अभाव हुनु, | √ | √ | | | |
| प्राज्ञिक गतिविधि प्रयाप्त नहुनु | √ | | √ | √ | |
| छात्रवासको अभाव | | | | √ | √ |
| विभिन्न दातृसंस्थासँग आर्थिक सहयोग प्राप्त गर्न कठिनाइ हुनु, | √ | √ | √ | √ | √ |
| वैदेशिक रोजगार प्रति आर्कषण | | | √ | √ | √ |

*स्रोत : क्याम्पसको वार्षिक प्रतिवेदन २०७७ / २०८१*

तालिका नं. ४.६ अनुसार क्याम्पसका अल्पकालीन समस्या र चुनौतीहरूको विश्लेषणले संस्थाको शैक्षिक गुणस्तर, विद्यार्थी स्थायित्व, प्रशासनिक क्षमता र दीर्घकालीन विकासमा असर देखाएको छ। अध्ययनअनुसार विद्यार्थी स्थानान्तरण, उच्च Dropout rate सम्बन्धी चुनौती, वार्षिक परीक्षा नतिजा अपेक्षित नहुनु, स्नातकोत्तर तथा अन्य सेमेस्टर कार्यक्रम नहुनु, आफ्नै स्वामित्वको जग्गा (लालपुर्जा) नहुनु, प्राविधिक तथा सीपमूलक शिक्षाको अभाव, अनुसन्धान र प्रकाशनको कमी, अन्तर्राष्ट्रिय प्राज्ञिक गतिविधिको अभाव, विद्यार्थीलाई यातायात सुविधा नहुनु, शिक्षकको पेशागत विकासमा सहयोग नहुनु, र दातृसंस्थासँग आर्थिक सहयोग प्राप्त गर्न कठिनाइ जस्ता चुनौती लगातार देखिएका छन् । यी चुनौतीहरूले विद्यार्थी संख्या स्थिर नहुनु, कक्षाको वातावरण अस्थिर हुनु, शैक्षिक गुणस्तरमा कमी, शिक्षक र विद्यार्थीको मनोबलमा असर र संस्थाको दीर्घकालीन योजना कार्यान्वयनमा अवरोध सिर्जना गरेको छ।

साथै सीमित शैक्षिक कार्यक्रम, छात्रवासको अभाव र वैदेशिक रोजगार प्रति आकर्षण जस्ता चुनौतीहरू क्रमिक रूपमा बढ्दै गएका छन् । यसले विद्यार्थीलाई पाठ्यक्रमको विकल्प कम हुनु, दीर्घकालीन स्थायित्वमा कमी र प्रतिस्पर्धात्मक शिक्षा प्राप्तिमा अवरोध ल्याएको छ। यथेष्ट भौतिक साधनको अभाव, कमजोर विद्यार्थीलाई अतिरिक्त कक्षा, परामर्शको अभाव र प्राज्ञिक गतिविधि पर्याप्त नहुनु जस्ता चुनौतीहरू देखिएका छन् । यद्यपि पछिल्ला वर्षमा सुधारको संकेत देखिएकोले आशातित उपलब्धि हासिल हुन सक्ने देखिन्छ। बारम्बार देखा पर्ने चुनौतीहरूले शैक्षिक गुणस्तर, शिक्षकको पेशागत विकास, विद्यार्थीको अध्ययन अवसर र संस्थागत वित्तीय स्थायित्वमा दीर्घकालीन असर पुर्याउँछन् । सीपमूलक शिक्षाको अभाव र अनुसन्धान र प्रकाशनको कमीले शिक्षकहरुको प्राज्ञिक

सक्रियता सीमित गरेको छ भने छात्रवास अभाव र बैदेशिक रोजगार आकर्षणले विद्यार्थी स्थायित्वमा नकारात्मक प्रभाव पार्छ ।

निरन्तर समस्या समाधानका लागि दीर्घकालीन रणनीति र नीति निर्माण आवश्यक छ । शिक्षकको पेशागत विकास र प्रशिक्षणलाई प्राथमिकता दिई शैक्षिक गुणस्तर सुधार गर्नुपर्ने देखिन्छ । छात्रवास, यातायात सुविधा र भौतिक साधनमा लगानी बढाएर विद्यार्थी स्थायित्व र पहुँच सुनिश्चित गर्नुपर्छ । सिपमूलक पाठ्यक्रम विस्तार गरी विद्यार्थीको व्यावहारिक क्षमता र रोजगार योग्यता बढाउनु आवश्यक छ । अनुसन्धान, प्रकाशन र अन्तर्राष्ट्रिय प्राज्ञिक गतिविधि सुदृढ पारेर क्याम्पसको प्रतिष्ठा र ज्ञानको स्तर बढाउनु पर्छ । अन्ततः दातृसंस्था र अन्य आर्थिक स्रोतहरूसँग सहकार्य गरी वित्तीय स्थायित्व सुनिश्चित गर्नुपर्ने देखिन्छ ।

## ४.८ क्याम्पसका दीर्घकालीन चुनौतीहरु

अध्ययनको क्रममा क्याम्पसमा पहिचान गरिएका दीर्घकालीन चुनौतीहरुलाई तलको तालिकामा देखाइएको छ :

**तालिका नं. ४.७**

*क्याम्पसका दीर्घकालीन चुनौतीहरु*

| **दीर्घकालीन चुनौतीहरु** | **२०७७** | **२०७८** | **२०७९** | **२०८०** | **२०८१** |
|---|---|---|---|---|---|
| युवाहरुको आकर्षणको केन्द्र उच्च शिक्षा भन्दा वैदेशिक रोजगारी हुनु, | √ | √ | √ | √ | √ |
| उच्च शिक्षा हाँसिल गरेका मानव स्रोतले सहज रुपमा रोजगारी प्राप्त गर्न नसक्नु, | √ | √ | √ | √ | √ |
| उच्च शिक्षा जीवनोपयोगी व्यवहारिक एवम् रोजगारमूलक बन्न नसक्नु, | √ | √ | √ | √ | √ |
| सामुदायिक क्याम्पस प्रति सरकारको स्पष्ट दृष्टिकोण नहुनु, | √ | √ | √ | √ | √ |
| नियमित आम्दानीको कमी | √ | √ | √ | √ | √ |
| विश्वविद्यालय तथा क्याम्पसहरुबाट प्राप्त ज्ञान, सीप र दक्षता जीवनोपयोगी नहुनु, | √ | √ | √ | √ | |

*स्रोत :क्याम्पसको वार्षिक प्रतिवेदन २०७७ / २०८१*

तालिका नं.४.७ अनुसार क्याम्पसका दीर्घकालीन चुनौतीहरू संरचनागत, नीतिगत, र व्यावहारिक तीनै तहमा देखिएको छ । वैदेशिक रोजगारीप्रतिको आकर्षण, स्थानीय रोजगारको कमी, व्यवहारिक शिक्षाको अभाव, सरकारी नीति अस्पष्टता, नियामक संस्थाको निष्क्रियता, र विश्वविद्यालय-क्याम्पस सहकार्यको न्युनता यी सबैले क्याम्पसको दीर्घकालीन स्थायित्व र शिक्षाको गुणस्तरमा प्रतिकूल असर पुऱ्याएका छन् । यी चुनौतीहरूको मूल कारण शिक्षाको व्यवहारिक उपयोग, नीति समन्वय, र आन्तरिक व्यवस्थापन सुदृढीकरणमा कमजोरी हुनु हो ।

यी समस्याहरू समाधान गर्नका लागि क्याम्पसमा व्यवस्थापकीय र शैक्षिक दुवै तहमा उत्तरदायित्व र पारदर्शिता कायम गर्न आवश्यक छ । संस्थागत कार्ययोजना र रणनीतिक योजना व्यवहारमा उतार्नका लागि स्पष्ट कार्यविभाजन र समयसीमा निर्धारण गर्नुपर्छ । हरेक इकाइका प्रमुखहरूलाई नतिजा-मुखी

जिम्मेवारी दिई नियमित प्रगतिविवरण पेस गर्नुपर्ने व्यवस्था हुनुपर्छ। शिक्षण सिकाइ सुधारका लागि ICT उपकरण र पुस्तकालय स्रोत विस्तार गर्नुपर्छ। विद्यार्थी सहभागिता र सिर्जनात्मक सोच प्रोत्साहन गर्न सेमिनार, प्रतियोगिता र व्यावहारिक परियोजनामा जोड दिनुपर्छ। क्याम्पस प्रशासन, विभागीय प्रमुखहरु र IQAC बीचको नियमित बैठक, प्रतिवेदन आदान-प्रदान र संयुक्त मूल्यांकन प्रणाली विकास गरिनु जरुरी छ। साथै स्थानीय सरोकारवालासँग साझेदारी र सहकार्य बढाएर सामुदायिक समर्थन सुदृढ गर्न सकिन्छ।

## ४.९ क्याम्पसका समस्या समाधानका उपायहरु

क्याम्पसले समस्या समाधानका लागि पहिचान गरेका उपायहरुलाई तल तालिकामा देखाइएको छ।

**तालिका नं. ४.८**

*क्याम्पसका समस्या समाधानका उपायहरु*

| समाधानका उपायहरु | २०७७ | २०७८ | २०७९ | २०८० | २०८१ |
|---|---|---|---|---|---|
| विद्यार्थीलाई पढ्दै कमाउँदैको अवस्था सिर्जना गर्नुपर्ने, | | | √ | √ | √ |
| रोजगारदाताहरुसँग समन्वय गरी रोजगारीको अवसर सृजना गर्ने, | √ | √ | √ | √ | √ |
| परीक्षामुखी शिक्षण, अन्तरक्रिया तथा अभिमुखीकरण कार्यक्रमहरु गर्ने, | | √ | √ | √ | √ |
| स्नातकोत्तर तह तथा सेमेस्टर अन्य शैक्षिक कार्यक्रमहरु सञ्चालनमा पहल गर्ने, | | √ | √ | √ | √ |
| सुविधा सम्पन्न छात्रावास | | | | √ | √ |
| प्राध्यापक कर्मचारीहरुको कार्यक्षमता अभिवृद्धि गर्न पुनर्ताजगी तालिमको साथै थप अध्ययनको लागि व्यवस्था गर्ने, | √ | √ | √ | √ | √ |
| आफ्नै स्वामित्व सहितको जग्गाको लालपुर्जा प्राप्तिका लागि सर्वपक्षीय पहल गर्ने, | √ | √ | √ | | √ |
| क्याम्पसमा प्राविधिक एवम् सीपमूलक शिक्षालाई विशेष जोड दिने, | √ | √ | √ | | √ |
| अनुसन्धान, प्रकाशन तथा प्राज्ञिक गतिविधिमा जोड दिने, | √ | √ | √ | | √ |
| विद्यार्थीहरुलाई यातायातको व्यवस्था गर्न पहल गर्ने, | √ | √ | √ | | √ |
| भौतिक विकासका लागि दातृ निकायहरुसँग सहयोगको पहल गर्ने, | √ | √ | √ | | |

*स्रोत क्याम्पसको वार्षिक प्रतिवेदन २०७७ / २०८१*

तालिका नं.४.८ अनुसार क्याम्पसले समस्या समाधानका लागि अपनाइएका उपायहरुको विश्लेषणका आधारमा क्याम्पसमा संरचनागत, प्राविधिक, शैक्षिक र संस्थागत गरी स्पष्ट रूपमा पहिचान गर्न सकिने समस्याहरु रहेको पाइयो। रोजगारमुखी शिक्षाको अभाव, शैक्षिक कार्यक्रमहरूको सीमितता, शिक्षक र कर्मचारीहरूको दक्षता तथा प्रेरणाको कमी, भौतिक पूर्वाधारको कमी, अनुसन्धान तथा प्रकाशन संस्कृतिको अभाव र विद्यार्थीका लागि आवश्यक सहायक सुविधा जस्तै यातायात सेवाको

अभाव प्रमुख रूपमा देखिन्छ । यी समस्या केवल अल्पकालीन असुविधा मात्र नभई क्याम्पसको दीर्घकालीन प्रगति, प्रतिस्पर्धा र प्रतिष्ठामा नकारात्मक प्रभाव पार्ने खालका हुन् । यी समस्याहरूले क्याम्पसको शैक्षिक र व्यवस्थापकीय पक्षमा गहिरो प्रभाव पारेका छन् । रोजगारमुखी तथा सीपमूलक शिक्षाको कमीका कारण क्याम्पस व्यवस्थापनले विद्यार्थीहरूलाई आकर्षित गर्न, भर्ना दर वृद्धि गर्न र कार्यक्रमहरूको विविधता कायम राख्न कठिनाइ भोगिरहेको छ । यसले व्यवस्थापनमा अनिश्चितता र योजनागत अस्थिरता सिर्जना गरेको छ । त्यस्तै शिक्षक र कर्मचारीहरूको दक्षता र प्रेरणा अभावका कारण शैक्षिक नीतिहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्न सकिएको छैन जसले नेतृत्व क्षमतामा कठिनाइ ल्याएको छ । साथै क्याम्पसको आफ्नै स्वामित्वको जग्गा र पर्याप्त पूर्वाधार नहुँदा व्यवस्थापन कानूनी तथा सञ्चालनगत रूपमा अस्थिर देखिन्छ, जसले दीर्घकालीन योजना कार्यान्वयनमा बाधा पुऱ्याइरहेको छ । शैक्षिक दृष्टिले यी समस्याहरूले क्याम्पसको गुणस्तरीय शिक्षा र शैक्षिक वातावरणमा प्रत्यक्ष असर पारेका छन् । पुनर्ताजगी तालिम र शैक्षिक नवप्रवर्तनको अभावले शिक्षकहरूको अध्यापन शैली परम्परागत सीमाभित्र रहन बाध्य भएको छ । अनुसन्धान र प्रकाशन गतिविधिको कमी रहेको छ । यी कारणहरूले विद्यार्थीहरूको सिकाइ परिणाम, आत्मविश्वास र व्यवहारिक सीप विकासमा प्रत्यक्ष प्रभाव पारेको छ । आर्थिक दृष्टिले पनि यी समस्याहरूले क्याम्पसमा वित्तीय दवाव उत्पन्न गराएका छन् । विद्यार्थी भर्ना दर घट्दै जाँदा क्याम्पसको आम्दानी स्रोत कमजोर भएको छ जसले तलब, विद्यार्थी सहयोग र प्रसासनिक कार्यमा कठिनाइ उत्पन्न भएको छ । दातृ निकाय र बाह्य सहयोग प्राप्त गर्न नसक्दा पूँजीगत परियोजना अघि बढ्न सकेका छैनन् । साथै शिक्षक-कर्मचारी दक्षता अभिवृद्धि र अनुसन्धानमा पर्याप्त लगानी नहुँदा शिक्षाको गुणस्तर घटेको छ जसको असर क्याम्पसको विश्वसनीयता र विद्यार्थी सङ्ख्यामा प्रत्यक्ष रूपमा परेको छ । यसरी आर्थिक सन्तुलन बिग्रँदा व्यवस्थापनले अन्य कार्यक्रम सञ्चालनमा पनि जोखिमको सामना गर्नुपरेको छ ।

उपरोक्त समस्या समाधानका लागि क्याम्पसले केही ठोस तथा कार्यान्वयनयोग्य रणनीतिहरू अपनाउन आवश्यक छ । रोजगारमुखी र सीपमूलक शिक्षाको प्रवर्द्धनका लागि 'सिक्दै कमाउँदै' कार्यक्रमलाई औपचारिक नीति बनाई स्थानीय उद्योग, बैंक, सहकारी संस्था र नगरपालिकाहरुरूसँग सहकार्यमा इंटर्नसिप र तालिम कार्यक्रम सञ्चालन गर्नुपर्छ । यसले विद्यार्थीहरूलाई व्यावहारिक सीप र रोजगारीको अवसर प्रदान गर्नेछ । शैक्षिक कार्यक्रमको विस्तार र गुणस्तर सुनिश्चितताका लागि सेमेस्टर प्रणाली र स्नातकोत्तर तहका कार्यक्रमहरू प्राथमिकतामा राखी विश्वविद्यालयसँग सहकार्य गर्नुपर्छ । शिक्षक र कर्मचारीको क्षमता विकासका लागि वार्षिक पुनर्ताजगी तालिम, अनुसन्धानमुखी तालिम र उच्च अध्ययनका लागि आर्थिक सहयोगको नीति लागू गर्नुपर्छ जसले शिक्षणमा नवीनता र प्रतिबद्धता दुवै बढाउँछ । भौतिक संरचना र स्वामित्व सुदृढीकरणका लागि लालपुर्जा प्राप्तिको कानूनी प्रक्रिया तीव्र बनाई स्थानीय निकायसँग सहकार्य गर्नुपर्छ । साथै छात्रावास, पुस्तकालय र ICT ल्याब विस्तारका लागि दातृ निकाय र पूर्वविद्यार्थी संघसँग मिलेर दीर्घकालीन योजना बनाउनुपर्छ । अनुसन्धान र प्राज्ञिक क्रियाकलाप सशक्तिकरणका लागि हरेक वर्ष "जनज्योति अनुसन्धान जर्नल" प्रकाशन गरी शिक्षक-विद्यार्थी सह-अनुसन्धान सञ्चालन गर्नुपर्छ । प्राज्ञिक सेमिनार, कार्यपत्र प्रस्तुति र प्रकाशनका अवसर सिर्जना गर्दा क्याम्पसको शैक्षिक प्रतिष्ठा बृद्धि हुनेछ । अन्ततः यातायात र पहुँच सुधारका लागि विद्यार्थीका लागि किफायती बससेवा सञ्चालन गर्न नगरपालिका, पूर्वविद्यार्थी संघ र अभिभावक संघबीच सहकार्य सञ्जाल निर्माण गर्न आवश्यक छ ।

क्याम्पसले विगत पाँच वर्षमा समस्या सामाधानका लागि अपनाएका उपायहरुको आधारमा क्याम्पसका समस्याहरु व्यवस्थापकीय, शैक्षिक र आर्थिक पक्षसँग सम्बन्धित छन् । यी समस्याहरूको दीर्घकालीन समाधानका लागि क्याम्पसले आफ्नो योजना र नीतिलाई केवल दस्तावेजमा सीमित नराखी कार्यान्वयनमुखी दृष्टिकोण अवलम्बन गर्नुपर्ने देखिन्छ । स्थानीय सरकार, समुदाय, दातृ निकाय, पूर्वविद्यार्थी संघ र विश्वविद्यालय अनुदान आयोगसँगको साझेदारीमा रोजगारमुखी, गुणस्तरीय र अनुसन्धानमा आधारित शैक्षिक वातावरण निर्माण गर्न सकेमा क्याम्पस यस क्षेत्रको उच्च शैक्षिक संस्थाको रूपमा स्थापित हुन सक्ने देखिन्छ ।

## ४.१० क्याम्पसका विगतका कार्यक्रमहरु

क्याम्पसले विद्यार्थीहरुलाई गुणस्तरीय शिक्षा प्रदान गर्ने उद्देश्यले अवलम्बन गरेका कार्यहरुलाई तलको तालिकामा देखाइएको छ :

**तालिका नं. ४.९**

*क्याम्पसका विगतका कार्यक्रमहरु*

| **क्याम्पसका भावी कार्यक्रमहरु** | **२०७७** | **२०७८** | **२०७९** | **२०८०** | **२०८१** |
|---|---|---|---|---|---|
| गुणस्तरीय विश्वसनीय प्रत्यायन (QAA) को प्रक्रियाको लागि SSR स्वीकृति भई सकेकोले QAA डिभिजनको सुझावको आधारमा अगाडि बढ्ने, | √ | | | | |
| क्याम्पसको प्रशासनिक तथा पुस्ताकालय भवनमा थप भौतिक संरचना निर्माण गरी छुट्टै विभाग एवं एकाइहरु निर्माण गर्ने, | √ | √ | | | |
| क्याम्पसको घेराबारलाई पूर्णता दिर्दै बगैंचा एवम् क्याम्पस परिसरमा सजावटका कार्यहरु गर्ने, | | | | | |
| पुस्तकालयमा थप पुस्तकहरु थप्ने साथै विद्युतीय पुस्तकालयको रुपमा विकास गर्ने, | | √ | √ | √ | √ |
| प्राध्यापक एवम् विद्यार्थीहरुको सिकाइलाई प्रभावकारी बनाउनका लागि विषयगत कार्यशाला गोष्ठीहरु, अनुसन्धान कार्यहरु तथा जर्नल प्रकाशन गर्ने, | | √ | √ | √ | √ |
| क्याम्पसलाई आवश्यक थप भौतिक विस्तारका लागि स्थानीय, प्रदेश एवम् संघीय सरकारका साथै विभिन्न दातृ संस्थाहरुसंग सहयोग माग गर्ने, | | √ | √ | √ | √ |
| अन्य पब्लिक क्याम्पसहरुसंग समन्वय गरी शिक्षाको गुणस्तरीयता कायम गर्न पहल गर्ने, | | √ | √ | √ | √ |
| शिक्षक, कर्मचारीको मनोवल वृद्धि गर्न पुरस्कृत गर्ने कार्यक्रमलाई निरन्तरता दिने, | | √ | √ | √ | √ |
| शिक्षण सिकाइलाई व्यवस्थित बनाउन श्रव्य-दृष्य सहित नयाँ प्रविधि कक्षा कोठालाई प्रविधि मैत्री वनाउने, | √ | | | | |
| क्याम्पसको विकासको लागि समुदायसँग सुमधुर सम्वन्ध स्थापित गर्न विभिन्न समाजिक दायित्वका कार्यक्रमहरु गर्ने, | | √ | √ | √ | √ |

| | | | | | |
|---|---|---|---|---|---|
| प्राज्ञिक सम्बन्धलाई राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा विस्तार गर्ने, | | √ | √ | √ | |
| क्याम्पसको खेलकुदका लागि व्याडमिन्टन, भलिबल, बास्केटबल आदि खेलको खेल मैदान निर्माण तथा व्यवस्थित गर्ने, | | √ | √ | √ | |
| सुविधासम्पन्न छात्रावास निर्माण, क्याम्पस परिसरमा पार्क निर्माण, चौकीदार निवास निर्माण कार्यहरु गर्ने, | | | √ | √ | √ |
| गुणस्तरीय विश्वसनीय प्रत्यायन (QAA) प्राप्तीका लागि पूर्ण रुपमा समर्पित रहने, | | | √ | √ | √ |
| विद्यार्थी संख्या बढाउनका लागि रणनीतिक भर्ना अभियान सञ्चालन गर्ने, | | | | | √ |
| छात्रवृत्ति तथा अक्षय कोष सङ्कलन कार्यक्रमको विस्तार गर्ने, | | | | | √ |
| स्नातकोत्तर तह तथा अन्य सेमेस्टर शैक्षिक कार्यक्रमहरु विश्वविद्यालयले अनुमति दिनासाथ सञ्चालनमा ल्याउने, | | | | | √ |
| विश्वविद्यालय तथा विद्यालय तहका प्राविधिक एवम् साधारण धारका शैक्षिक कार्यक्रमहरू विस्तार गर्ने, | | | | | √ |

*स्रोत: क्याम्पसको वार्षिक प्रतिवेदन २०७७ / २०८१*

तालिका नं. ४.९ अनुसार क्याम्पसको योजनागत विवरणको विश्लेषण गर्दा व्यवस्थापन, शैक्षिक तथा आर्थिक पक्षसँग सम्बन्धित विभिन्न समस्या, प्रभाव र सुधारका उपायहरू प्रष्ट रूपमा देखिन्छ। व्यवस्थापन पक्षबाट हेर्दा क्याम्पसले गुणस्तरीय विश्वसनीय प्रत्यायन (QAA) प्रक्रियामा निरन्तर संलग्न रही प्रशासनिक भवन, पुस्तकालय, विभागीय संरचना र प्रविधिमैत्री कक्षाकोठाको व्यवस्थापन गरेको छ। तर QAA को मापदण्ड अनुरुप विद्यार्थी सङ्ख्या अपुग हुँदा QAA प्राप्त गर्न सकिएको छैन । निर्णय कार्यान्वयनमा ढिलाइ, स्रोत परिचालनमा कठिनाइ र विभागीय समन्वयको कमीले क्याम्पसको व्यवस्थापन क्षमता प्रभावित भएको छ। यसले कर्मचारीको मनोवलमा गिरावट ल्याउने, निर्णय प्रक्रियामा ढिलाइ गराउने र संस्थागत विश्वसनीयता कमजोर बनाएको छ। त्यसैले व्यवस्थापन सुदृढीकरणका लागि स्पष्ट उत्तरदायित्व निर्धारण, वार्षिक कार्यसम्पादन मूल्यांकन प्रणाली, व्यवस्थापनमा सूचना प्रविधिको प्रयोग र प्रशासनिक दक्षता अभिवृद्धिका तालिम आवश्यक देखिन्छ।

शैक्षिक पक्षमा क्याम्पसले पुस्तकालय सुदृढीकरण, विद्युतीय पुस्तकालयको विकास, अनुसन्धान, विषयगत कार्यशाला र जर्नल प्रकाशन जस्ता शैक्षिक सुधारका कार्यक्रमहरू अघि सारेको छ। यद्यपि यी प्रयासहरू पर्याप्त स्रोत, प्रशिक्षित जनशक्ति र अनुसन्धान संस्कृतिको अभावका कारण पूर्ण रूपमा कार्यान्वयन हुन सकेका छैनन्। यसले शैक्षिक गुणस्तरमा नकारात्मक प्रभाव पारेको छ। अध्यापन सिकाइ प्रविधिमा नवप्रवर्तनको कमी, अनुसन्धान अभ्यासमा कमी र विषयगत कार्यशालाको अभावले विद्यार्थी सिकाइ उपलब्धि कमजोर बनाएको छ। परिणामस्वरूप शैक्षिक वातावरणमा केही समस्या देखिन्छ। यस समस्याको समाधानका लागि सेमेस्टर प्रणालीलाई प्रभावकारी बनाउने, अनुसन्धान गर्ने,

प्रविधिमैत्री शिक्षण प्रणाली विस्तार गर्ने र शिक्षक-विद्यार्थी दुवैका लागि प्राज्ञिक तालिम कार्यक्रम सञ्चालन गर्न सिफारिस गर्न सकिन्छ ।

आर्थिक पक्षमा क्याम्पसले संघीय, प्रदेश र स्थानीय सरकारका साथै दातृ संस्थासँग सहयोग माग्ने रणनीति अवलम्बन गर्दै आएको पाइन्छ । तर स्थायी आम्दानीका स्रोतको अभाव, विद्यार्थी संख्यामा गिरावट र स्थानीय योगदानको कमीका कारण आर्थिक सन्तुलनमा दवाव परेको छ । स्रोत परिचालन कठिनाइ हुँदा भौतिक निर्माण, छात्रावास निर्माण, प्रविधि पूर्वाधार विकास तथा प्राज्ञिक कार्यक्रम सञ्चालनमा समस्या देखिएको छ । यसले दीर्घकालीन रूपमा क्याम्पसको आर्थिक स्वायत्तता र आत्मनिर्भरतालाई चुनौती दिएको छ । आर्थिक पक्ष सुदृढीकरणका लागि अक्षय कोष र छात्रवृत्ति कोष विस्तार गर्ने, स्ववित्तीय कार्यक्रम सञ्चालन गरी आम्दानीका स्रोत विविधीकरण गर्ने, र दातृ संस्था र स्थानीय सरकारकासँग साझेदारी परियोजना सञ्चालन गर्न सिफारिस गर्न सकिन्छ ।

समग्रमा, क्याम्पसले व्यवस्थापन, शैक्षिक र आर्थिक क्षेत्रका सुधारका प्रयासहरू थाले पनि ती प्रयासहरू दीर्घकालीन दृष्टिकोण र प्रभावकारी अनुगमन प्रणालीको अभावमा आंशिक रूपमा मात्र सफल भएका छन् । व्यवस्थापन प्रणालीमा पारदर्शिता, शैक्षिक गुणस्तरमा नवप्रवर्तन र आर्थिक स्वायत्ततामा आत्मनिर्भरता ल्याउनका लागि एकीकृत संस्थागत सुधार योजना आवश्यक देखिन्छ । समुदायको सक्रिय सहभागिता, दिगो स्रोत परिचालन, र गुणस्तरीय प्रत्यायन प्रक्रियाप्रति प्रतिबद्धता क्याम्पसलाई उत्कृष्ट उच्च शिक्षण संस्थाको रूपमा रूपान्तरण गर्ने मुख्य सर्त बन्न सक्छ ।

## ४.११ विद्यार्थीको मूल्याङ्कनमा क्याम्पसको अवस्था, समस्या र चुनौतीहरु

यस अध्ययनमा विद्यार्थीको मूल्याङ्कनमा क्याम्पसको अवस्थाको चित्रण गर्नका लागि ४ समूहमा ५-बिन्दु Likert स्केल (१ = पूर्ण असहमत, २ = असहमत, ३ = तटस्थ, ४ = सहमत, ५ = पूर्ण सहमत) भनाइहरु ६० जना विद्यार्थीहरुलाई सोधिएकोमा उत्तरदाताले दिएको सूचनाका आधारमा क्याम्पसको अवस्थाको विश्लेषण गरिएको छ ।

**तालिका नं. ४.१०**

*विद्यार्थीको मूल्याङ्कनमा क्याम्पसको शैक्षिक गुणस्तरको अवस्था*

| क्र.सं. | विवरण | १ | २ | ३ | ४ | ५ |
|---|---|---|---|---|---|---|
| १ | क्याम्पसमा अध्यापन विधि समयसापेक्ष र प्रभावकारी छ । | ६.४५% | ४.८४% | १९.३५% | ४५.१६% | २४.१९% |
| २ | शिक्षकहरू समयपालन र जिम्मेवार छन् । | १.६१% | ६.४५% | ११.२९% | ४८.३९% | ३२.२६% |
| ३ | पठन-पाठन सामग्री पर्याप्त र सान्दर्भिक छन् । | ४.८४% | १७.७४% | २५.८१% | ४८.३९% | ३.२३% |
| ४ | शिक्षकहरूले विद्यार्थीहरूको सिकाइमा व्यक्तिगत ध्यान दिन्छन् । | ८.०६% | १६.१३% | २७.४२% | ४०.३२% | ८.०६% |
| ५ | परीक्षा प्रणालीले विद्यार्थीको सीप र ज्ञान मापन गर्छ । | ०.००% | १४.७५% | ८.२०% | ४९.१८% | २७.८७% |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६ | क्याम्पसले सिकाइमैत्री वातावरण प्रदान गर्छ । | ४.९२% | १.६४% | २७.८७% | ५२.४६% | १३.११% |
| ७ | पाठ्यक्रम बजार र व्यवहारिक आवश्यकतासँग मेल खान्छ । | ४.८४% | १७.७४% | ४३.५५% | २४.१९% | ९.६८% |
| ८ | अतिरिक्त शैक्षिक कार्यक्रमहरूले विद्यार्थीको दक्षता बढाएको छ । | १४.७५% | १४.७५% | १८.०३% | ४९.१८% | ३.२८% |
| ९ | शिक्षक र विद्यार्थीबीचको सम्बन्ध सकारात्मक छ । | ८.०६% | ३.२३% | १२.९०% | ४६.७७% | २९.०३% |
| १० | समग्र रूपमा क्याम्पसको शैक्षिक गुणस्तर सन्तोषजनक छ । | ४.८४% | ४.८४% | १९.३५% | ६१.२९% | ९.६८% |

*स्रोत: सर्वेक्षण २०८२*

तालिका नं. ४.१० अनुसार क्याम्पसको शैक्षिक अवस्थामा निम्न अनुसारको तथ्य रहेको छ :

**अध्यापन विधि** : क्याम्पसमा अध्यापन विधि समयसापेक्ष र प्रभावकारी छ मा ६९% ले सहमति जनाएका छन् । ११% ले असहमति जनाएका छन् भने १९% ले कुनै प्रतिक्रिया जनाएका छैनन् । यसले क्याम्पसको अध्यापन विधि समयसापेक्ष र प्रभावकारी छ भन्ने धारणा प्रबल रहेको देखाउँछ ।

**जिम्मेवार शिक्षक** : शिक्षकहरू समयपालन र जिम्मेवार छन् मा ८०% ले सहमति जनाएका छन् । ८% ले असहमति जनाएका छन् भने ११% ले कुनै प्रतिक्रिया जनाएका छैनन् । यसले शिक्षकहरूको समयपालना र जिम्मेवारीप्रति विद्यार्थीहरू विश्वस्त देखिन्छन् ।

**पाठ्यसामग्रीको पर्याप्तता र सान्दर्भिकता :** पठन-पाठन सामग्री पर्याप्त र सान्दर्भिक छन् मा ५२% ले सहमति जनाएका छन् । २३% ले असहमति जनाएका छन् भने २६% ले कुनै प्रतिक्रिया जनाएका छैनन् । यसले क्याम्पसमा पठनपाठन सामग्री सान्दर्भिक र पर्याप्त छ भन्ने देखाउँछ ।

**शिक्षकको विद्यार्थीप्रति व्यक्तिगत चासो** : शिक्षकले विद्यार्थीको सिकाइमा व्यक्तिगत ध्यान दिन्छन् मा ४८% ले सहमति जनाएका छन् । २४% ले असहमति जनाएका छन् भने २७% ले कुनै प्रतिक्रिया जनाएका छैनन् । यसले शिक्षकहरूले विद्यार्थीहरूलाई व्यक्तिगत रुपमा चासो बढाउनु पर्ने देखिन्छ ।

**परीक्षा प्रणालीको मापन क्षमता** : परीक्षा प्रणालीले विद्यार्थीको सीप र ज्ञान मापन गर्छ मा ७७% ले सहमति जनाएका छन् । १५% ले असहमति जनाएका छन् भने ८% ले कुनै प्रतिक्रिया जनाएका छैनन् । यसले क्याम्पसको परीक्षा प्रणाली सीप र ज्ञानको सही मापन गर्छ भन्ने धारणा बलियो रहेको देखाउँछ ।

**सिकाइमैत्री वातावरण** : क्याम्पसले सिकाइमैत्री वातावरण प्रदान गर्छ मा ६६% ले सहमति जनाएका छन् । ७% ले असहमति जनाएका छन् भने २८% ले कुनै प्रतिक्रिया जनाएका छैनन् । यसले क्याम्पसले सिकाइमैत्री वातावरण प्रदान गरेको देखाउँछ ।

**पाठ्यक्रमको उपयोगिता** : पाठ्यक्रम बजार र व्यवहारिक आवश्यकतासँग मेल खान्छ मा ३४% ले सहमति जनाएका छन् । २३% ले असहमति जनाएका छन् भने ४४% ले कुनै प्रतिक्रिया जनाएका छैनन् । यसले पाठ्यक्रमलाई बजारको माग अनुसार परिमार्जन गर्नुपर्ने देखाउँछ ।

**अतिरिक्त कार्यक्रमको प्रभाव** : अतिरिक्त शैक्षिक कार्यक्रमहरूले विद्यार्थीको दक्षता बढाएको छ मा ५२% ले सहमति जनाएका छन् । ३०% ले असहमति जनाएका छन् भने १८% ले कुनै प्रतिक्रिया

जनाएका छैनन् । यसले विद्यार्थीहरुको सर्वाङ्गीण विकास गर्न अतिरिक्त शैक्षिक कार्यक्रमहरूलाई थप प्रभावकारी बनाउनुपर्ने देखिन्छ ।

**शिक्षक-विद्यार्थीको सम्बन्ध** : शिक्षक र विद्यार्थीबीचको सम्बन्ध सकारात्मक छ मा ७६% ले सहमति जनाएका छन् । ११% ले असहमति जनाएका छन् भने १३% ले कुनै प्रतिक्रिया जनाएका छैनन् । यसले शिक्षक र विद्यार्थीबीचको सम्बन्ध सकारात्मक रहेको देखाउँछ ।

**समग्र शैक्षिक गुणस्तर** : समग्र रूपमा क्याम्पसको शैक्षिक गुणस्तर सन्तोषजनक छ मा ७१% ले सहमति जनाएका छन् । १०% ले असहमति जनाएका छन् भने १९% ले कुनै प्रतिक्रिया जनाएका छैनन् । यसले क्याम्पसको समग्र शैक्षिक गुणस्तरप्रति विद्यार्थीहरू सन्तुष्ट रहेको देखाउँछ ।

**तालिका नं. ४.११**

*विद्यार्थीको मूल्याङ्कनमा क्याम्पसको आर्थिक अवस्था*

| क्र. सं. | विवरण | १ | २ | ३ | ४ | ५ |
|---|---|---|---|---|---|---|
| १ | क्याम्पसको आर्थिक पक्ष पारदर्शी छ । | १.६१% | ४.८४% | ५३.२३% | ३३.८७% | ६.४५% |
| २ | आर्थिक स्रोतको अभावले कार्यक्रम प्रभावित गर्छ । | ९.६८% | १२.९०% | ३२.२६% | ३८.७१% | ६.४५% |
| ३ | छात्रवृत्ति सुविधा पर्याप्त र न्यायसंगत रूपमा वितरण हुन्छ । | १७.७४% | १२.९०% | १९.३५% | ४१.९४% | ८.०६% |
| ४ | भौतिक पूर्वाधार विकासका लागि पर्याप्त बजेट विनियोजन हुन्छ । | ४.९२% | ८.२०% | ४४.२६% | ३९.३४% | ३.२८% |
| ५ | क्याम्पसले वैकल्पिक स्रोतहरूबाट आय बढाउने प्रयास गरेको छ । | ११.४८% | ९.८४% | ४२.६२% | २६.२३% | ९.८४% |
| ६ | शुल्क दर विद्यार्थीहरूको आर्थिक क्षमताअनुसार उपयुक्त छ । | २८.३३% | ४०.०० % | २०.००% | ६.६७% | ५.००% |
| ७ | आर्थिक स्रोतको सही प्रयोगले गुणस्तरमा सुधार ल्याएको छ । | ६.४५% | ४.८४% | ४१.९४% | ४६.७७% | ०.००% |
| ८ | आर्थिक समस्या समाधानका लागि दीर्घकालीन योजना बनाइएको छ । | ६.४५% | १४.५२% | ४६.७७% | ३०.६५% | १.६१% |
| ९ | आर्थिक स्रोत अभावले शिक्षक र कर्मचारीको मनोबल घटाएको छ । | ११.२९% | १६.१३% | ४८.३९% | १७.७४% | ६.४५% |
| १० | समग्र रूपमा क्याम्पसको आर्थिक अवस्था सन्तोषजनक छ । | ४.८४% | ९.६८% | ४०.३२% | ४३.५५% | १.६१% |

*स्रोत: सर्वेक्षण २०८२*

तालिका नं ४.११ विद्यार्थीको मूल्याङ्कनमा क्याम्पसको  आर्थिक क्षेत्रमा निम्नानुसारका तथ्य रहेको छ :

**आर्थिक पक्ष :** क्याम्पसको आर्थिक पक्ष पारदर्शी छ मा ४०% ले सहमति जनाएका छन् । ६% ले असहमति जनाएका छन् भने ५३% ले कुनै प्रतिक्रिया जनाएका छैनन् । यसले क्याम्पसको वित्तिय पक्ष पारदर्शिताका सम्बन्धमा उत्तरदाताहरू तटस्थ रहेको पाइयो ।

**आर्थिक स्रोत :** आर्थिक स्रोतको अभावले कार्यक्रम प्रभावित गर्छ मा ४५% ले सहमति जनाएका छन् । २३% ले असहमति जनाएका छन् भने ३२% ले कुनै प्रतिक्रिया जनाएनन् । आर्थिक स्रोतको अभावले कार्यक्रमलाई प्रभाव पार्ने देखिन्छ ।

**छात्रवृत्ति वितरण :** छात्रवृत्ति सुविधा पर्याप्त र न्यायसंगत रूपमा वितरण हुन्छ मा ५०% ले सहमति जनाएका छन् । ३१% ले असहमति जनाएका छन् भने १९% ले कुनै प्रतिक्रिया जनाएका छैनन् । छात्रवृत्ति वितरण कार्यक्रमलाई अझ प्रभावकारी बनाउनुपर्ने देखिन्छ ।

**भौतिक पूर्वाधारको बजेट विनियोजन:** क्याम्पसको भौतिक पूर्वाधार विकासका लागि पर्याप्त बजेट विनियोजन हुन्छ मा ४३% ले सहमति जनाएका छन् । १३% ले असहमति जनाएका छन् भने ४४% ले कुनै प्रतिक्रिया जनाएका छैनन् । यसले भौतिक पूर्वाधार विकासका लागि बजेट विनियोजनको बारेमा धेरै उत्तरदाताहरू तटस्थ रहेको देखाउँछ ।

**वैकल्पिक आय स्रोत :** क्याम्पसले वैकल्पिक आय स्रोतहरूबाट आय बढाउने प्रयास गरेको छ मा ३६% ले सहमति जनाएका छन् । २१% ले असहमति जनाएका छन् भने ४३% ले कुनै प्रतिक्रिया जनाएका छैनन् । यसले क्याम्पसले वैकल्पिक स्रोतबाट आय बढाउने प्रयासको बारेमा मिश्रित प्रतिक्रिया रहेको देखाउँछ । क्याम्पसले वैकल्पिक आय स्रोत सिर्जना गर्नुपर्ने देखिन्छ ।

**शुल्क उपयुक्तता :** मासिक शुल्क विद्यार्थीहरूको आर्थिक क्षमताअनुसार उपयुक्त छ मा १२% ले सहमति जनाएका छन् । ६८% ले असहमति जनाएका छन् भने २०% ले कुनै प्रतिक्रिया जनाएका छैनन् । यसले शुल्क दर विद्यार्थीहरूको आर्थिक क्षमताअनुसार उपयुक्त नभएको देखाउँछ । क्याम्पसले न्यून आय भएका विद्यार्थीहरुलाई छात्रवृत्तिमार्फत सहयोग गर्नुपर्ने देखिन्छ ।

**आर्थिक स्रोतको परिचालन :** आर्थिक स्रोतको सही प्रयोगले गुणस्तरमा सुधार ल्याएको छ मा ४७% ले सहमति जनाएका छन् । ११% ले असहमति जनाएका छन् भने ४२% ले कुनै प्रतिक्रिया जनाएका छैनन् । यसले आर्थिक स्रोतको सही प्रयोगले गुणस्तर सुधार ल्याउन सक्ने देखिन्छ ।

**दीर्घकालीन आर्थिक योजना :** आर्थिक समस्या समाधानका लागि दीर्घकालीन योजना बनाइएको छ मा ३२% ले सहमति जनाएका छन् । २१% ले असहमति जनाएका छन् भने ४७% ले कुनै प्रतिक्रिया जनाएका छैनन् । क्याम्पसको स्थायित्वका लागि दीर्घकालीन आर्थिक योजना निर्माण गर्नुपर्ने देखिन्छ ।

**आर्थिक अभावले मनोबलमा असर :** आर्थिक स्रोत अभावले शिक्षक र कर्मचारीको मनोबल घटाएको छ मा २४% ले सहमति जनाएका छन् । २८% ले असहमति जनाएका छन् भने ४८% ले कुनै प्रतिक्रिया जनाएका छैनन् ।

**समग्र आर्थिक अवस्था :** क्याम्पसको समग्र आर्थिक अवस्था सन्तोषजनक छ मा ४५% ले सहमति जनाएका छन् । १५% ले असहमति जनाएका छन् भने ४०% ले कुनै प्रतिक्रिया जनाएका छैनन् । क्याम्पसले आफ्नो आर्थिक अवस्थालाई सुधार गर्नुपर्ने देखिन्छ ।

**तालिका नं. ४.१२**

*विद्यार्थीको मूल्याङ्कनमा क्याम्पसको व्यवस्थापकीय अवस्था*

| क्र.सं. | विवरण | १ | २ | ३ | ४ | ५ |
|---|---|---|---|---|---|---|
| १ | क्याम्पस प्रशासन विद्यार्थीमैत्री र सहज पहुँचमा छ । | १.६४% | ३.२८% | ३२.७९% | ४०.९८% | २१.३१% |
| २ | निर्णय प्रक्रियामा शिक्षक र विद्यार्थीको सहभागिता छ । | १३.५६% | १०.१७% | १५.२५% | ५०.८५% | १०.१७% |
| ३ | प्रशासनिक कार्यहरू समयमै सम्पन्न हुन्छन् । | ४.८४% | १७.७४% | ३३.८७% | ३२.२६% | ११.२९% |
| ४ | क्याम्पस नेतृत्वसँग स्पष्ट दृष्टिकोण र योजना छ । | ४.८४% | १२.९०% | ४०.३२% | ३८.७१% | ३.२३% |
| ५ | शिक्षक-कर्मचारीबीच समन्वय र सहयोग राम्रो छ । | १२.९०% | ०.००% | २४.१९% | ४०.३२% | २२.५८% |
| ६ | क्याम्पसमा राजनीतिक प्रभाव छैन । | ४४.२६ % | २६.२३% | १८.०३% | ९.८४% | १.६४% |
| ७ | सूचना प्रवाह समयमा नै हुन्छ । | ११.२९% | १६.१३% | ९.६८% | ४३.५५% | १९.३५% |
| ८ | विद्यार्थीका गुनासाहरू समयमै सम्बोधन गरिन्छ । | २९.५१% | २९.५१% | १८.०३% | १९.६७% | ३.२८% |
| ९ | क्याम्पस प्रशासन पारदर्शी र जवाफदेही छ । | ९.६८% | १२.९०% | ३५.४८% | ३७.१०% | ४.८४% |
| १० | व्यवस्थापकीय पक्ष विद्यार्थीको अपेक्षाअनुसार छ । | १२.९०% | २९.०३% | २९.०३% | २९.०३% | ०.००% |

*स्रोत: सर्वेक्षण २०८२*

तालिका ४.१२ विद्यार्थीको मूल्याङ्कनमा क्याम्पसको व्यवस्थापकीय अवस्थामा निम्नानुसारका तथ्यहरु रहेका छन् :

**क्याम्पस प्रशासन :** क्याम्पस प्रशासन विद्यार्थीमैत्री र सहज पहुँचमा छ मा ६२% ले सहमति जनाएका छन् । ५% ले असहमति जनाएका छन् भने ३३% ले कुनै प्रतिक्रिया जनाएका छैनन् । यसले क्याम्पस प्रशासन विद्यार्थीमैत्री र सहज पहुँचमा रहेको देखिन्छ ।

**निर्णय प्रक्रिया :** निर्णय प्रक्रियामा शिक्षक र विद्यार्थीको सहभागिता छ मा ६१% ले सहमति जनाएका छन् । २४% ले असहमति जनाएका छन् भने १५% ले कुनै प्रतिक्रिया जनाएका छैनन् । यसले क्याम्पसमा सामूहिक छलफलका माध्यमबाट निर्णय हुने गरेको देखिन्छ ।

**प्रशासनिक कार्य :** प्रशासनिक कार्यहरू समयमै सम्पन्न हुन्छन् मा ४४% ले सहमति जनाएका छन् । २३% ले असहमति जनाएका छन् भने ३४% ले कुनै प्रतिक्रिया जनाएका छैनन् । प्रशासनिक कार्यहरु समयमा नै सम्पन्न गर्नुपर्ने देखिन्छ ।

**दृष्टिकोण र योजना :** नेतृत्वसँग स्पष्ट दृष्टिकोण र योजना छ मा ४२% ले सहमति जनाएका छन् । १८% ले असहमति जनाएका छन् भने ४०% ले कुनै प्रतिक्रिया जनाएका छैनन् । यसले क्याम्पसको सर्वाङ्गीण विकासका लागि नेतृत्वले स्पष्ट दृष्टिकोण र योजना बनाएर जाँदा प्रभावकारी हुने देखिन्छ ।

**समन्वय :** शिक्षक-कर्मचारीबीच समन्वय र सहयोग राम्रो छ मा ६३% ले सहमति जनाएका छन् । १३% ले असहमति जनाएका छन् भने २४% ले कुनै प्रतिक्रिया जनाएका छैनन् । यसले शिक्षक-कर्मचारीबीचको समन्वय र सहयोग राम्रो रहेको देखिन्छ ।

**राजनीतिक प्रभाव :** क्याम्पसमा राजनीतिक प्रभाव छैन मा ११% ले सहमति जनाएका छन् । ७१% ले असहमति जनाएका छन् भने १८% ले कुनै प्रतिक्रिया जनाएका छैनन् । यसले क्याम्पसमा राजनीतिक प्रभाव कम गर्नुपर्ने देखिन्छ ।

**सूचना प्रवाह :** सूचना प्रवाह समयमा नै हुन्छ मा ६३% ले सहमति जनाएका छन् । २७% ले असहमति जनाएका छन् भने १०% ले कुनै प्रतिक्रिया जनाएका छैनन् । क्याम्पसबाट प्रवाह गरिने सूचना समयमा नै सबै विद्यार्थीहरुको पहुँचमा पुऱ्याउनु पर्ने देखिन्छ ।

**गुनासो:** विद्यार्थीका गुनासाहरू समयमै सम्बोधन गरिन्छन् मा २३% ले सहमति जनाएका छन् । ५९% ले असहमति जनाएका छन् भने १८% ले कुनै प्रतिक्रिया जनाएका छैनन् । यसले विद्यार्थीका गुनासाहरु समयमै समाधान गर्नुपर्ने देखिन्छ ।

**पारदर्शिता र जवाफदेहिता:** क्याम्पस प्रशासन पारदर्शी र जवाफदेही छ मा ४२% ले सहमति जनाएका छन् । २३% ले असहमति जनाएका छन् भने ३५% ले कुनै प्रतिक्रिया जनाएका छैनन् । यसले क्याम्पस प्रशासन थप पारदर्शी  र जवाफदेही हुनुपर्ने देखिन्छ ।

**व्यवस्थापकीय पक्ष :** व्यवस्थापकीय पक्ष विद्यार्थीको अपेक्षाअनुसार छ मा २९% ले सहमति जनाएका छन् । ४२% ले असहमति जनाएका छन् भने २९% ले कुनै प्रतिक्रिया जनाएका छैनन् । यसले समग्र व्यवस्थापकीय पक्ष विद्यार्थीको अपेक्षाअनुसार हुनुपर्ने देखिन्छ ।

**तालिका नं. ४.१३**

*विद्यार्थीको मूल्याङ्कनमा क्याम्पसमा विद्यार्थी भर्नादर घट्नु तथा कक्षा छाड्ने दर बढ्नुका कारणहरु*

| क्र.सं. | विवरण | १ | २ | ३ | ४ | ५ |
|---|---|---|---|---|---|---|
| १ | विद्यार्थी भर्ना दर घट्नु क्याम्पसको छविसँग सम्बन्धित छ । | १४.७५% | ६.५६% | २२.९५% | ३७.७0% | १८.0३% |
| २ | आर्थिक कठिनाइका कारण विद्यार्थी कक्षा छाड्छन् । | १४.५२% | ४.८४% | ९.६८% | ४५.१६% | २५.८१% |
| ३ | रोजगारी-मुखी कार्यक्रमको अभावले विद्यार्थी आकर्षण घटाएको छ । | ६.४५% | ४.८४% | ११.२९% | ४८.३९% | २९.0३% |
| ४ | अन्य संस्थासँग प्रतिस्पर्धा बढेको छ । | ९.८४% | ९.८४% | ४५.९0% | २४.५९% | ९.८४% |
| ५ | शिक्षक-विद्यार्थी सम्बन्ध कमजोर भएकाले टिकाउ घटेको छ । | १८.३३% | २३.३३% | १५.00% | २८.३३% | १५.00% |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६ | विद्यार्थी सन्तुष्टिको स्तर घट्दै गएको छ । | ९.६८% | ११.२९% | २०.९७% | ४५.१६% | १२.९०% |
| ७ | क्याम्पसले पर्याप्त प्रचार-प्रसार गरेको छैन । | ८.०६% | ४६.७७% | १४.५२% | २२.५८% | ८.०६% |
| ८ | शैक्षिक गुणस्तरका कारण विद्यार्थी घटेका छन् । | ६.४५% | २४.१९% | ३२.२६% | २०.९७% | १६.१३% |
| ९ | विद्यार्थी टिकाउ नहुने समस्या गम्भीर बन्दै गएको छ । | १.६१% | ०.००% | १४.५२% | २७.४२% | ५६.४५% |

*स्रोत: सर्वेक्षण २०८२*

तालिका ४.१३ विद्यार्थीको मूल्याङ्कनमा क्याम्पसमा विद्यार्थीहरु *भर्नादर घट्नु तथा कक्षा छाड्ने दर बढ्नुका कारणहरु* निम्न तथ्य रहेको छ :

**क्याम्पसको छवि:** विद्यार्थी भर्ना दर घट्नु क्याम्पसको छविसँग सम्बन्धित छ मा ५६% ले सहमति जनाएका छन् । २१% ले असहमति जनाएका छन् भने २३% ले कुनै प्रतिक्रिया जनाएका छैनन् । क्याम्पसले आफ्नो छवि उच्च बनाउनु पर्ने देखिन्छ ।

**आर्थिक अवस्था:** आर्थिक अवस्थाका कारण विद्यार्थी कक्षा छाड्छन् मा ७१% ले सहमति जनाएका छन् । १९% ले असहमति जनाएका छन् भने १०% ले कुनै प्रतिक्रिया जनाएका छैनन् । यसले आर्थिक कठिनाइ विद्यार्थी कक्षा छाड्ने प्रमुख कारणको रुपमा रहेको देखिन्छ ।

**रोजगारमुखी कार्यक्रम:** रोजगारमुखी कार्यक्रमको अभावले विद्यार्थी आकर्षण घटाएको छ मा ७७% ले सहमति जनाएका छन् । ११% ले असहमति जनाएका छन् भने ११% ले कुनै प्रतिक्रिया जनाएका छैनन् । क्याम्पसले बजारमा माग भएअनुसारका कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने देखिन्छ ।

**प्रतिस्पर्धा :** अन्य संस्थासँग प्रतिस्पर्धा बढेको छ मा ३४% ले सहमति जनाएका छन् । २०% ले असहमति जनाएका छन् भने ४६% ले कुनै प्रतिक्रिया जनाएका छैनन् ।

**शिक्षक-विद्यार्थी सम्बन्ध:** शिक्षक-विद्यार्थी सम्बन्ध कमजोर भएकाले विद्यार्थी टिकाउ दर घटेको छ मा ४३% ले सहमति जनाएका छन् । ४२% ले असहमति जनाएका छन् भने १५% ले कुनै प्रतिक्रिया जनाएका छैनन् । यसले शिक्षक-विद्यार्थी सम्बन्ध प्रगाढ बनाउनु पर्ने देखिन्छ ।

**विद्यार्थी सन्तुष्टिको स्तर:** विद्यार्थी सन्तुष्टिको स्तर घट्दै गएको छ मा ५८% ले सहमति जनाएका छन् । २१% ले असहमति जनाएका छन् भने २१% ले कुनै प्रतिक्रिया जनाएका छैनन् । यसले विद्यार्थी सन्तुष्टिको स्तर घट्दै गएको देखाउँछ ।

**प्रचार-प्रसार:** क्याम्पसले पर्याप्त प्रचार-प्रसार गरेको छैन मा ३१% ले सहमति जनाएका छन् । ५५% ले असहमति जनाएका छन् भने १५% ले कुनै प्रतिक्रिया जनाएका छैनन् । यसले क्याम्पसले विद्यार्थी भर्ना दर बढाउन र कक्षा छाड्ने दर घटाउनका लागि प्रचार-प्रसारलाई थप प्रभावकारी बनाउनु पर्ने देखिन्छ ।

**शैक्षिक गुणस्तर:** शैक्षिक गुणस्तरका कारण विद्यार्थी घटेका छन् मा ३७% ले सहमति जनाएका छन् । ३१% ले असहमति जनाएका छन् भने ३२% ले कुनै प्रतिक्रिया जनाएका छैनन् ।

**कक्षा छाड्ने दर: क्याम्पसमा** विद्यार्थी टिकाउ समस्या गम्भीर बन्दै गएको छ मा ८४% ले सहमति जनाएका छन् । २% ले असहमति जनाएका छन् भने १५% ले कुनै प्रतिक्रिया जनाएका छैनन् । यसले विद्यार्थीहरुले अध्ययन पुरा नगरी कक्षा छाड्ने गरेको देखाउँछ । यस समस्या समाधानका लागि क्याम्पस स्पष्ट योजनाका साथ अगाडि बढ्नु पर्ने देखिन्छ ।

## ४.१२ क्याम्पस सभासद् र समुदायको मूल्याकनका आधारमा समस्या र चुनौतीहरु

शैक्षिक गुणस्तरबारे क्याम्पस सभासद् र समुदायको दृष्टिकोण पहिचान गर्न १०१ जना सभासद् र समुदायसँग गरिएको छलफलबाट प्राप्त निष्कर्षका आधारमा क्याम्पसका शैक्षिक समस्याहरु निम्नानुसार रहेका छन् ।

**तालिका नं. ४.१४**

*शैक्षिक गुणस्तर सम्बन्धी समस्या*

| शैक्षिक गुणस्तर सम्बन्धी समस्या | सङ्ख्या | प्रतिशत (%) |
|---|---|---|
| व्यवहारिक पाठ्यक्रमको अभाव | २४ | २३.७६ |
| शैक्षिक गुणस्तर सुधार गर्नुपर्ने | ९ | ८.९१ |
| शिक्षकमा पेशागत समस्या | ८ | ७.९२ |
| प्रविधिमैत्री शैक्षिक वातावरण नहुनु | ६ | ५.९४ |
| चार वर्षे शैक्षिक संरचना | ६ | ५.९४ |
| लेख रचना र अनुसन्धान प्रकाशन नहुनु | ५ | ४.९५ |
| शिक्षक तालिम र सम्मानको अभाव | ५ | ४.९५ |
| प्रयोगात्मक शिक्षा नहुनु र नैतिक शिक्षा नहुनु | ३ | २.९७ |
| दिवाकालीन पठनपाठन नहुनु | ३ | २.९७ |
| मनोवैज्ञानिक परामर्शको अभाव | २ | १.९८ |

तालिका ४.१४ अनुसार क्याम्पस सभासद् र समुदायको मूल्याङ्कनमा क्याम्पसको शैक्षिक अवस्थाको विश्लेषण गर्दा निम्न तथ्यहरु देखिन्छन् :

**पाठ्यक्रम :** पाठ्क्रमको सम्बन्धमा २४ जना (२३.७६%) ले पाठ्यक्रम व्यवहारिक हुनुपर्नेमा जोड दिएका छन् ।

**शैक्षिक गुणस्तर** : शैक्षिक गुणस्तरका सम्बन्धमा ९ (८.९१%) जनाले गुणस्तर सुधार गर्नुपर्ने बताएका छन् ।

**शिक्षक :** अध्ययनको क्रममा ८ जना (७.९२५) ले दक्ष शिक्षकको दक्षता अभिवृद्धि गर्नुपर्नेमा जोड दिएका छन् ।

**प्रविधिमैत्री शैक्षिक वातावरण र चार वर्षे शैक्षिक संरचना :** दुवै समस्यालाई समान रुपमा ६–६ जना (५.९४%) ले व्यक्त गरेका छन् । आधुनिक प्रविधिको सीमित प्रयोग र प्रविधिमैत्री शैक्षिक वातावरण नभएको कुरा व्यक्त गरेका छन् भने शैक्षिक संरचना चार वर्षे हुँदा पाठ्यक्रम झञ्झटिलो र स्नातक तहमा नै धेरै समय खर्चनु परेको कुरा व्यक्त गरेका छन् ।

**शिक्षक तालिम र सम्मान तथा अनुसन्धान :** दुबै समस्यालाई समान रुपमा ५–५ जना (४.९५%) ले व्यक्त गरेका छन् । यसले शिक्षकको पेशागत विकास तथा अनुसन्धान केन्द्रित शैक्षिक गतिविधिको कमी रहेको संकेत गर्दछ ।

**प्रयोगात्मक र नैतिक शिक्षा तथा दिवाकालीन पठनपाठन :** अध्ययनको क्रममा ३–३ जना (२.९७%) ले सैद्धान्तिक ज्ञानले मात्र व्यवहारिक जीवनमा कठिनाइ उत्पन्न हुने हुँदा प्रयोगात्मक शिक्षाको आवश्यकता पर्ने साथै नैतिक शिक्षा प्रदान गरी सामाजिक जिम्मेवारी र निर्णय क्षमता वृद्धि गर्न सकिने भएकाले यसको आवश्यकता पर्ने विचार व्यक्त गरेका छन् । त्यसैगरी दिवाकालीन पठनपाठन नहुँदा टाढाबाट आवतजावत गर्ने विद्यार्थीहरुलाई समस्या हुने भएकाले यसको व्यवस्था गर्नुपर्ने विचार व्यक्त गरेका छन् ।

**मनोवैज्ञानिक परामर्शको अभाव :** अध्ययनको क्रममा २ जना (१.९८%) ले विद्यार्थीको मानसिक स्वास्थ्य र भावनात्मक सन्तुलन कायम राख्न क्याम्पसमा मनोवैज्ञानिक परामर्श सेवा प्रदान गर्नुपर्ने विचार व्यक्त गरेका छन् ।

**तालिका नं. ४.१५**

*आर्थिक पक्ष सम्बन्धित समस्या*

| आर्थिक समस्याहरु | सङ्ख्या | प्रतिशत (%) |
|---|---|---|
| आर्थिक समस्या तथा सरकारी अनुदानको अभाव | १७ | १६.८३ |
| रोजगारीको अभाव | ७ | ६.९३ |
| छात्रवृत्ति पर्याप्त वितरण नहुनु | ४ | ३.९६ |
| शैक्षिक शुल्क बढी हुनु, | १ | ०.९९ |

तालिका ४.१५ अनुसार क्याम्पस सभासद् र समुदायको मूल्याङ्कनमा क्याम्पसको आर्थिक पक्षको बारेमा विश्लेषण गर्दा निम्न तथ्यहरु देखिन्छन् :

**आर्थिक समस्या तथा सरकारी अनुदान :** अध्ययनका क्रममा १७ जना (१६.८३%) ले आर्थिक समस्या र सरकारी अनुदानको अभाव रहेको बताएका छन् । आर्थिकरुपमा सवल बन्न नसक्दा क्याम्पसका हरेक क्रियाकलाप प्रभावित हुने देखिन्छ ।

**रोजगारीको अभाव** : उत्तरदाताहरुमध्ये ७ जना (६.९३%) ले स्नातक तहको पाठ्यक्रम रोजगारमुखी नभएकोले अध्ययन पश्चात रोजगारीको अभाव भएको बताएका छन् ।

**छात्रवृत्ति** : छात्रवृत्ति सम्बन्धमा ४ जना (३.९६%) ले क्याम्पसमा गरिव तथा जेहेन्दार विद्यार्थीका लागि वितरण गरिने छात्रवृत्ति अपुग भएको बताएका छन् । पर्याप्त छात्रवृत्ति वितरण गर्न सकेमा विद्यार्थी आकर्षण बढ्ने र शैक्षिक क्रियाकलापमा सक्रियता बढ्ने साथै उत्साहजनक नतिजा समेत प्राप्त गर्न सकिने कुरा बताएका छन् ।

**शैक्षिक शुल्क** : शैक्षिक शुल्क सम्बन्धमा १ जना (०.९९%) ले मासिक शुल्क बढी भएको बताएका छन् ।

**तालिका नं. ४.१६**

*व्यवस्थापकीय पक्षसम्बन्धी समस्या*

| व्यवस्थापकीय समस्या | सङ्ख्या | प्रतिशत (%) |
|---|---|---|
| सामुदायिक क्याम्पसप्रति सरकारको चासो कम हुनु | ९ | ८.९१ |
| सञ्चालक समितिमा नेतृत्व परिवर्तन नहुनु | ६ | ५.९४ |
| विद्यार्थी र प्रशासन बीच समन्वयको अभाव | ५ | ४.९५ |
| समुदायसँग अन्तरक्रियाको अभाव | ५ | ४.९५ |
| विद्यार्थी अनुशासन र समयपालनाका अभाव | ५ | ४.९५ |
| स्पष्ट नीति तथा योजना नहुनु र निर्णय प्रक्रियामा ढिलासुस्ती | ४ | ३.९६ |
| प्रदुषण बढी भएको | ४ | ३.९६ |
| क्याम्पसको स्वामित्वमा जग्गा नहुनु | ४ | ३.९६ |
| समितिमा विज्ञताको अभाव | २ | १.९८ |
| शिक्षक फेरबदल भइरहने तथा उपस्थिति कम | २ | १.९८ |
| समाजको हस्तक्षेप बढी हुने | १ | ०.९९ |
| क्याम्पस, मा.वि. र बोर्डिङमा एउटै शिक्षक भएकोले नयाँपनको खोजी | १ | ०.९९ |

तालिका नं. ४.१६ अनुसार क्याम्पस सभासद् र समुदायको मूल्याङ्कनमा क्याम्पसको व्यवस्थापकीय अवस्थाको विश्लेषण गर्दा निम्न तथ्यहरु देखिन्छ।

**सामुदायिक क्याम्पसप्रति सरकारको चासो** : उत्तरदाताहरु मध्ये ९जना (८.९१ %) ले सरकारी तहबाट सामुदायिक क्याम्पसप्रतिको चासो र सहकार्य न्यून रहेको हुँदा संविधान र कानुनको परिधिभित्र रहेर सुधार हुनु पर्ने विचार व्यक्त गरेका छन्।

**नेतृत्व** : उत्तरदाताहरु मध्ये ६ जना (५.९४%) ले क्याम्पस सञ्चालक समितिमा लामो समय सम्म नेतृत्व परिवर्तन नभएको धारणा व्यक्त गरेका छन्।

**विद्यार्थी र प्रशासन साथै समुदायसँग समन्वय** : उत्तरदाताहरु ५-५ जना (४.९५%) ले विद्यार्थी र प्रशासन बीच समन्वयको कमी साथै समुदायसँग अन्तरक्रिया कम रहेको देखिएको हुँदा सो कार्य बढाउनु पर्ने देखिन्छ।

**विद्यार्थी अनुशासन र समयको पालन** : विद्यार्थीहरूले अनुशासन पालना नगरेको र क्याम्पसले तोकेको समयसम्म क्याम्पसमा नरहने गरेको विचार ५ जना (४.९५ %) ले व्यक्त गरेका छन् ।

**स्पष्ट नीति तथा योजना, निर्णय प्रक्रियामा ढिलासुस्ती** : क्याम्पसको व्यवस्थापकीय अवस्थाको सम्बन्धमा ४-४ जना (३.९६ %) ले स्पष्ट नीति तथा योजना कमी हुनु र निर्णय प्रक्रियामा ढिलासुस्ती हुनुलाई समस्याको रुपमा चित्रण गरेका छन्। साथै क्याम्पस वरपरको वातावरणमा प्रदूषण बढ्दै जाँदा विद्यार्थी र शिक्षक दुबैको स्वास्थ्य र सिकाइ वातावरणमा असर पारेको कुरा व्यक्त गरेका छन्।

**विज्ञता र शिक्षक फेरवदल तथा उपस्थिति** : उत्तरदाताहरु मध्ये २-२ जना (१.९८ % ) ले सञ्चालक समितिमा विज्ञ व्यक्ति आउनुपर्ने र बारम्बार शिक्षक फेरवदल हुन नहुने धारणा व्यक्त गरेका छन् । साथै शिक्षक नियमित उपस्थित हुनुपर्ने विचार व्यक्त गरेका छन् ।

**समाजको हस्तक्षेप साथै क्याम्पस, मा.वि. र बोर्डिङमा एउटै शिक्षक** : समाजले क्याम्पसमा बढी हस्तक्षेप गर्छ भन्ने धारणा १-१ जना (०.९९%) ले व्यक्त गरेका छन् । साथै क्याम्पस, मा.वि. र बोर्डिङमा एउटै शिक्षकले पढाउने भएकोले नयाँपनको खोजी गर्न अन्यत्र जाने विचार व्यक्त गरेका छन् ।

**तालिका नं. ४.१७**

*विद्यार्थी सङ्ख्या र भर्नादर सम्बन्धी समस्या*

| **विद्यार्थी सङ्ख्या र भर्नादर सम्बन्धी समस्या** | **सङ्ख्या** | **प्रतिशत (%)** |
|---|---|---|
| अभिभावक र समुदायको शैक्षिक चासो नहुनु | ३२ | ३१.६८ |
| राजनैतिक प्रभाव एवं विद्यार्थी संघ संगठनको बढ्दो सक्रियता | २१ | २०.७९ |
| विद्यार्थी सङ्ख्या र भर्नादर कम | १९ | १८.८१ |
| समुदाय र पूर्व विद्यार्थी सक्रिय नहुनु | १३ | १२.८७ |
| कक्षा छाड्ने दर बढ्नु/विद्यार्थी उपस्थितिमा कमी | ८ | ७.९२ |
| छिमेकी विद्यालयको नकारात्मक प्रभाव | ६ | ५.९४ |
| अतिरिक्त क्रियाकलाप कम हुनु | ५ | ४.९५ |
| विद्यार्थी मैत्री वातावरण नहुनु | १ | ०.९९ |

तालिका नं. ४.१७ अनुसार क्याम्पस सभासद् र समुदायको मूल्याङ्कनमा क्याम्पसको विद्यार्थी सङ्ख्या र भर्नादर सम्बन्धी अवस्थाको विश्लेषण गर्दा निम्न तथ्यहरु देखिन्छन् :–

**शैक्षिक चासो :** अध्ययनका क्रममा ३२ जना (३१.६८%) अभिभावकले बालबालिकाको शैक्षिक गतिविधिमा कम चासो राख्ने धारणा व्यक्त गरेका छन् ।

**राजनैतिक एवं विद्यार्थी संघ संगठन:** अध्ययनका क्रममा २१ जना (२०.८७%) ले क्याम्पसमा राजनीतिक प्रभाव एवं विद्यार्थी संघ संगठनको बढ्दो सक्रियतालाई समस्याका रुपमा लिएका छन् । क्याम्पसमा राजनीतिक प्रभाव र विद्यार्थी संगठनबीच अस्वस्थ प्रतिस्पर्धा हुँदा शिक्षण सिकाइ वातावरणलाई प्रभाव पार्ने विचार व्यक्त गरेका छन् ।

**विद्यार्थी सङ्ख्या र भर्नादर:** अध्ययनका क्रममा १९जना (१८.८१ %) ले विद्यार्थी सङ्ख्या र भर्नादर अपेक्षाकृत कम हुनुलाई समस्याको रुपमा चित्रण गरेका छन् । समुदायमा पर्याप्त प्रचार-प्रसार, अभिभावक सचेतना र विद्यार्थी आकर्षणका कार्यक्रम गर्नुपर्ने बताएका छन् ।

**समुदाय र पूर्व विद्यार्थी** : क्याम्पसको विकासका निम्ति समुदाय र पूर्वविद्यार्थी सहभागिता कम छ भन्ने धारणा १३ जना (१२.८७%) ले विचार व्यक्त गरेका छन् ।

**कक्षा छाड्ने दर र विद्यार्थी उपस्थिति** : कक्षा छाड्ने दर बढ्नु र विद्यार्थी उपस्थिति कम हुनु लाई ८ जना (७.९२ %) ले समस्याका रुपमा चित्रण गरेका छन् । विद्यार्थीहरूको नियमित उपस्थिति

कमजोर र कक्षा छाड्नेदर बढ्नुको कारण आर्थिक अवस्था, पारिवारिक जिम्मेवारी र शिक्षाप्रतिको चासो कम हुनु बताएका छन् ।

**छिमेकी विद्यालयको प्रभाव** : उत्तरदाताहरुमध्ये ६ जना (५.९४%) ले छिमेकी विद्यालयको गतिविधिका कारणले क्याम्पसलाई नकारात्मक प्रभाव परेको बताएका छन् ।

**अतिरिक्त क्रियाकलाप :** उत्तरदाताहरुमध्ये ५ जना (४.९५%) ले क्याम्पसमा विद्यार्थीहरूको सक्रिय सहभागिताको लागि अतिरिक्त क्रियाकलाप, प्रतियोगिता र सांस्कृतिक कार्यक्रमको कमी भएको कुरा व्यक्त गरेका छन् ।

**विद्यार्थी मैत्री वातावरण :** उत्तरदाताहरुमध्ये १ जना (०.९९%) ले क्याम्पसमा विद्यार्थी मैत्री वातावरण हुनुपर्ने विचार प्रकट गरेका छन् ।

## ४.१३ सभासद् र समुदायको विचारमा क्याम्पसका समस्या समाधानका उपायहरु

**तालिका नं. ४.१८**

*शैक्षिक समस्या समाधानका उपाय*

| शैक्षिक गुणस्तर सुधारका उपायहरु | सख्या | प्रतिशत |
|---|---|---|
| सीपमूलक र प्राविधिक शिक्षाको व्यवस्था | २० | १९.८०% |
| विषय र संकाय थप गर्ने | १९ | १८.८१% |
| शिक्षक-विद्यार्थी-अभिभावक सम्बन्ध | १५ | १४.८५% |
| शैक्षिक जमघट बढाउने | १२ | ११.८८% |
| शैक्षिक गुणस्तर बृद्धि गर्ने | १० | ९.९०% |
| प्रविधिमैत्री वातावरण | ८ | ७.९२% |
| पुस्तकालय,  कम्प्युटर, छात्रवृत्ति व्यवस्था | ८ | ७.९२% |
| शिक्षक तालिम र सम्मान | ७ | ६.९३% |
| स्नातक ३-वर्षे बनाउने | ३ | २.९७% |
| पूर्णकालीन प्राध्यापक | ३ | २.९७% |
| क्याम्पसलाई अनुसन्धान केन्द्रको रुपमा विकास गर्ने | ३ | २.९७% |
| योजनाबद्धरुपमा अगाडि बढ्ने | २ | १.९८% |
| प्रयोगात्मक शिक्षा | २ | १.९८% |
| अतिरिक्त क्रियाकलाप | १ | ०.९९% |
| भौतिक पूर्वाधार विकास | १ | ०.९९% |

तालिका नं ४.१८ अनुसार क्याम्पसको शैक्षिक गुणस्तर सम्बन्धी समस्याको समाधानका उपायहरु विश्लेषण गर्दा निम्न तथ्यहरु देखिन्छ ।

**सीपमूलक र प्राविधिक शिक्षा**: क्याम्पसको शैक्षिक गुणस्तर अभिवृद्धिका लागि सीपमूलक र प्राविधिक शिक्षा हुनुपर्ने विचार २० जना (१९.८० %) ले बताएका छन् ।

**विषय र संकाय** : क्याम्पसमा सीमित विषय तथा संकाय भएको हुनाले अन्य विषय तथा संकाय थप गर्नुपर्ने १९ जना (१८.८१ %) ले बताएका छन् ।

**शिक्षक-विद्यार्थी-अभिभावक सम्बन्ध** : शैक्षिक गुणस्तर सुधारका लागि शिक्षक, विद्यार्थी र अभिभावक बीच सुमधुर सम्बन्ध हुनुपर्ने विचार १५ जना (१४.८५ %) को रहेको देखिन्छ ।

**शैक्षिक जमघट वृद्धि** : उच्च शैक्षिक संस्थामा प्राज्ञिक व्यक्तिहरुको जमघट बृद्धि हुनुपर्छ भन्ने धारणा १२ जना (११.८८%) को रहेको छ । शैक्षिक जमघटका कार्यक्रमहरुले गुणस्तर सुधारमा टेवा पुग्ने मत उनीहरुको रहेको देखिन्छ ।

**शैक्षिक गुणस्तर वृद्धि :** क्याम्पसको शैक्षिक गुणस्तर अभिवृद्धि गरेर शैक्षिक गुणस्तर सुधार गर्न सकिने विचार १० जना (९.९%) ले व्यक्त गरेका छन् ।

**प्रविधिमैत्री वातावरण** : शैक्षिक गुणस्तर सुधारका लागि ८ जना (७.९२%) ले प्रविधिमैत्री शैक्षिक वातावरण हुनुपर्नेमा जोड दिएका छन् ।

**पुस्तकालय, कम्प्युटर र छात्रवृत्तिको व्यवस्था:** क्याम्पसको गुणस्तर वृद्धिका लागि पुस्तकालय, कम्प्युटर र छात्रवृत्ति सुविधामा बृद्धि गर्नुपर्ने धारणा ८ जना (७.९२%) ले राखेका छन् ।

**शिक्षक तालिम तथा सम्मान** : क्याम्पसमा विद्यमान समस्या समाधानका लागि शिक्षक तालिम एवम् सम्मानको ठूलो महत्व हुनेहुँदा यस्ता कार्यक्रमहरुले प्राथमिकता पाउनु पर्ने विचार ७ जना (६.९३ %) ले व्यक्त गरेका छन् ।

**स्नातक कार्यक्रम** : त्रि.वि बाट सञ्चालित स्नातक तहको शैक्षिक संरचना ४ वर्षे हुँदा समय लामो र झञ्झटिलो भएकाले यसलाई सुधार गरी स्नातक तह ३-वर्षे बनाउनु पर्ने विचार ३ जना (२.९७ %) ले व्यक्त गरेका छन् ।

**पूर्णकालीन प्राध्यापक र अनुसन्धान केन्द्र :** क्याम्पसका हरेक गतिविधिमा प्राध्यापकहरु सक्रिय भूमिकामा रहनु पर्ने हुँदा प्राध्यापक पूर्णकालीन भएमा सहज शैक्षिक वातावरण हुनु पर्ने सुझाव ३ जना (२.९७%) ले दिएका छन् । साथै उच्च शैक्षिक संस्था अनुसन्धानमुखी हुनुपर्ने र त्यसको लागि क्याम्पसलाई अनुसन्धान केन्द्रको रुपमा विकास गर्नुपर्ने धारणा व्यक्त गरका छन् ।

**प्रयोगात्मक शिक्षा :** विद्यार्थीहरुले प्राप्त गर्ने ज्ञान र सीप व्यवहारिक हुनु पर्ने विचार २ जना (१.९८ %) ले व्यक्त गरेका छन् । जसको लागि सैद्धान्तिक भन्दा प्रयोगात्मक शिक्षामा जोड दिनुपर्ने देखिन्छ ।

**योजना :** क्याम्पसका हरेक क्रियाकलापहरु योजनाबद्ध ढंगले अगाडि बढाउनु पर्ने विचार २ जना (१.९८%) को रहेको देखिन्छ । साथै १-१ (०.९९%) ले अतिरिक्त क्रियाकलाप र पर्याप्त तथा आकर्षक भौतिक पूर्वाधारको विकास हुन सके मात्र गुणस्तरीय शिक्षा प्रदान गर्न सकिने विचार व्यक्त गरेका छन् ।

**तालिका नं. ४.१९**

*आर्थिक समस्या समाधानका उपायहरु*

| आर्थिक पक्ष | सङ्ख्या | % |
|---|---|---|
| स्थानीय सरकारसँग परामर्श गरी आर्थिक स्रोत जुटाउने | २१ | २०.७९% |
| रोजगारीको व्यवस्था | १३ | १२.८७% |

| | | |
|---|---|---|
| आर्थिक सुधार | १२ | ११.८८% |
| दिगो र नियमित आय स्रोत | ९ | ८.९१% |
| सिक्दै-कमाउँदै कार्यक्रम | ५ | ४.९५% |

तालिका नं.४.१९ अनुसार क्याम्पसको आर्थिक पक्ष सम्बन्धी समस्याको समाधानका उपायहरु विश्लेषण गर्दा निम्न तथ्यहरु देखिन्छन् ।

**स्थानीय सरकारसँग समन्वय**: स्थानीय सरकारसँग परामर्श र समन्वय गरी क्याम्पसको आर्थिक पक्ष बलियो बनाउनु पर्ने विचार २१ जना (२०.७९%) ले व्यक्त गरेका छन् ।

**रोजगारी** : उत्पादित जनशक्तिलाई रोजगारीको सुनिश्चितता गर्न सके आर्थिक रुपमा सवल बन्न सकिने अपेक्षासहित धेरै विद्यार्थीहरु क्याम्पसमा जोडिन सक्ने विचार १३ जना (१२.८७%) ले व्यक्त गरेका छन् ।

**आर्थिक सुधार** : आर्थिक पक्ष सवल भएमा मात्र क्याम्पसको सम्पूर्ण पक्ष बलियो हुने विचार १२ जना (११.८८%) ले व्यक्त गरेका छन् ।

**दिगो र नियमित आय स्रोत** : क्याम्पसले विद्यार्थी शुल्कमा मात्र निर्भर नभई वैकल्पिक दिगो र नियमित आय स्रोत पहिचान गरी आर्थिक स्थायित्वको लागि पहल गर्नुपर्ने धारणा ९ जना (८.९१%) ले व्यक्त गरेका छन् ।

**सिक्दै-कमाउँदै कार्यक्रम** : क्याम्पसमा विद्यार्थी आकर्षण बढाएर आर्थिक पक्ष सवल बनाउनको लागि सिक्दै-कमाउँदै कार्यक्रम अगाडि सार्नुपर्ने विचार ५जना (४.९५%) ले व्यक्त गरेका छन् ।

**तालिका नं. ४.२०**

*व्यवस्थापकीय समस्या समाधानका उपाय*

| **व्यवस्थापकीय पक्ष** | **सङ्ख्या** | **%** |
|---|---|---|
| राजनीतिक भागबण्डा रोक्नुपर्ने | १३ | १२.८७% |
| स्ववियु चुनाव | ११ | १०.८९% |
| पूर्वविद्यार्थी सक्रियता | ८ | ७.९२% |
| छात्रावास व्यवस्था | ६ | ५.९४% |
| प्रशासनिक सुधार र सरोकारवाला सँग अन्तरक्रिया | ६ | २.९४% |
| नियमित अनुगमन | ५ | ४.९५% |
| क्याम्पस प्रशासनलाई सहयोग | ३ | २.९७% |
| शान्त, स्वच्छ र सुरक्षित वातावरण | २ | १.९८% |
| जग्गाको स्वामित्व | २ | १.९८% |
| शैक्षिक संस्थालाई केन्द्रमा राख्ने | १ | ०.९९% |
| विद्यार्थी अनुशासन | १ | ०.९९% |
| चमेनागृह स्वच्छ | १ | ०.९९% |

तालिका नं. ४.२० अनुसार क्याम्पसको व्यवस्थापकीय पक्ष सम्बन्धी समस्याको समाधानका उपायहरु विश्लेषण गर्दा निम्न तथ्यहरु देखिन्छन् :

**राजनीतिक भागबण्डा र स्ववियु**: क्याम्पस सञ्चालक समिति गठन गर्दा राजनीतिक भागबण्डाका आधारमा नगरी सक्षम व्यक्तिहरु छनोट गर्नु पर्दछ भन्ने विचार १२ जना (१२.८७%) ले व्यक्त गरेका छन् । साथै शैक्षिक संस्थामा नितान्त शैक्षिक गतिविधि हुनुपर्ने र विभिन्न संघ सङ्गठन हुँदा आपसी सद्भाव विग्रने भन्दै ११ जना १०.७९%) ले स्ववियु खारेज गर्नु पर्ने विचार व्यक्त गरेका छन् ।

**पूर्वविद्यार्थीको भूमिका** : अध्ययनका क्रममा ८ जना (७.९२%) ले क्याम्पसको गुणस्तर वृद्धिका लागि पूर्वविद्यार्थीको महत्वपूर्ण भूमिका हुने हुँदा उनीहरुलाई सक्रिय बनाउनुपर्ने विचार व्यक्त गरेका छन् ।

**छात्रावास व्यवस्था** : अध्ययनका क्रममा ६ जना (५.९४%) ले क्याम्पसको गुणस्तर वृद्धिका लागि छात्रावासको व्यवस्था हुनुपर्ने विचार व्यक्त गरेका छन् ।

**प्रशासनिक सुधार** र **सरोकारवालाहरुसँग अन्तरक्रिया** : क्याम्पसको व्यवस्थापकीय पक्ष अन्तर्गत प्रशासनिक सुधार एवं सरोकारवालाहरुसँग नियमित अन्तरक्रिया गर्न सके गुणस्तर वृद्धि गर्न सकिने विचार ६ जना (५.९४%) विचार व्यक्त गरेका छन् ।

**नियमित अनुगमन** : नियमित अनुगमनको माध्यमबाट व्यवस्थापकीय पक्षमा सकारात्मक परिर्वतन ल्याउन सकिने विचार ५ जना (४.९५%) ले व्यक्त गरेका छन् ।

**क्याम्पस प्रशासनलाई सहयोग** : क्याम्पसलाई सफल बनाउन प्रशासनलाई सबैको सहयोग आवश्यकता पर्ने हुँदा क्याम्पस प्रशासनलाई सबैले सहयोग गर्नुपर्ने विचार ३ जना (२.९७%) को रहेको छ ।

**जग्गाको स्वामित्व**: क्याम्पसको आफ्नै नाममा जग्गा नहुँदा भौतिक पूर्वाधार निर्माण र गुणस्तर कायम गर्न चुनौती रहेको विचार २ जना (१.९८%) ले व्यक्त गरेका छन् ।

**शान्त, स्वच्छ, सुरक्षित वातावरण** : क्याम्पसको गुणस्तर वृद्धिका लागि शान्त, स्वच्छ, सुरक्षित वातावरण हुनुपर्ने विचार २ जना (१.९८%) ले व्यक्त गरेका छन् ।

**शैक्षिक संस्थालाई केन्द्रमा राख्ने** : संस्थाका हरेक गतिविधि संस्थाको हित अनुकुल गर्नुपर्ने विचार १ जना (०.९९%) ) ले व्यक्त गरेका छन् ।

**विद्यार्थी अनुशासन** : क्याम्पसको गुणस्तर वृद्धिका लागि विद्यार्थी अनुशासन अपरिहार्य हुने भएकोले व्यवस्थापन पक्षले विद्यार्थी अनुशासन कायम राख्नु पर्ने विचार १ जना (०.९९%) ) ले व्यक्त गरेका छन् ।

**चमेनागृह स्वच्छ** : क्याम्पसको गुणस्तर वृद्धिका लागि चमेनागृह स्वच्छ हुनुपर्ने विचार १ जना ( ०.९९%) ) ले व्यक्त गरेका छन् ।

**तालिका नं. ४.२१**

***भर्नादर र कक्षा छाड्ने दर सम्बन्धी*** *समस्या समाधानका उपाय*

| भर्नादर र कक्षा छाड्ने दरलाई हटाउने उपाय | सङ्ख्या | % |
|---|---|---|
| प्रचारप्रसार | १३ | १२.८७% |
| वैदेशिक पलायन रोक्ने | ६ | ५.९४% |
| अभिभावकसँग सल्लाह र सहयोग लिनुपर्ने | ७ | ६.९३% |
| यातायात र होस्टल व्यवस्था | ५ | ४.९५% |

| | | |
|---|---|---|
| विद्यार्थी नियमित उपस्थित | ३ | २.९७% |
| विद्यार्थीलाई कक्षा आउन रुचि नलाग्ने कारण पहिचान | १ | ०.९९% |

तालिका नं. ४.२१ अनुसार क्याम्पसमा विद्यार्थी सङ्ख्या घट्नु र कक्षा छाड्ने दर बढ्ने समस्याको समाधानका उपायहरु विश्लेषण गर्दा निम्न तथ्यहरु देखिन्छन् :

**प्रचारप्रसार** : क्याम्पसको विद्यार्थी सङ्ख्या घट्नु र कक्षा छाड्ने दर बढ्ने समस्याको समाधानका लागि क्याम्पसका हरेक गतिविधिहरुको प्रचारप्रसार गर्नु पर्ने विचार १३ जना (१२.८७%) ले व्यक्त गरेका छन् ।

**वैदेशिक पलायन रोक्ने** : विद्यार्थी सङ्ख्या घट्नु र कक्षा छाड्ने दर बढ्ने समस्याको समाधानका लागि वैदेशिक पलायन रोक्नुपर्ने विचार  ६ जना (५.९४%) ले व्यक्त गरेका छन् ।

**अभिभावकसँग सल्लाह र सहयोग** : क्याम्पसको विद्यार्थी सङ्ख्या घट्नु र कक्षा छाड्ने दर बढ्ने समस्याको समाधानका लागि अभिभावक सँग सल्लाह र सहयोग लिनुपर्ने विचार ७ जना (६.९३%) ले व्यक्त गरेका छन् ।

**यातायात र होस्टल व्यवस्था** : क्याम्पसबाट प्रदान गरिने सेवा सुविधामा यातायात र होस्टलको व्यवस्था थप गर्नुपर्ने विचार ५ जना (४.९४%) ले व्यक्त गरेका छन् ।

**विद्यार्थी नियमित उपस्थित** : क्याम्पसमा विद्यार्थी नियमित उपस्थित भएमा विद्यार्थी सङ्ख्या घट्ने र कक्षा छाड्ने दर बढ्ने समस्याको समाधानका हुने विचार ३ जना (२.९७%) ) ले व्यक्त गरेका छन् ।

**उपस्थित नहुनुको कारण** : विद्यार्थीलाई कक्षा आउन रुचि नलाग्ने कारण पहिचान गरी समस्याको समाधान गर्नुपर्ने विचार १ जना (०.९९%) ले व्यक्त गरेका छन् ।

## ४.१४ क्याम्पसका समस्या, चुनौती र सामाधानका उपायहरुका सम्बन्धमा स्थानीय सरकारको धारणा

मिति २०८२ कार्तिक २३ गतेका दिन भिमाद नगरपालिकाका नगर प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, वडाध्यक्षहरू, कार्यपालिका सदस्यहरू तथा विभिन्न राजनीतिक दलका प्रमुख एवं प्रतिनिधिहरूबीच भिमाद नगरपालिकाको सभाहलमा आयोजित समूह केन्द्रित छलफलमा ३० जनाको सहभागिता रहेको थियो । त्यस छलफलका आधारमा क्याम्पसका विद्यमान समस्या, चुनौती र समाधानका उपायहरु निम्नानुसार रहेका छन् ।

**शैक्षिक पक्ष**

क्याम्पसका समस्या, चुनौती तथा समाधानका उपायहरुका सम्बन्धमा छलफल गर्दा स्थानीय सरकारका प्रतिनिधिहरुले जीवनोपयोगी र प्राविधिक शिक्षाको अभाव, विद्यार्थीहरूलाई सैद्धान्तिक ज्ञानमा सीमित राखिनु, रोजगारमुखी शैक्षिक कार्यक्रमको अभाव, शिक्षकहरूको विषयगत ज्ञान अभिवृद्धिमा समयानुकूल परिर्माजन हुन नसक्नु र विद्यार्थीको प्रतिभा पहिचानमा ध्यान दिन  नसक्नु जस्ता कारणले विद्यार्थीहरूमा सिकाइप्रतिको उत्साह कम हुने, कक्षा छाड्ने दर बढ्ने र क्याम्पसको शैक्षिक गुणस्तरमा नकारात्मक प्रभाव पार्ने धारणा व्यक्त गर्दै समयसापेक्ष शिक्षा प्रदान गर्नुपर्ने, जीवनोपयोगी र प्राविधिक विषय थप्नुपर्ने, स्नातकोत्तर तहको कार्यक्रम सञ्चालन गर्नुपर्ने, शिक्षकको क्षमताबृद्धि र विद्यार्थीहरुको

प्रतिभा पहिचानका लागि नियमित अतिरिक्त क्रियाकलाप र खेलकुद कार्यक्रमहरु सञ्चालन गरी क्याम्पसको शैक्षिक गुणस्तर सुधार गर्न सकिने विचार व्यक्त गरेका छन् ।

**आर्थिक पक्ष**

गुणस्तरका विभिन्न पक्षहरु मध्ये आर्थिक पक्ष पनि अत्यन्तै महत्वपूर्ण आधारको रुपमा रहेको हुन्छ । क्याम्पसको दीर्घकालीन स्थायित्व आर्थिक पक्षसँग प्रत्यक्ष रूपमा सम्बन्धित हुन्छ । क्याम्पसको वर्तमान आर्थिक अवस्थाले यसलाई आर्थिक रुपमा स्थायित्व प्रदान गर्न सक्दैन । नियमित वैकल्पिक आम्दानी नहुनु, शुल्क समयानुकूल नहुनु, रोजगारी र आम्दानी सुनिश्चित नहुनु तथा उद्योगी व्यवसायीसँग सहकार्यको कमी हुनु मुख्य चुनौतीका रुपमा देखाउँदै यीसमस्याको समाधानका लागि आर्थिक सङ्कलनका अभियान सञ्चालन गर्ने, शिक्षण शुल्क समयानुकूल समायोजन गर्नुपर्ने, उद्योग व्यवसायीसँग सहकार्य गर्नुपर्ने, सिक्दै-कमाउँदै कार्यक्रम सञ्चालन गर्नुपर्ने, क्याम्पस सदस्यताको दायरा बढाउनु पर्ने र स्थानीय तहसँग अनुदानको लागि सर्वपक्षीय पहल गर्नुपर्ने जस्ता कार्यहरुले क्याम्पसलाई वित्तीय स्थायित्व प्रदान गर्नुपर्ने विचार व्यक्त गरेका छन् ।

**व्यवस्थापकीय पक्ष**

विद्यमान कानुनी व्यवस्था र राजनीतिक दलसँग समन्वयको अभाव जस्ता कारणले स्थानीय तहले क्याम्पसलाई चाहेअनुरुप सहयोग गर्न नसकेको बताउँदै यसको समाधानका लागि राजनीतिक दल, स्थानीय सरकार र क्याम्पस सञ्चालक समितिको सामूहिक पहलमा क्याम्पसलाई उत्कृष्ट सामुदायिक क्याम्पसका रुपमा विकास गर्न सकिने तथा समाजमा फैलिएका नकारात्मक धारणा हटाइ प्राज्ञिक व्यक्तिहरूको सहभागिता बढाएर छिमेकी पालिका र संघसंस्थासँग समन्वय गर्नु पर्ने विचार व्यक्त गरेका छन् ।

**भर्नादर र कक्षा छाड्ने दर**

क्याम्पसको शैक्षिक नतिजा र क्याम्पसले आफूले गरेका राम्रा प्रयासहरुका बारेमा समाज र अभिभावकलाई बुझाउन नसक्नाको कारणले गर्दा विद्यार्थी संख्या घट्ने र कक्षा छाड्ने दर बढ्ने भइरहेको हुँदा क्याम्पसका शैक्षिक नतिजा र गतिविधिहरुको व्यापक प्रचार-प्रसार गरी समुदाय सम्म लैजाने, सिक्दै-कमाउँदै कार्यक्रम सञ्चालन गर्ने, अभिभावकलाई स्वत: सभासद् बनाउने, क्याम्पस सबैको हो भन्ने भावना विकास गर्ने जस्ता उपायहरू अवलम्वन गरी भर्नादर बढाउने र कक्षा छाड्ने दर घटाउन सकिने विचार व्यक्त गरेका छन् ।

## ४.१५ क्याम्पसका समस्या, चुनौती र सामाधानका उपायहरु सम्बन्धमा राजनीतिक पार्टीहरुको धारणा

क्याम्पसको शैक्षिक पक्ष, आर्थिक पक्ष, व्यवस्थापकीय पक्ष तथा विद्यार्थी भर्नादर घट्नु र कक्षा छाड्ने दर बढ्नुका कारणहरू पहिचान गर्न विभिन्न राजनीतिक दलहरूसँग गरिएको समूह केन्द्रित छलफल (Focus Group Discussion) बाट प्राप्त विचारहरुको विश्लेषण गरिएको छ :

**शैक्षिक पक्ष**

क्याम्पसका समस्या, चुनौती तथा समाधानका उपायहरुमा छलफल गर्दा गुणस्तरका विभिन्न आयामहरु मध्ये शैक्षिक गुणस्तरलाई महत्वपूर्ण आयामको रुपमा लिनुपर्दछ । सैद्धान्तिक शिक्षामा सीमित, व्यावहारिक तथा रोजगारमूलक शिक्षाको कमी, क्याम्पसले विद्यार्थीलाई सीप, दक्षता र रोजगारीसँग प्रत्यक्ष जोड्न नसक्नु, योग्य शिक्षक हुँदाहुँदै पनि अपेक्षित शैक्षिक नतिजा प्राप्त हुन

नसक्नु, शिक्षण विधि परम्परागत हुनु, पाठ्यक्रम समयसापेक्ष नहुनु, नियमित मूल्याङ्कन र अनुगमनको कमी जस्ता कारणले विद्यार्थीहरूमा सिकाइप्रतिको उत्साह कम हुने , कक्षा छाड्ने दर बढ्ने र क्याम्पसको शैक्षिक गुणस्तरमा नकारात्मक प्रभाव पार्ने हुँदा समयसापेक्ष शिक्षा प्रदान गर्नुपर्ने, अनुसन्धान केन्द्रका रूपमा विकास गर्ने, फिल्ड भिजिट, प्रोजेक्ट वर्क, स्नातकोत्तर तह सञ्चालन गर्ने, इन्टर्नसिप र सिक्दै-कमाउँदै कार्यक्रम सञ्चालन गरी सिकाइलाई व्यवहारसँग जोड्ने शैक्षिक गुणस्तर मात्र होइन क्याम्पसप्रतिको सामाजिक विश्वासमा समेत सकारात्मक प्रभाव पार्न सकिने विचार व्यक्त गरेका छन् ।

**आर्थिक पक्ष**

क्याम्पसको आय स्रोत विद्यार्थीबाट प्राप्त शुल्क, सीमित बजेट र स्थानीय सरकारबाट अनुदान प्राप्त नहुनाले क्याम्पस आर्थिक रुपमा कमजोर रहेको विचार व्यक्त गरेका छन् । सहभागीहरुले स्थानीय सरकारले संविधानको अनुसूची ९ अनुसार क्याम्पसलाई अनुदान दिन सक्ने कानुनी व्यवस्था हुँदाहुँदै पनि त्यसको प्रभावकारी उपयोग हुन नसकेको बताएका छन् । अक्षयकोष विस्तार, चन्दा सङ्कलन अभियान, व्यवसायी तथा रोजगारदातासँग सहकार्य र सिक्दै-कमाउँदै कार्यक्रम जस्ता वैकल्पिक आर्थिक उपायहरूलाई तत्काल र दीर्घकालीन समाधानका लागि सम्पूर्ण राजनीतिक दल, स्थानीय सरकार र क्याम्पस बीच संवाद र छलफल बढाइ दीर्घकालीन आयको स्रोत पहिचान गर्नुपर्ने विचार व्यक्त गरेका छन् ।

**व्यवस्थापकीय पक्ष**

राजनीति हावी हुनु, निर्णय प्रक्रियामा अल्पमतको उपेक्षा हुनु, नेतृत्व परिवर्तन नहुनु, योग्य व्यक्तिहरूको क्षमता उपयोग नहुनु र सामूहिक छलफल मार्फत निर्णय नगर्नु साथै बैठक तथा भेलामा न्यून सहभागिता हुनु प्रमुख कारणका रूपमा औंल्याइएका छन् । यस्ता समस्या समाधानका लागि क्याम्पसमा सामूहिक छलफल गर्नुपर्ने, क्याम्पस प्रशासन तटस्थ हुनुपर्ने, नेतृत्व परिवर्तन आवधिक रुपमा गर्नु पर्ने र क्याम्पसको बृहत्तर विकासका लागि राजनीतिक दल, क्याम्पस सञ्चालक समिति, क्याम्पस प्रशासन र स्थानीय सरकारबीच समन्वय हुनुपर्ने विचार समेत व्यक्त गरेका छन् ।

**भर्नादर र कक्षा छाड्ने दर**

रोजगारीको सुनिश्चितता नहुनु, यातायात सुविधाको अभाव, कमजोर विद्यार्थीका लागि छात्रवृत्ति पर्याप्त नहुनु तथा विद्यार्थीहरुलाई परामर्श गर्न नसक्नु, क्याम्पसका सकारात्मक गतिविधिहरू समुदायसम्म प्रभावकारी रूपमा पुऱ्याउन नसक्नु, अभिभावक र स्थानीय समुदायको क्याम्पसप्रति विश्वास कमजोर हुनु र राजनीतिक हस्तक्षेपका कारण शान्त शैक्षिक वातावरण बन्न नसक्नु विद्यार्थी सङ्ख्या घट्नुका कारण रहेको वताएका छन् । यी समस्या समाधानका लागि घरदैलो भर्ना अभियान बढाउने, अभिभावक र जनप्रतिनिधिलाई सक्रिय गराउने, यातायातको सुविधा व्यवस्थापन गर्ने, छात्रवृत्तिको दायरा बढाउने, विद्यार्थीहरुलाई आवश्यकता अनुसार परामर्श दिने साथै अतिरिक्त क्रियाकलापहरु वृद्धि गर्ने र सिक्दै कमाउँदै कार्यक्रममा विद्यार्थीहरुलाई सहभागी गराउन सकिएमा कक्षा छाड्ने दर घटाउन सकिने विचार व्यक्त गरेका छन् ।

## ४.१६ क्याम्पसका समस्या, चुनौती र सामाधानका उपायहरुका सम्बन्धमा प्राध्यापकका धारणा

**शैक्षिक पक्ष**

प्राध्यापकहरु सँगको छलफलमा क्याम्पसको शैक्षिक गुणस्तर खस्किनुको प्रमुख कारणमा विद्यार्थीको चाहना अनुसार जीवनोपयोगी र समयसापेक्ष शिक्षा दिन नसक्नु, पाठ्यक्रमले व्यावहारिक सीप विकासमा पर्याप्त ध्यान नदिनु, ICT को न्यून प्रयोग, कक्षालाई अनलाइन तथा डिजिटल शिक्षण प्रणालीमा रूपान्तरण गर्न नसक्नु, पुस्तकालयमा पुस्तक तथा शैक्षिक सामग्रीको कमी, नयाँ पुस्ताका आवश्यकता अनुरूप पाठ्यक्रम अद्यावधिक नहुनु, अनुसन्धान कमी र अनुसन्धानमा प्रोत्साहनको अभावले शैक्षिक पक्ष कमजोर भएको विचार व्यक्त गरेका छन् । साथै प्राध्यापक तालिम, पदोन्नतिको अवसर र मूल्याङ्कनमा न्यायसङ्गत वातावरण हुन नसक्दा उनीहरूको मनोबल घट्नुका साथै शिक्षण प्रभावकारितामा पनि प्रत्यक्ष असर परेको कुरा व्यक्त गरेका छन् । विद्यार्थीहरूको सुझाव तथा आवाजलाई निर्णय प्रक्रियामा समावेश नगरिनु, विषय छनोटको सुविधा नहुनु, वैकल्पिक रोजगारीतर्फ आकर्षित हुनु शैक्षिक गुणस्तरमा चुनौतीका रुपमा प्रस्तुत गरेका छन् । यिनै समस्या समाधानका लागि ICT तालिम, डिजिटल कक्षा, ई-लाइब्रेरी व्यवस्थापन, व्यावहारिक कार्यक्रम विस्तार, अनुसन्धान प्रोत्साहन, शिक्षक मूल्याङ्कनमा न्यायोचित प्रणाली र विद्यार्थीका रुचि-आवश्यकताअनुसार विषय तथा कार्यक्रमहरु थप्न सुझाव दिएका छन् ।

**आर्थिक पक्ष**

क्याम्पसको आयस्रोत कमजोर हुनु, आन्तरिक स्रोत परिचालन नहुनु, अभिभावक तथा समुदायबाट आर्थिक सहयोग नआउनु, शुल्कबाट प्राप्त हुने आय कम हुनु, आर्थिक स्रोतको अभावका कारण विद्यार्थीले रोजेको विषय सञ्चालन गर्न नसक्नु, पुस्तकालय, खेलकुद, प्रयोगशाला तथा भौतिक पूर्वाधार विस्तारमा बाधा पर्नु, ICT र स्मार्ट कक्षा जस्ता सुविधामा लगानी गर्न नसकिनु, यातायात सुविधा, खेल मैदान, पर्याप्त खेल सामग्री, शिक्षण सामग्री तथा डिजिटल पूर्वाधार अभाव पनि आर्थिक समस्याका कारणले भएको विचार व्यक्त गरेका छन् । क्याम्पसले स्थानीय सरकार, पूर्व विद्यार्थी (Alumni), दातृ संस्थाहरू, निजी क्षेत्र तथा समुदायसँग साझेदारी गरी नियमित आम्दानीको स्रोत सिर्जना गर्नुपर्ने विचार व्यक्त गरेका छन् ।

**व्यवस्थापकीय पक्ष**

प्राध्यापकहरुसँग क्याम्पसको व्यवस्थापकीय पक्ष के कस्तो रहेको छ भनी गरिएको छलफलमा बढ्दो राजनीतिक सक्रियताका कारण नेतृत्वमा परेको प्रभाव, निर्णय प्रक्रियामा परेको प्रभाव, मूल्याङ्कन प्रणालीको कमी तथा संगठनात्मक संरचनामा स्पष्टता नहुनु, विद्यार्थीको आवाज तथा सुझावलाई निर्यण प्रक्रियामा समावेश नगर्नु, समुदाय तथा अभिभावकसँग पर्याप्त समन्वय नहुनु तथा प्राध्यापक-कर्मचारीबीच अवसर र पहुँचमा असमानता जस्ता विषयहरुलाई व्यवस्थापकीय कमजोरीका रुपमा औंल्याएका छन् । पारदर्शी निर्णय प्रक्रिया, राजनीतिक गतिविधि कम गर्ने, समान र न्यायोचित अवसर, प्रभावकारी मूल्याङ्कन प्रणाली, ICT मा आधारित शिक्षण सुधार तथा समुदाय-अभिभावकसँग नियमित संवाद र सहकार्य मार्फत व्यवस्थापकीय सुधार गर्न सकिने कुरा व्यक्त गरेका छन् ।

**भर्नादर र कक्षा छाड्ने दर**

वैदेशिक रोजगारप्रतिको आकर्षण, उच्च बेरोजगारी दर, शैक्षिक गुणस्तरप्रति अविश्वास, विद्यार्थीको आवश्यकता अनुसारका विषय नहुनु, प्रतिस्पर्धात्मक वातावरणमा सिर्जना गर्न नसक्नु, सहरी क्षेत्र प्रतिको आकर्षण, विद्यालय-क्याम्पसबीच प्रभावकारी समन्वय नहुनु र अभिभावकको क्याम्पसप्रति विश्वास घट्नु, यातायात सुविधा नहुनु, खेलकुद र अतिरिक्त क्रियाकलाप पर्याप्त नहुनु, क्याम्पसले समयमै विद्यार्थी तथा अभिभावकलाई सूचित गर्न नसक्नु, सरकारको सामुदायिक क्याम्पसप्रति स्पष्ट नीति नहुनु साथै विद्यार्थीले भर्ना शुल्कमा असन्तुष्टि व्यक्त गर्नु महत्वपूर्ण कारणका रुपमा व्यक्त गरेका छन् । जीवनोपयोगी तथा व्यावसायिक शिक्षा, अभिभावक-समुदायसँग नियमित भेटघाट, अतिरिक्त क्रियाकलाप कार्यक्रम विस्तार, विद्यार्थीलाई निर्णय प्रक्रियामा सहभागी गराउने, कक्षा १२ उत्तीर्ण विद्यार्थीलाई आकर्षण गर्ने, यातायात र भौतिक सुविधा विस्तार गर्ने र क्याम्पसका उपलब्धि तथा गतिविधि प्रभावकारी रूपमा समुदायसम्म पुऱ्याउन सकेमा क्याम्पसमा विद्यार्थी सङ्ख्या बढाउन र टिकाउन सकिन्छ भन्ने विचार राखेका छन् ।

## ४.१७ क्याम्पसका समस्या, चुनौती र सामाधानका उपायहरु सम्बन्धमा पूर्वविद्यार्थीहरुको धारणा

**शैक्षिक पक्ष**

छलफलमा सहभागी पूर्व विद्यार्थीहरूले क्याम्पसको शैक्षिक वातावरण विद्यार्थीमैत्री भए पनि आधुनिक शिक्षण विधि, आइसिटी प्रयोग, अनलाइन प्रणालीको उपयोग, व्यवहारिक शिक्षण विधि जस्ता पक्षहरूमा थप सुधार आवश्यक रहेको उल्लेख गरेका छन् । उनीहरूका अनुसार योग्य शिक्षकको उपस्थिति, विद्यार्थीमैत्री वातावरण, परीक्षा सम्बन्धी सूचना समयमै प्राप्ति, अतिरिक्त क्रियाकलापमा सक्रियता क्याम्पसको सकारात्मक पक्षका रुपमा रहेका छन् । क्याम्पसले किताबी ज्ञानलाई व्यवहारिक जीवनसँग जोड्न नसक्नु, डिजिटल पुस्तकालयको अभाव, शौचालय तथा पुस्तकालयलाई समयानुसार सुधार गर्नुपर्ने विचार व्यक्त गरेका छन् ।

**आर्थिक पक्ष**

छलफलका सहभागी पूर्व विद्यार्थीहरूले क्याम्पसमा अध्ययन गर्ने विद्यार्थीहरुको आर्थिक अवस्था कमजोर रहेको, क्याम्पसले तोकेको शुल्क तिर्न नसक्ने, आर्थिक कारणले वैदेशिक रोजगारीमा जानुपर्ने बाध्यता जस्ता समस्याहरू उल्लेख गरेका छन् । विद्यार्थीलाई आर्थिक सहयोग, छात्रवृत्ति, सिक्दै कमाउँदै गर्ने अवसर सिर्जना गर्ने, पुस्तकालय र आइसिटी लगानी बढाउनु पर्ने, विद्यार्थी शुल्क बाहेक क्याम्पसको नियमित आम्दानीको स्रोत नभएको हुँदा समुदाय, स्थानीय सरकार र क्याम्पस सञ्चालक समितिले यसतर्फ ध्यान दिनुपर्ने कुरा व्यक्त गरेका छन् ।

**व्यवस्थापकीय पक्ष**

व्यवस्थापकीय पक्षलाई सहभागीहरूले समग्र रूपमा राम्रो र विद्यार्थीमैत्री रहेको बताएका छन् । सूचना व्यवस्थापन, आवश्यकता परेमा विद्यार्थीलाई व्यक्तिगत रूपमा फोन सम्पर्क समेत गरी सहयोग गर्ने कार्यलाई सकारात्मक रूपमा लिएका छन् । लाइब्रेरी सुधार, आइसिटी पूर्वाधार अभाव, परामर्शको अभाव जस्ता पक्षहरूमा व्यवस्थापनले ध्यान दिनुपर्ने कुरा व्यक्त गरेका छन् । क्याम्पसबाट अध्ययन पुरा गरिसकेका विद्यार्थीहरुको अवस्थाको बारेमा समेत क्याम्पसले जानकारी राख्नुपर्ने र तिनीहरुलाई

रोजगारी उपलब्ध गराउन सहयोग गर्नुका साथै पूर्व विद्यार्थीहरुसँग समन्वय गर्नुपर्ने विचार व्यक्त गरेका छन् ।

**भर्नादर र कक्षा छाड्ने दर**

छलफलका सहभागीहरुले भौगोलिक दूरी, यातायातको समस्या, वैवाहिक स्थिति, वैदेशिक रोजगारी, आर्थिक समस्याका कारणले बीचमा नै विद्यार्थीहरुले कक्षा छाड्ने गरेको र ग्रामीण तथा कमजोर आर्थिक पृष्ठभूमिका विद्यार्थीहरु कक्षामा नियमित हुन नसकेको बाताएका छन् , जसको कारण बैदेशिक रोजगारतर्फ आकर्षित हुने गरेको विचार व्यक्त गरे । आर्थिक सहयोग, छात्रवृत्ति, नियमितता, परामर्श सेवा प्रदान गर्न सकेमा विद्यार्थीहरुलाई क्याम्पसमा विद्यार्थी सङ्ख्या बढाउन र टिकाउन सकिन्छ ।

## ४.१८ क्याम्पसका समस्या, चुनौती र सामाधानका उपायहरु सम्बन्धमा निवृत्त शिक्षक समाज भिमादको धारणा

**शैक्षिक पक्ष**

विद्यार्थी केन्द्रित सिकाइ, शिक्षक-विद्यार्थी बीच बौद्धिक संवाद र शिक्षण विधिमा आधुनिकीकरणले शैक्षिक गुणस्तर सुधार गर्न महत्वपूर्ण भूमिका खेल्छ । विद्यमान पाठ्यक्रमले सबै विद्यार्थीको आवश्यकता समेट्न नसक्नु, विद्यार्थीको रुचि अनुसार विषय चयनको सीमितताले सिकाइ प्रक्रियामा असर पुग्नु जस्ता समस्याहरुलाई समाधान गर्नका लागि विषय थप गर्ने, स्नातकोत्तर तहका कक्षाहरू सञ्चालन गर्ने, पुस्तकालयमा थप पुस्तक र शैक्षिक स्रोतसाधन उपलब्ध गराउने र स्वच्छ तथा आकर्षक वातावरण निर्माण गर्ने, अभिभावक भेटघाट कार्यक्रम नियमित र प्रभावकारी बनाउने जस्ता कार्यहरु गर्दा विद्यार्थीको सिकाइ उपलब्धिमूलक भई शैक्षिक गुणस्तर अभिवृद्धि हुने विचार व्यक्त गरेका छन् ।

**आर्थिक पक्ष**

क्याम्पसको आर्थिक पक्षलाई सुदृढ बनाउन गरिब तर्फ जेहेन्दार विद्यार्थीको पहिचान गरी छात्रवृत्ति व्यवस्था गर्ने र क्याम्पस हाताभित्र रहेको जग्गालाई उपयोग गरी 'सिक्दै-कमाउँदै' कार्यक्रम सञ्चालन गरी आर्थिक रूपमा कमजोर विद्यार्थीलाई अध्ययनमा निरन्तरता दिन सकिने विचार व्यक्त गरेका छन् ।

**व्यवस्थापकीय पक्ष**

क्याम्पसको प्रचार-प्रसार प्रभावकारी बनाउने, विज्ञ तथा सरोकारवालासँग नियमित छलफल गर्ने, छिमेकी पालिकासँग समन्वय गर्ने र सांस्कृतिक लगायत विद्यार्थीमैत्री विविध कार्यक्रम सञ्चालन गर्ने जस्ता कार्यहरूले क्याम्पसको प्रतिष्ठा र विद्यार्थी संख्या दुवै बढाउन सकिन्छ । हेल्थ क्याम्प, स्थानीय समुदायसँग सहकार्य र क्याम्पसका उपलब्धिलाई प्रचार-प्रसार गर्ने कार्यक्रमहरूले विद्यार्थी र अभिभावकहरुमा क्याम्पसको सेवाप्रति स्पष्ट र सकारात्मक धारणाको विकास हुन जान्छ भन्ने विचार व्यक्त गरेका छन् ।

**भर्नादर र कक्षा छाड्ने दर**

विद्यार्थी भर्ना घट्नु र कक्षा छाड्ने दर बढ्नुका कारण पहिचान गरी सो अनुसार रणनीति निर्माण गर्नु अत्यावश्यक छ । विद्यार्थी-केन्द्रित विभिन्न कार्यक्रम, समय र चाहना अनुसारका विषय थप्ने, छात्रवृत्ति वितरण वैज्ञानिक बनाउने, उपयुक्त शैक्षिक वातावरण निर्माण गर्ने, खेलकुद र अतिरिक्त क्रियाकलापहरु लाई प्रभावकारी वनाउने जस्ता उपायहरूले विद्यार्थीलाई क्याम्पसमा आर्कषण गर्न र

टिकाइ राख्न सकिन्छ । सिक्दै-कमाउँदै कार्यक्रम सञ्चालन गर्ने, माथिल्लो तहका कक्षाहरू सञ्चालन गर्ने, अभिभावक-विद्यार्थी संवाद बढाउन सकेमा भर्नादर बढाउन र कक्षा छोड्ने दर घटाउन सकिने विचार व्यक्त गरेका छन् ।

## ४.१९ क्याम्पसका समस्या, चुनौती र सामाधानका उपायहरुका सम्बन्धमा अभिभावकहरुको धारणा

### शैक्षिक पक्ष

क्याम्पसको शैक्षिक पक्षलाई हेर्दा विद्यार्थीहरूले समय व्यवस्थापन गर्न नसक्नु, सिमित विषय, डिजिटल/प्रविधि/AI पुस्ता अनुसार अध्ययन-अध्यापन हुन नसक्नु जस्ता समस्याहरु व्यक्त गरेका छन् । विद्यार्थीलाई व्यवस्थित अध्ययन योजना अनुसार शिक्षण गनुपर्ने, आवश्यकता अनुसार परामर्श सेवा प्रदान गर्नुपर्ने, शिक्षण विधिमा समयनुकूल सुधार गर्नुपर्ने, व्यवहारिक शिक्षणमा जोड दिनुपर्ने, समयानुकूल शैक्षिक सामग्रीको प्रयोग र ICT प्रयोगको सुनिश्चितता गर्नुपर्ने विचार व्यक्त गरेका छन् । साथै "सिक्दै कमाउँदै" कार्यक्रम मार्फत विद्यार्थीलाई सक्रिय बनाउन सकियो भने शैक्षिक पक्षमा सुधार गर्न सकिने विचार समेत व्यक्त गरेका छन् ।

### आर्थिक पक्ष

आर्थिक पक्षलाई मजबुत बनाउन क्याम्पसले अभिभावकसँग संवादलाई निरन्तर अगाडि बढाउनुपर्ने, क्याम्पसले अभिभावक लक्षित कार्यक्रम सञ्चालन गर्नुपर्ने, छात्रवृत्ति वितरण पारदर्शी बनाउनुपर्ने, विद्यार्थीहरुको सहभागितामा आर्थिक गतिविधि सञ्चालन गर्नुपर्ने, अभिभावकसँग सहकार्य गर्दै आर्थिक स्रोतहरूको दिगोपन ल्याउनका लागि पहल गर्नुपर्ने जस्ता विचार व्यक्त गरेका छन् ।

### व्यवस्थापकीय पक्ष

व्यवस्थापकीय पक्षलाई क्याम्पसको अर्को महत्वपूर्ण आयामका रुममा लिनुपर्दछ । क्याम्पसमा राजनीतिक प्रभाव हुनु, भौतिक साधनमा कमी, दिवा कक्षा सञ्चालन नहुनु, विविध बहानामा पढाइ नहुनु, अनुशासनको कमी र अभिभावक भेला नहुनु प्रमुख व्यवस्थापकीय चुनौतीका रुपमा औंल्याइएका छन् । क्याम्पसलाई राजनीतिक हस्तक्षेप मुक्त बनाउने, गुणस्तरीय शिक्षा सुनिश्चित गर्न पहल गर्ने, सैद्धान्तिक भन्दा व्यवहारिक शिक्षामा जोड दिने तथा आजका पुस्ताको चाहना बमोजिम अध्ययन अध्यापन गराउनुपर्ने विचार व्यक्त गरेका छन् ।

### भर्नादर र कक्षा छाड्ने दर

विद्यार्थी भर्ना घट्नु र कक्षा छाड्ने दर बढ्नु क्याम्पसको भविष्यको स्थायित्वका लागि अत्यन्तै चिन्ताजनक पक्षको रुपमा देखिएको छ । विद्यार्थीले आफूले चाहेको विषय रोज्न नपाउनु, पढाइ समय सापेक्ष नहुनु, अनुशासनको कमी र अभिभावकसँग नियमित संवादको अभावले विद्यार्थीको मनोबल घटाउने र क्याम्पसप्रति विश्वास कम हुने जस्ता कारणहरूले विद्यार्थी संख्या घट्ने र कक्षा छाड्ने दर बढ्ने विचार व्यक्त गरेका छन् ।

क्याम्पसले शैक्षिक, आर्थिक, व्यवस्थापकीय र विद्यार्थी भर्नासम्बन्धी चुनौतीहरूलाई सामना गर्न दीर्घकालीन योजना बनाउनु आवश्यक छ । शिक्षक-विद्यार्थी-अभिभावक सहभागिता, प्राविधिक पक्षमा सुधार, समयानुकूल शिक्षण विधि र पारदर्शी प्रशासनमार्फत मात्र क्याम्पसको गुणस्तर र प्रतिष्ठा सुधार गर्न सकिने विचार व्यक्त गरे ।

## ४.२० क्याम्पसको समस्या, चुनौती र सामाधानका उपायहरुमा स्वतन्त्र विद्यार्थी यूनियनको धारणा

**शैक्षिक पक्ष**

शैक्षिक गुणस्तरसँग सम्बन्धित छलफलमा विद्यार्थीहरूले समय समयमा आफ्नो समस्या शिक्षकसँग निर्धक्क भन्न पाउनु पर्ने, शिक्षकले समान व्यवहार गर्नुपर्ने, शिक्षकहरूले कक्षामा पूर्ण तयारी गरेर प्रवेश गर्नुपर्ने, विद्यार्थीलाई अध्ययनमा प्रोत्साहन गर्नुपर्ने, फिल्ड भिजिट गराउनु पर्ने तथा परार्मश सेवा प्रदान गर्नुपर्ने विचार व्यक्त गरेका छन् । साथै अतिरिक्त क्रियाकलाप तथा खेलकुदका कार्यक्रमहरु बढाउनु पर्ने विचार व्यक्त गरेका छन् ।

**आर्थिक पक्ष**

आर्थिक पक्षमा गरिएको छलफलका सहभागीहरूले पुस्तकालय शुल्क घटाउनु पर्ने, स्थानीय सरकारसँग सहकार्य गरी क्याम्पसको नियमित आम्दानी स्रोत सिर्जना गर्नु पर्ने वताएका छन् । यसबाट विद्यार्थीको आर्थिक भार कम हुने मात्र नभई क्याम्पसलाई दिगोरुपमा सञ्चालन  गर्न सहयोग पुग्ने विचार व्यक्त गरेका छन् ।

**व्यवस्थापकीय पक्ष**

व्यवस्थापकीय पक्षमा कक्षा कोठाको व्यवस्थापन, समयमा नै सूचनाको प्रवाह, स्नातकोत्तर  तहका कक्षाहरू सञ्चालन, सरसफाई कार्यक्रममा विद्यार्थीको सहभागिता तथा अन्य आवश्यक कार्यक्रमहरु सञ्चालन गर्ने, शिक्षकले विद्यार्थीलाई समयमै सान्दर्भिक समाग्रीहरु उपलब्ध गराउनुपर्ने र विद्यार्थीको अतिरिक्त गतिविधिहरूमा निरन्तर प्रोत्साहन गर्नुपर्ने कुराहरु व्यक्त गरेका छन् ।

**भर्नादर र कक्षा छाड्ने दर**

विद्यार्थी भर्नादर र कक्षा छाड्ने दरसँग सम्बन्धित पक्षका वारेमा छलफल गर्दा आर्थिक अवस्था, शैक्षिक स्तर तथा व्यवस्थापकीय कठिनाइ मुख्य कारणका रूपमा पहिचान भएका छन् । यस्ता समस्याहरु समाधानका लागि परार्मश, छात्रवृत्ति, फिल्ड भिजिट, अतिरिक्त क्रियाकलाप तथा खेलकुद सञ्चालन, शिक्षकद्वारा समान व्यवहार, समयमै सूचनाको उपलब्धता र आवश्यक शैक्षिक सामग्रीको व्यवस्था जस्ता उपायहरू आवश्यक रहेको विचार व्यक्त गरेका छन् । जसका माध्यमबाट भर्नादर बढ्ने तथा कक्षा उपस्थितिमा वृद्धि गर्न सकिने विचार व्यक्त गरेका छन् ।

## ५. छलफल

उच्च शैक्षिक संस्थाको मूल दायित्व गुणस्तरीय शिक्षा प्रदान गर्नु हो । जसको मूल्याङ्कन शैक्षिक नतिजा, सिकाइ उपलब्धि, पाठ्यक्रमको सान्दर्भिकता, शिक्षण पद्धति र अनुसन्धानमा आधारित अभ्यासबाट गरिन्छ (Atbach et al., 2017) । आधुनिक विश्वविद्यालयबाट दिइने शिक्षाले  विद्यार्थीमा केवल कितावी ज्ञान हस्तान्तरण गर्ने मात्र होइन, सीप विकास, आलोचनात्मक सोच, समस्या समाधान क्षमता र रोजगारीसँग प्रत्यक्ष जोडिने दक्षता विकासलाई प्राथमिकता दिनुपर्ने मान्यता राख्दछ (Biggs & Tang, 2011; Hazelkorn, 2013) । माथिका सम्पूर्ण तथ्याङ्कको अध्ययन गर्दा क्याम्पसमा शैक्षिक नतिजा  कमजोर र अस्थिर रहेको देखिन्छ । व्यवस्थापन संकायमा २०७३-२०७७ बीच भर्नाको आधारमा उत्तीर्ण दर क्रमश: ९.६८ प्रतिशत, २१.०५ प्रतिशत, २६.५३ प्रतिशत, १२.९९ प्रतिशत, १२.२६ प्रतिशत र १५.६७ प्रतिशत मात्र रहनु तथा प्रथम वर्षमा भर्ना भई  चौथो वर्षसम्म नियमित अध्ययन गरी उत्तीर्ण भएका विद्यार्थीहरुका आधारमा २७.२७ प्रतिशत देखि ५३.६३ प्रतिशतसम्म पुगी

पुन: घट्नुले शैक्षिक निरन्तरता र गुणस्तर दुवैमा कमजोर रहेको देखिन्छ। त्यस्तै शिक्षाशास्त्र संकायमा भर्नाको आधारमा शैक्षिक नतिजा २०७३ मा ४.४५ प्रतिशत देखिएको छ भने एक वर्ष शून्य प्रतिशतसम्म झरेको छ। त्यसपछि क्रमश: ३.७० प्रतिशत, १७.८६ प्रतिशत, १२.५० प्रतिशत र ९.१० प्रतिशत देखिन्छ । प्रथम वर्षमा भर्ना भई  चौथो वर्षसम्म नियमित अध्ययन गरी उत्तीर्ण भएका विद्यार्थीको आधारमा हेर्दा १०.५३ प्रतिशत, शुन्य प्रतिशत ५.८८ प्रतिशत, ४१.६७ प्रतिशत, ३७.५० प्रतिशत र २३.१६ प्रतिशत नतिजा प्राप्त भएको देखिन्छ । शिक्षकहरू योग्य र अनुभवी भए पनि परम्परागत शिक्षक-केन्द्रित शिक्षण पद्धतिको निरन्तरता, सूचना प्रविधिको न्यून प्रयोग, फिल्ड भिजिट, प्रोजेक्ट वर्क, इन्टर्नसिप जस्ता अभ्यासको कमी र अनुसन्धानमा आधारित शिक्षण पद्धती कमजोर हुनुका कारण शैक्षिक नतिजा अपेक्षाअनुसार आउन सकेको देखिँदैन । Means et al. (2014) अनुसार प्रविधिमैत्री र सक्रिय सिकाइ विधिले विद्यार्थीको उपलब्धि उल्लेखनीय रूपमा सुधार गर्न सकिन्छ । अध्ययनको अवधिमा क्याम्पसले त्यस्ता अभ्यास प्रयोग गरेको देखिँदैन । क्याम्पसमा सैद्धान्तिक र व्यवहारिक शिक्षाको बीचमा खाडल रहेको देखिन्छ ।

उच्च शिक्षाको गुणस्तर आर्थिक स्थायित्व र स्रोतको विविधतामा निर्भर हुन्छ (Johnstone, 2018)। सामुदायिक क्याम्पसहरूमा विद्यार्थी शुल्कलाई मुख्य आम्दानीको स्रोत बनाउनु दीर्घकालीन रूपमा जोखिमपूर्ण हुने कुरा नेपाली सन्दर्भमा बारम्बार औंल्याइएको छ (Rijal, 2016; Shrestha & Acharya, 2020)। क्याम्पसको नियमित आम्दानीको प्रमुख स्रोत विद्यार्थी शुल्क मात्र रहेको देखिन्छ। क्याम्पसका अन्य नियमित वितीय स्रोत नहुनले क्याम्पस आर्थिक रूपमा कमजोर रहेको देखिन्छ । पछिल्ला वर्षहरूमा प्रथम वर्ष भर्ना हुने विद्यार्थी संख्या ९७ जनाबाट ६६ जनामा झर्नुले क्याम्पसको आम्दानीमा प्रत्यक्ष प्रभाव पारेको देखिन्छ। जसले गर्दा क्याम्पसले शैक्षिक सामग्री, पूर्वाधार, अनुसन्धान, तालिम र शिक्षकको क्षमता विकासमा आवश्यक लगानी गर्न सकेको देखिँदैन। विद्यार्थीहरूले कक्षा छाड्नुको प्रमुख कारणमा आर्थिक  अवस्था नै प्रमुख रहेको देखिएको छ। मासिक शुल्क तिर्न नसक्नु, यातायात खर्च, पारिवारिक आर्थिक जिम्मेवारी र सीमित छात्रवृत्ति अवसरका कारण विद्यार्थीले कक्षा छाडेको अध्ययनका क्रममा पाइएको छ जुन तथ्य Maslow (1943) को सिद्धान्तसँग मेल खान्छ ।

विश्वविद्यालय तथा क्याम्पसहरूको प्रभावकारिता सुदृढ शासन, पारदर्शी व्यवस्थापन र दीर्घकालीन रणनीतिक योजनामा निर्भर हुन्छ (Atbach et al., 2017; Bhattarai, 2018)। प्राप्त तथ्यले क्याम्पसमा व्यवस्थापकीय संरचना हुँदाहुँदै पनि कार्यान्वयन पक्ष कमजोर रहेको देखाउँछ। क्याम्पस सञ्चालनको नेतृत्व लामो समयसम्म एउटै व्यक्तिमा रहनु, राजनीतिक प्रभाव, स्पष्ट नीति तथा योजना कार्यान्वयनको कमी र समान अवसरको अभावले संस्थागत कार्यक्षेत्रमा नकारात्मक प्रभाव पारेको देखिन्छ । Acharya (2023) अनुसार राजनीतिक हस्तक्षेपले सामुदायिक क्याम्पसहरूको शैक्षिक स्तर कमजोर बनाउने गर्दछ।  स्थानीय सरकार, राजनीतिक दल, पूर्व विद्यार्थी र समुदायसँग समन्वय गर्न सके व्यवस्थापकीय तथा आर्थिक सुधारको पर्याप्त सम्भावना देखिन्छ। नेपालको संविधान २०७२ को अनुसूची ९ अनुसार स्थानीय सरकारले शिक्षा क्षेत्रमा सहयोग गर्न सक्ने कानुनी आधार भए पनि व्यवहारमा यसको उपयोग हुन सकेको छैन । जसले नीति र व्यवहारबीचको खाडल अझै कायम रहेको देखाउँछ ।

विद्यार्थी भर्ना दर उच्च शिक्षाको सामाजिक विश्वास र संस्थागत छविको महत्वपूर्ण सूचक हो (Hazelkorn, 2013) । क्याम्पसमा पछिल्ला पाँच वर्षमा भर्ना संख्या ९७, ८८, ५६, ६४ र ६६ जनामा सीमित रहनुले भर्नादर घट्दो प्रवृत्तिमा रहेको देखाउँछ । पछिल्ला वर्षहरुमा केही सुधार देखिए पनि

दीर्घकालीन रूपमा यो प्रवृत्ति चिन्ताजनक छ । भर्नादर घट्नुका कारणका रूपमा वैदेशिक रोजगारप्रतिको आकर्षण, स्थानीय स्तरमा रोजगारीको अभाव, अध्ययनपछि रोजगारी सुनिश्चित नहुनु, शैक्षिक नतिजा कमजोर र सीमित शैक्षिक कार्यक्रम प्रमुख रूपमा देखिएका छन् । Hazelkorn (2013) ले रोजगारोन्मुख शिक्षा र मार्गदर्शनले विद्यार्थी आकर्षण बढाउने बताएका छन् । क्याम्पसका यी पक्षहरू कमजोर रहेको पाईन्छ । विद्यार्थी टिकाउनु उच्च शिक्षाको सबैभन्दा संवेदनशील पक्ष हो (Tinto, 1989) । प्राप्त तथ्याङ्क अनुसार भर्ना वर्ष २०७०-२०७३ मा ७१ प्रतिशत विद्यार्थीले अध्ययन पूरा गरेका थिए भने भर्ना वर्ष २०७७-२०८० मा ७१ प्रतिशत विद्यार्थीले बीचमै कक्षा छाडेका छन् । अध्ययनको अवधिमा औषत व्यवस्थापन संकायमा ७४.३२ प्रतिशत र शिक्षाशास्त्र संकायमा ६६.६७ प्रतिशत कक्षा छाड्ने दर हुनुले संस्थागत स्थायित्वमाथि नै प्रश्न सिर्जना गरेको छ । कक्षा छाड्नुका प्रमुख कारणहरूमा आर्थिक कठिनाइ, बैवाहिक तथा पारिवारिक जिम्मेवारी, परिवारिक सहयोगको अभाव, बसाईँसराइँ, सीमित छात्रवृत्ति, यातायातको असुविधा, वैदेशिक रोजगारी, कमजोर परामर्श सेवा, शिक्षक विद्यार्थीबीच कमजोर सम्बन्ध र परीक्षा प्रणालीसम्बन्धी समस्या प्रमुख रुपमा रहेको देखिन्छ । जुन तथ्य (Kandel, 2023; Lamsal, 2023) सँग मेल खान्छ ।

शैक्षिक गुणस्तर, आर्थिक स्थायित्व, व्यवस्थापकीय क्षमता, विद्यार्थी भर्ना र टिकाउकाबीच गहिरो अन्तरसम्बन्ध देखिन्छ । कमजोर शैक्षिक नतिजाले क्याम्पसप्रतिको विश्वास घटाउँछ । विश्वास घट्दा भर्नादर घट्छ भर्ना घट्दा आर्थिक स्रोत संकुचित हुन्छ र आर्थिक कमजोरीले पुन: शैक्षिक तथा व्यवस्थापकीय सुधारमा अवरोध सिर्जना गर्छ । यसले क्याम्पसलाई दीर्घकालीन प्रभाव पार्ने देखिन्छ जुन धेरै सामुदायिक क्याम्पसहरूको साझा समस्या हो (Atbach et al., 2017 ; Rijal, 2016) । अध्ययनको नतिजाले सैद्धान्तिक र अनुभवजन्य अध्ययनहरूलाई समर्थन गरे पनि स्थानीय परिवेश अनुसार आर्थिक कठिनाइ, वैदेशिक रोजगारी र रोजगारमुखी शिक्षाको अभावको प्रभाव सोचेभन्दा बढी देखिन्छ ।

## ६. अध्ययनको नतिजा

यस अध्ययनको समग्र विश्लेषणबाट क्याम्पसको संस्थागत अवस्था, शैक्षिक गुणस्तर र विद्यार्थी भर्ना र कक्षा छाड्ने दरको प्रवृत्तिसम्बन्धी प्रमुख नतिजालाई निष्कर्षका रूपमा निम्नानुसार प्रस्तुत गरिएको छ:

१. क्याम्पसमा पछिल्ला वर्षहरूमा विद्यार्थी भर्नादर घट्दो र कक्षा छाड्ने दर बढ्दो क्रममा रहेको छ यसले क्याम्पसको शैक्षिक गुणस्तर कमजोर र अस्थिर देखिन्छ । जसले संस्थागत स्थायित्वमा गम्भीर चुनौती सिर्जना गरेको छ ।

२. शिक्षकहरू योग्य भए पनि परम्परागत शिक्षक-केन्द्रित शिक्षण विधि र ICT को सीमित प्रयोगले विद्यार्थीको सिकाइमा प्रभाव पारिरहेको छ । जसका कारण शैक्षिक नतिजा अपेक्षाकृत हुन नसकेकाले शिक्षण-सिकाइ प्रक्रियामा सुधार आवश्यक देखिन्छ ।

३. विद्यार्थीको सक्रिय सहभागिता, फिल्ड भिजिट, प्रोजेक्ट वर्क, इन्टर्नसिप र अनुसन्धानमा आधारित शिक्षण सिकाइमा कमजोरी देखिएकाले प्रविधिमैत्री र विद्यार्थी-केन्द्रित शिक्षण विधि अपनाउनुपर्ने आवश्यकता छ ।

४. विद्यार्थीले कक्षा छाड्नुका प्रमुख कारणहरूमा आर्थिक समस्या, पारिवारिक जिम्मेवारी, रोजगारी तथा वैदेशिक रोजगारप्रतिको आकर्षण, कमजोर शैक्षिक नतिजा र कमजोर शैक्षिक परामर्श रहेका छन् ।

५ . क्याम्पसको मुख्य आम्दानी स्रोत विद्यार्थी शुल्क रहेकोमा विद्यार्थी भर्नादर घट्दै जाँदा आर्थिक स्थायित्व चुनौतीपूर्ण देखिन्छ ।

६. विद्यार्थी भर्नादर घट्दै जाँदा क्याम्पसको वित्तीय अवस्था कमजोर हुँदै गएको संकेत गर्दछ । यसले क्याम्पसको शैक्षिक र आर्थिक दुवै पक्षमा नकारात्मक प्रभाव पारेको हुनाले दीर्घकालीन शैक्षिक गुणस्तर सुधारका लागि पर्याप्त आर्थिक स्रोतको व्यवस्थापन आवश्यक देखिन्छ ।

७. क्याम्पसमा व्यवस्थापकीय संरचना भए पनि कार्यान्वयन पक्षमा कमजोरी देखिएकाले नीति नियमहरुको पूर्ण कार्यान्वयन गर्नु पर्ने देखिन्छ ।

८. व्यवस्थापकीय संरचना आधारभूत रूपमा क्रियाशील भए पनि दीर्घकालीन योजना, स्रोत परिचालन र गुणस्तर सुधारका लागि अझ सुदृढ व्यवस्थापन आवश्यक देखिन्छ ।

९. स्थानीय सरकार, राजनीतिक दल, पूर्व विद्यार्थी, उद्योग वाणिज्य संघ र समुदायसँग समन्वय बढाउनु पर्ने देखिन्छ ।

१०. पारदर्शिता, स्रोत व्यवस्थापन र समुदायसँगको सहकार्य क्याम्पसका बलिया पक्ष हुन् । क्याम्पस आफ्ना समस्या पहिचान गर्न सफल भए पनि त्यसलाई समाधान गर्न नसकेको देखिन्छ ।

११. क्याम्पस प्रति समुदाय, राजनीतिक दल र स्थानीय सरकारको स्पष्ट धारणा बन्न नसकेकाले यसलाई सुधार गर्नु नितान्त आवश्यक देखिन्छ ।

१२. क्याम्पसलाई अनुसन्धान केन्द्रका रुपमा विकास गर्ने लक्ष्य लिइए तापनि क्याम्पसमा अनुसन्धान सम्बन्धी गतिविधिहरु कमजोर रहेकाले क्याम्पसलाई अनुसन्धान केन्द्रको रुपमा विकास गर्नुपर्ने देखिन्छ । साथै शिक्षकहरुलाई वृत्तिविकासका अवसरहरु प्रदान गर्नुपर्ने देखिन्छ ।

१३. स्थानीय सरकार, राजनीतिक दल, समुदाय र अन्य सरोकारवालाबीच प्रभावकारी सहकार्य र साझा प्रतिबद्धता भएमा क्याम्पसको शैक्षिक गुणस्तर, भर्नादर वृद्धि र संस्थागत स्थायित्व हुने देखिन्छ ।

# अध्याय पाँच
# सारांश, निष्कर्ष र सिफारिस

## ५.१ सारांश

यस अध्ययनको उद्देश्य जनज्योति क्याम्पस, भिमाद-६, तनहुँको शैक्षिक गुणस्तर, आर्थिक अवस्था, व्यवस्थापकीय पक्ष तथा विद्यार्थी भर्नादर घट्नु र कक्षा छाड्ने दर बढ्नुका कारणहरूको खोजी गरी सुधारका उपायहरू पहिचान गर्नु हो । क्याम्पसले ग्रामीण तथा आर्थिक रूपमा कमजोर वर्गका विद्यार्थीहरूका लागि उच्च शिक्षा प्रदान गर्दै आइरेको हुँदा यसको संस्थागत स्थायित्व र विकास यस क्षेत्रको विकाससँग प्रत्यक्ष सम्बन्धित हुन्छ । यस अध्ययनमा मिश्रित अनुसन्धान विधि अपनाइएको छ । तथ्याङ्क सङ्कलनका लागि संरचित प्रश्नावली, अर्ध-संरचित अन्तर्वार्ता, क्याम्पसका प्रशासनिक तथा शैक्षिक अभिलेखहरुको अध्ययन, तथा विभिन्न सरोकारवालासँग गरिएको समूह केन्द्रित छलफल प्रयोग गरिएको छ । अध्ययनको नमुना विद्यार्थी, अभिभावक, शिक्षक-कर्मचारी, पूर्वविद्यार्थी, क्याम्पस सभासद्, स्थानीय राजनीतिक दलका प्रतिनिधि, स्थानीय तहका जनप्रतिनिधि तथा समुदायका अगुवाहरू गरी जम्मा ३१० जना रहेका छन् ।

सङ्कलित संख्यात्मक तथ्याङ्कलाई तालिका, प्रतिशत र रेखाचित्रमार्फत विश्लेषण गरिएको भने गुणात्मक तथ्याङ्कलाई विषयगत रूपमा व्याख्या गरिएको छ । अध्ययनले क्याम्पसमा विद्यार्थी संख्या घट्दै गएको, कक्षा छाड्ने दर बढ्दो रहेको, शैक्षिक नतिजा अपेक्षाअनुसार नरहेको र आर्थिक तथा व्यवस्थापकीय क्षेत्रमा पर्याप्त चुनौतीहरू रहेको तथ्य उजागर गरेको छ ।

## ५.२ अध्ययनको निष्कर्ष

१. क्याम्पसमा पछिल्ला वर्षहरूमा विद्यार्थी भर्नादर घट्दो क्रममा रहेको छ भने कक्षा छाड्ने दर उल्लेखनीय रूपमा बढेको छ जसले क्याम्पसको संस्थागत स्थायित्वमा नकारात्मक असर पारेको छ ।

२. पहिलो वर्षमा विद्यार्थी भर्ना संख्या तुलनात्मक रूपमा उच्च भए पनि दोस्रो र तेस्रो वर्षमा निरन्तर कमजोर देखिएको छ ।

३. शैक्षिक नतिजाको विश्लेषणले नियमित उत्तीर्ण दर न्यून रहेको देखाएको छ जसले शिक्षण-सिकाइ प्रक्रिया, मूल्याङ्कन प्रणाली तथा शैक्षिक सहयोग सेवामा सुधार आवश्यक रहेको पुष्टि गर्दछ ।

४. विद्यार्थी कक्षा छाड्नुका प्रमुख कारणहरूमा आर्थिक कठिनाइ, रोजगारी तथा वैदेशिक अवसरप्रति आकर्षण, विवाह र पारिवारिक जिम्मेवारी, क्याम्पसमा सीमित शैक्षिक कार्यक्रम तथा कमजोर शैक्षिक परामर्श प्रणाली रहेका छन् ।

५. क्याम्पसको आर्थिक संरचना मुख्यतया विद्यार्थी शुल्कमा निर्भर छ । सरकारी अनुदान, स्थानीय तहको सहयोग र अन्य वैकल्पिक आम्दानीका स्रोतहरू अपर्याप्त तथा अनियमित छन् ।

६. व्यवस्थापकीय दृष्टिले क्याम्पसमा क्याम्पस व्यवस्थापन समिति र आन्तरिक गुणस्तर आश्वासन समिति सक्रिय रहे पनि दीर्घकालीन रणनीतिक योजना कार्यान्वयन, अनुसन्धान प्रबर्द्धन र नवप्रवर्तनमा कमजोरी देखिन्छ ।

७. स्थानीय सरकार, राजनीतिक दल, समुदाय र क्याम्पस बीच प्रभावकारी सहकार्य र स्पष्ट नीतिगत आधार भएमा क्याम्पसको शैक्षिक गुणस्तर र दीर्घकालीन स्थायित्व सुधार गर्न सकिने सम्भावना देखिन्छ ।

## ५.३ सिफारिस :

अध्ययनका निष्कर्षहरूको आधारमा निम्न सिफारिसहरू प्रस्तुत गरिएको छ :

शैक्षिक सुधारसम्बन्धी सिफारिस

- विद्यार्थी केन्द्रित शिक्षण विधि अपनाउने र ICT को प्रयोग वृद्धि गर्ने,
- विद्यार्थीलाई नियमित मूल्याङ्कन, शैक्षिक परामर्श तथा मार्गदर्शन गर्ने,
- प्रोजेक्ट अनुसन्धान, इन्टर्नसिप र फिड वर्क जस्ता अभ्यासमूलक शिक्षण विधि प्रयोग गर्ने,
- शिक्षकहरूको पेशागत विकासका लागि तालिम, सेमिनार, अनुसन्धान र प्रकाशनमा प्रोत्साहन गर्ने,
- शिक्षकहरुलाई पेशागत अवसर प्रदान गर्ने,
- आलोचनात्मक सोच, समस्या समाधान क्षमता र नवप्रवर्तन क्षमताका लागि कार्यशाला र सेमिनार सञ्चालन गर्ने,

विद्यार्थी भर्ना र टिकाइसम्बन्धी सिफारिस

- आर्थिक रूपमा कमजोर विद्यार्थीका लागि छात्रवृत्ति सुविधा उपलब्ध गराउने,
- कक्षा छोड्ने जोखिम भएका विद्यार्थीहरूको प्रारम्भिक पहिचान गरी आर्थिक सहयोग र परार्मश प्रदान गर्ने,
- अभिभावक, विद्यार्थी र समुदायलाई समेटेर भर्ना तथा अभिमुखीकरण कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गर्ने,
- विद्यार्थी रोजगारमुखी तालिमहरु सञ्चालन गर्ने,
- शिक्षण गतिविधिहरु रोचक र आकर्षण बनाउने,

आर्थिक सुधारसम्बन्धी सिफारिस

- स्थानीय तह, अन्य सहयोगी सस्था र विश्वविद्यालय अनुदान आयोगसँग दीर्घकालीन आर्थिक साझेदारी विकास गर्ने,
- तालिम, छोटो अवधिका कोर्स, परामर्श सेवा तथा अनुसन्धान परियोजनामार्फत आन्तरिक आयस्रोत विस्तार गर्ने,
- सिक्दै कमाउँदै कार्यक्रम सञ्चालन गर्ने,
- दाताहरुको पहिचान गरी अक्षयकोष स्थापना गर्न प्रेरित र सम्मान गर्ने,
- पूर्व विद्यार्थीहरु क्याम्पसको महत्वपूर्ण सम्पति रहेको हुँदा पूर्व विद्यार्थी संघलाई परिचालन गरी आर्थिक सङ्कलन अभियान कार्यलाई निरन्तर रुपमा अगाडि बढाउने,
- भिमाद नगर उद्योग वाणिज्य संघ र उद्यमीहरुसँग सहकार्य गरेर व्यवसायिक परियोजनाहरु सञ्चालन गरी क्याम्पसको नियमित आम्दानी बढाउने ,

व्यवस्थापकीय तथा नीतिगत सिफारिस

- क्याम्पसको पञ्चवर्षीय रणनीतिक योजना प्रभावकारी रूपमा कार्यान्वयन गर्ने,
- अनुसन्धान, नवप्रवर्तन र डिजिटल शिक्षामा लगानी बढाउने,
- सामुदायिक क्याम्पसका लागि राज्यको स्पष्ट नीति, कानुनी अभिभावकत्व र नियमित अनुदान व्यवस्था सुनिश्चित गर्ने,
- नीति नियमको कडाइका साथ पालन गर्ने,

## ५.४ भावी अनुसन्धानका लागि सुझाव

- अन्य सामुदायिक क्याम्पसहरूसँग तुलनात्मक अध्ययन गर्न सकिने,
- विद्यार्थीले कक्षा छाड्ने कारणको अध्ययन गर्न सकिने,
- स्थानीय सरकार र सामुदायिक क्याम्पसबीचको साझेदारी मोडेलमाथि थप अनुसन्धान गर्न सकिने,

# सन्दर्भ सामग्री


आचार्य य . (2023) . नेपालमा उच्च शिक्षाः मूल समस्या र समाधानका उपायहरू *(विकासको निम्ति शिक्षा)*, *25*(1), 202–219 . https://doi .org/10 .3126/bns .v45i25 .59981

खनाल, श्रीराम । (२०७६, श्रावण २२) । सुसमाचार नागरिक । नागरिक न्युज । https://nagariknews .nagariknetwork .com/opinion/187005-1565150340 .html

वाग्ले, मनप्रसाद(२०७७),वि.स. २०७७ माघ १ गते सेरिङद्वारा आयोजित कार्यक्रममा कार्यपत्रमाथिको टिप्पणी र सुझाव ।

विश्वविद्यालय अनुदान आयोग (२०२४),शिक्षा व्यवस्थापन सूचना प्रणाली २०२४, भक्तपुर :विश्वविद्यालय अनुदान आयोग ।

शर्मा, गोपिनाथ (२०६५),शिक्षाको इतिहास भाग १,काठमाडौं :पैरवी प्रकाशन ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय । (२०२४) । उच्च शिक्षा तथ्याङ्क २०२३/२४ । नेपाल सरकार । https://moest .gov .np

जनज्योति उच्च माध्यमिक विद्यालय। (२०६३)। *विद्यालय व्यवस्थापन समितिको बैठक पुस्तिका २०६३।* जनज्योति उच्च माध्यमिक विद्यालय, भिमाद, तनहुँ।

जनज्योति क्याम्पस। (२०६८)। *लेखापरीक्षण प्रतिवेदन २०६८।* जनज्योति क्याम्पस, भिमाद-६, तनहुँ।

जनज्योति क्याम्पस। (२०७०)। *जनज्योति स्मारिका २०७०।* जनज्योति क्याम्पस, भिमाद, तनहुँ।

जनज्योति क्याम्पस। (२०८०)। *जनज्योति स्मारिका २०८०।* जनज्योति क्याम्पस, भिमाद, तनहुँ।

जनज्योति क्याम्पस (२०२०), *स्वअध्ययन प्रतिवेदन २०२०* : जनज्योति क्याम्पस भिमाद, तनहुँ

जनज्योति क्याम्पस (२०२२), *स्वअध्ययन प्रतिवेदन २०२२* : जनज्योति क्याम्पस भिमाद, तनहुँ

जनज्योति क्याम्पस (२०१९) । *जनज्योति क्याम्पस पाँच वर्षीय योजना २०१९-२०२४ ।* जनज्योति क्याम्पस भिमाद, तनहुँ

नेपाल पब्लिक क्याम्पस सङ्घ (२०८१) । *नेपालका सामुदायिक क्याम्पसहरूको दिगोपन र उत्कृष्टता* : (अप्रकातिश प्रस्ताव) काठमाडौं । https://npca .edu .np/media/downloads/Dialogue_of_NPCA .pdf

Acharya, D. R. (2024). *An analysis of student assessment practices in higher education of Nepal. Molung Educational Frontier, 12*(1). https://doi.org/10.3126/mef.v12i01.45898

Acharya, M., Acharya, K. P., & Gyawali, K. (2022). *Higher education status in Nepal: Possibilities and prospects. The Educator Journal, 10*(1), 105–118. https://doi.org/10.3126/tej.v10i1.46733

Appavoo, P., Gungea, M., & Sohoraya, M. (2023). Drop-out among ODL learners: A case study at the Open University of Mauritius. *Journal of Educational Technology and Online Learning, 6*(3), 665–682. https://doi.org/10.31681/jetol.1273563

Baral, R. K. (2021). *Problems and challenges in higher education reforms in Nepal. TU Bulletin Special Issue, 5*(1), 12–19. https://www.academia.edu/50245087

Bista, C. B. (2025). *Quality assurance and continuous improvement in higher education: A case study of Nepal. AMC Multidisciplinary Research Journal, 4*(1), 13–26. https://doi.org/10.3126/amrj.v4i1.78673

Chimariya, D. R. (2024). *Community campuses in Nepal: Challenges and the way forward.* https://doi.org/10.13140/RG.2.2.30024.74240

Dahal, N. C., & Baral, Y. (2024). *Reimagining higher education in Nepal: Challenges and opportunities. Educational Journal, 3*(2), 84–95. https://doi.org/10.3126/ej.v3i2.83375

Dangal, M. R., & Karki, I. (2025). *Rethinking higher education in Nepal through the perspective of PMPD. State, Society and Development: PMPD Perspectives, 3*(1). https://doi.org/10.3126/ssd.v3i01.81304

Devkota, K. M., & Timilsena, N. P. (2024). *A media analysis on the current situation of Nepalese higher education policy discourse. Innovative Research Journal, 3*(2), 80–90. https://doi.org/10.3126/irj.v3i2.79487

Gautam, T. P., Mishra, A. K., & Shailashri, V. T. (2025). *Toward quality culture in Nepalese higher education: A systematic review of QMSS in affiliated colleges. Intellectual Journal of Academic Research, 3*(1). https://doi.org/10.3126/ijar.v3i1.83630

Ghimire, M., Mishra, A., & Bolar, J. (2024). *Exploring dropouts as challenges in higher education in Nepal: A comprehensive review. International Research Journal of MMC (IRJMMC), 5*(2), 21–28. https://doi.org/10.3126/irjmmc.v5i2.67727

Gnawali, S. D. (2024). *Higher education in Nepal: Adapting to change. The Harvest, 4*(1). https://doi.org/10.3126/harvest.v4i1.75358

Joshi, B. M., Acharya, U., & Khatiwada, S. P. (2024). *Policy versus reality: Challenges of implementing ICT in higher education in Nepal. Pragyaratna प्रज्ञारत्न, 6*(2), 226–234. https://doi.org/10.3126/pragyaratna.v6i2.71003

K.C., R. (2025). *Gender equity in higher education leadership in Nepal. Women in Education Journal, 6*(1), 30–44.

K.C., R. (2025). *Regional disparities in access to higher education in Nepal. Journal of Inclusive Education, 3*(2), 55–68.

Karna, M. K. (2024). *Tracing some challenges of higher education historically in Nepal through Tribhuvan University. Historical Journal, 15*(2), 62–73. https://doi.org/10.3126/hj.v15i2.70673

KC, H. S. (2025, June 18). *Challenges in higher education in Nepal. The HRM Nepal.* https://thehrmnepal.com/opinion/challenges-in-higher-education-in-nepal/

Kiss, V., Maldonado, E., & Segall, M. (2022). The use of semester course data for machine learning prediction of college dropout rates. *Journal of Higher Education Theory and Practice, 22*(4), 64–74.

KIST College. (2024). *Nepal's higher education reform: Obstacles, prospects, and advancement routes.* https://kist.edu.np/blog/nepal-s-higher-education-reform-obstacles-prospects-and-advancement-routes

Kocsis, Á., & Molnár, G. (2024). Factors influencing academic performance and dropout rates in higher education. *Oxford Review of Education,* 1–19. http://dx.doi.org/10.1080/03054985.2024.2316616

Martin Chautari. (n.d.). *Critical issues in higher education in Nepal.* https://martinchautari.org.np/storage/files/chapter1-criticalissuesinhighereducationinnepal.pdf

Maslow, A. H. (1943). A theory of human motivation. *Psychological Review, 50*(4), 370–396. https://doi.org/10.1037/h0054346

Mustaffa, J. B. (2022). Racial justice beyond credentials: The radical politics of a black college dropout. *Urban Review, 54,* 318–338. https://doi.org/10.1007/s11256-021-00612-3

Nurmalitasari, Zalizah, A. L., & Mohammad Faizuddin, M. N. (2023). Factors influencing dropout students in higher education. *Education Research International, 2023.* https://doi.org/10.1155/2023/7704142

Ouma, D. H., Ting, Z., & Pesha, J. C. (2017). Analysis of the socio-economic factors that contribute to children school dropout in artisanal small-scale gold mining communities of Tanzania. *Journal of Education and Practice, 5*(1), 53–70. Retrieved from https://files.eric.ed.gov/fulltext/EJ1143926.pdf

Paudel, K. P. (2021). *Dimensions of academic performance in the context of Nepali higher education institutions. Journal of Education and Research, 11*(1), 29–48. https://doi.org/10.51474/jer.v11i1.497

Salmi, J. (2009). *The challenge of establishing world-class universities. Directions in Development: Human Development.* World Bank. http://hdl.handle.net/10986/2600

Samašonok, K., Kamienas, E., & Juškevičienė, A. (2023). Factors determining dropouts from higher education institutions. *Entrepreneurship and Sustainability Issues, 10*(3), 151–169. https://doi.org/10.9770/jesi.2023.10.3(11)

Santos-Villalba, M. J., Alcalá del Olmo Fernández, M. J., Montenegro Rueda, M., & Fernández Cerero, J. (2023). Incident factors in Andalusian university dropout: A qualitative approach from the perspective of higher education students. *Frontiers in Education, 7.* https://doi.org/10.3389/feduc.2022.1083773

Sapkota, T. (2024). *Quality culture in higher education institutions in Nepal: Experiences and perceptions of students, teaching and non-teaching staff. Academia Journal of Humanities & Social Sciences, 2*(1). https://doi.org/10.3126/ajhss.v2i1.77157

Shin, J. C., & Kehm, B. (2013). *The world-class university in different systems and contexts.* In J. C. Shin & B. Kehm (Eds.), *Institutionalization of world-class universities in global competition* (pp. 1–13). Springer. https://link.springer.com/book/10.1007/978-94-007-4975-7

Shuja, A., Ali, A., Khan, S. S. A., Burki, S. B., & Bilal, S. (2022). Perspectives on the factors affecting students' dropout rate during COVID-19: A case study from Pakistan. *SAGE Open, 12*(2). https://doi.org/10.1177/21582440221097378

Silva, C. A. G., & Diaz, J. P. (2023). Dropout among students in higher education: A case study. *Universidad Ciencia y Tecnología, 27*(119), 18–28. https://doi.org/10.47460/uct.v27i119.703

Simkhada, R. K., & Khan, G. (2023). *An inclusive study on the education system in Nepal faces various challenges and issues. International Journal of Economic Perspectives, 17*(1), 183–188.

Singh, D. R. K. (2024). *Nepal's higher education reforms: Aligning with global standards. Journal of Education, Ethics and Value, 3*(9), 28–33.

Subedi, G. (2025). *Exploring the expansion, equity and excellence and emergent challenges in higher education in Nepal. Perspectives on Higher Education, 15*(2), 121–136. https://doi.org/10.3126/phe.v15i02.81112

Subedi, L. N. (2023). Factors influencing students' dropout in bachelor's program in Kalika Multiple Campus, Pokhara. *Kalika Journal of Multidisciplinary Studies, 5*(1), 47–62. https://doi.org/10.3126/kjms.v5i1.60909

Subedi, P. (2025). *Knowledge management in higher education in Nepal: Current practices, challenges, and future prospects. TULSSAA Journal, 12*(1), 44–62. https://doi.org/10.3126/tulssaa.v12i1.77250

The Borgen Project. (2024). *Addressing challenges in higher education in Nepal.* https://borgenproject.org/higher-education-in-nepal/

Timalsina, S., & Katwal, S. (2025). *The challenges of higher education students in balancing work and study life at a community college in Godawari Municipality, Nepal. Janabhawana Research Journal, 4*(1), 102–118. https://doi.org/10.3126/jrj.v4i1.82426

Toyon, M. A. S. (2023). Student employees' dropout intentions: Work excuse and university social capital as source and solution. *European Journal of Educational Research, 12*(3), 1329–1348. https://doi.org/10.12973/eu-jer.12.3.1329

Valencia-Arias, A., Chalela, S., Cadavid-Orrego, M., Gallegos, A., Benjumea-Arias, M., & Rodríguez-Salazar, D. Y. (2023). University dropout model for developing countries: A Colombian context approach. *Behavioral Sciences, 13*(5), 382. https://doi.org/10.3390/bs13050382

Vega, Y. L. C., & Carril-Verastegui, B. D. (2023). Application of data mining to understand some factors that influence student dropout. *Athenea Engineering Sciences Journal, 4*(12), 7–13. https://doi.org/10.47460/athenea.v4i12.53

Wells, S., Bechard, S., & Hambly, J. V. (1989). How to identify at-risk students: A series of solutions and strategies. *Clemson, SC: National Dropout Prevention Center at Clemson University.*

Appendix

**अनुसूची नं. १**

*विद्यार्थीका मूल्याङ्कनमा क्याम्पसको* **समस्या, चुनौती**

| | | | |
|---|---|---|---|
| सैद्धान्तिक शिक्षणमा जोड,प्रयोगात्मक फिल्डटिप, शैक्षिक भ्रमण जस्ता कार्यहरु हुन नसक्नु | ६ | बजारमा रहेका विभिन्न संघ सस्था र रोजगारदातासंग सहकार्य गरी रोजगारीका अवसरहरु उपलब्ध गराउनु , | ४ |
| यातायात र छात्रावासको व्यवस्था हुन नसक्नु | ६ | यातायतको साधन खरिद गरी यातायात सुविधा उपलब्ध गराउनु | ३ |
| क्यम्पस शुल्क घेरै हुनु | १२ | छात्रावासको व्यवस्था गर्नु | ५ |
| पुस्तकालयमा पूस्तक संख्या कमि तथा नयाँ संकरणका पूस्तकहरुको अभाव | १६ | छात्रवृत्तिको व्यवस्था गर्नु | ४ |
| प्रशासनभित्र बढी राजनीति हुनु | ६ | छात्रहरुको संख्या कमि हुनु , उपस्थिति कम हुनुका साथै अभिभावकको सहभागिता कमी | १ |
| खाजाको व्यवस्था राम्रो नभएको /क्यान्टीन व्यवस्थामा समस्या | ४ | गुणस्तरीय शिक्षा उपलब्ध गराउन | १ |
| विद्यार्थी उपस्थिति संख्यामा कमि | ८ | आन्तरिक श्रोतबाट खर्चको व्यवस्थापन गर्न | १ |
| शौचालय सरसफाइमा कमी | ४ | गुणस्तर सुधारमा युजिसिको दवाव | १ |
| विद्यार्थीलाई उपयोगी तालिम तथा कार्यक्रमको अभाव | ३ | स्नातकोत्तर तह सञ्चालनका नीति तथा मापदण्ड नर्जुमा गर्नु | ३ |
| शैक्षिक कार्यपात्रोमा उल्लेख भएका कार्यक्रम पनि सञ्चालन हुन नसक्नु | ३ | सुचना प्रविधिको प्रयोग गरी सिकाइ प्रक्रिया प्रभावकारी बनाउन , | ३ |
| छात्रछात्राको लागि अलगअलग शौचालयको व्यवस्था हुन नसक्नु तथा शौचालय संख्यामा कमि | ६ | क्याम्पसका नीति नियम विनियम शंसोधन तथा परिमार्जन गर्न | १ |
| रोजगारमा नरहेका विद्यार्थी पनि पूरा समय क्याम्पसमा नरहनु , | ५ | धेरै संख्यामा दक्ष सक्षम र प्रतिस्पर्धी जनशक्ति उत्पादन गर्न | २ |
| शौचालयमा सेनेटरी प्याडको व्यवस्था नहुनु , | ४ | क्युएए प्राप्त गर्न | २ |
| आइ सी टिको प्रयोग नहुनु तथा सबै कक्षा कोठामा आइसीटिको व्यवस्था नहुनु | ६ | सिकाइ प्रक्रियामा विद्यार्थीहरुलाई सक्रिय बनाउन | ४ |
| अतिरिक्त क्रियाकलापमा कमी /खेलकुद कार्यक्रम कम हुनु, | ९ | अभिभावकहरको सहभागिता बढाउन | ३ |

| | | | |
|---|---|---|---|
| कक्षाकोठा सरसफाइमा ध्यान नदिनु | ३ | ग्रामिण क्षेत्रमा प्राविधिक शिक्षाको विस्तार गर्न | ४ |
| विद्यार्थी संख्या कमी हुनु | ३ | रोजगारमुखी र व्यवहारिक ज्ञान दिने पाठ्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्न | २ |
| कक्षा छाड्ने दर बढ्नु | २ | छात्रछात्राका लागि अलगअलग शौचालयको व्यवस्था गर्न | ३ |
| इ लाइब्रेरीको असुविधा | १ | खेलकुद सम्बन्धी कार्यक्रमहरु बढाउन | ५ |
| खाजा खाने समयको कमी | २ | विद्यार्थीहरुको उपस्थितिलाई नियमित गराउन | २ |
| प्रशासनिक कार्यमा कमजोरी तथा ढीलासुस्ती | ३ | प्रतिस्पर्धात्मक क्रियाकलापहरु सञ्चालन गर्न | १ |
| राम्रो शिक्षा र रोजगारीका लागि विदेश जाने क्रम बढ्नु | ४ | विद्यार्थीहरु राजनीतिमा लाग्न रुचाउनु र क्याम्पसबाटै यसको स्वीकृति दिनु | १ |
| पढाइप्रति विद्यार्थीको चासो  कम हुनु | ३ | विद्यार्थी भर्ना संख्या बृद्धि गर्नु | ४ |
| क्यन्टिनमा खाजाको मुल्य बढी हुनु | १ | विद्यार्थीहरुको क्याम्पस छोड्ने दर बढ्दै जानु | ३ |
| पुस्तकालयमा पाठयपुस्तक बाहेक बाहिरी ज्ञानका पुस्तकको कमी | २ | विद्यार्थीहरुलाई आइसिटिको प्रयोगमा पहुच बृद्धि गराउनु | १ |
| आन्तरिक परीक्षाको पुरस्कार समयमानै वितरण नहुनु | १ | बसाई सराई | |
| एकाइ  परीक्षा लिइए तापनि विद्यार्थीको अवस्थालाई गहन रुपमा नहेरिनु | १ | दक्ष एवम् अनुभवी शिक्षक ,आर्थिक सामाजिक भौतिक पक्ष | २ |
| सुचानाहरु समयमा नै संप्रेषण नहुनु | १ | छिमेकी पालिका ,सम्पुर्ण प्र.अ हरुलाई जिम्मेवार बनाउनु | १ |
| जान्ने र सिपालु विद्यार्थीलाई मात्र महत्व दिइनु | १ | बजारसंग मेल नखाने शिक्षा | १ |
| साधन स्रोतको कमी हुनु | २ | विद्यार्थीहरुले अभिभावकलाई नटेर्नु | १ |
| विद्यार्थीको आवश्यकता र उपयुक्तता पहिचान गरी छात्रवृत्ति वितरण नगरिनु | १ | शिक्षक र विद्यार्थी विच समन्वयको कमी | १ |
| सरकारी अनुदान पर्याप्त हुन नसक्नु | १ | उपयुक्त खेलमैदानको अभाव | १ |
| वृत्तिविकासको मार्गदर्शनको कमी | १ | अध्ययन र रोजगारीका लागि विदेशिने विद्यार्थीहरुलाई रोक्नु | ५ |

*श्रोत: सर्वेक्षण २०८२*

**अनुसूची नं. २ *क्याम्पस सभासद् र अभिभावकको मूल्याङ्कनमा क्याम्पसको समस्या, चुनौती***

| समस्या र चुनौती | सङ्ख्या | समस्या र चुनौती | सङ्ख्या |
|---|---|---|---|
| यातायातको र छात्रावासको व्यवस्था नहुनु | ८ | क्याम्पसको स्वामित्वमा जग्गा नहुनु | ४ |
| राजनैतिक प्रभाव एवं विद्यार्थी संघ सगंठनको बढ्दो सक्रियता हुनु । | २१ | समुदायले QAA को महत्व नबुझ्नु | ३ |
| अभिभावक र समुदायको क्याम्पसप्रति चासा कम हुनु | ३२ | विद्यार्थी र प्रशासन बिच समन्वयको अभाव | ५ |
| रोजगारीको अभाव | ७ | स्पष्ट नीति तथा योजना नहुनु | ३ |
| विद्यार्थी सङ्ख्या र भर्नादर कम | १९ | विद्यार्थी अनुशासन र समयपालनाका अभाव | ५ |
| शैक्षिक गुणस्तर नहुनु | ९ | प्रचारप्रसारको अभाव | ४ |
| मनोवैज्ञानिक परामर्शको अभाव | २ | समुदायसँग अन्तरक्रिया र समन्वयको अभाव | ५ |
| शिक्षक तालिम र सम्मानको अभाव | ५ | खानेपानीको समस्या | ३ |
| प्रविधिमैत्री शैक्षिक वातावरण नहुनु | ६ | दिवाकालीन पठनपाठन नहुनु | ३ |
| आर्थिक समस्या, सरकारी अनुदानको अभाव | १७ | शिक्षकको उपस्थिति कम | १ |
| दक्ष शिक्षक नहुनु | ८ | शिक्षक फेरबदल भइरहने | १ |
| | | लेख रचना र अनुसन्धान प्रकाशन नहुनु | ५ |
| व्यवहारिक पाठ्यक्रमको अभाव | २४ | निर्णय प्रकृयामा ढिलासुस्ती | १ |
| चार वर्षे शैक्षिक संरचना | ६ | शैक्षिक र भौतिक स्रोतसाधनको कमी | ३ |
| कक्षा छाड्ने दर बढ्नु विद्यार्थी उपस्थिति कम | ८ | छात्रवृत्ति वितरणमा निष्पक्ष नहुनु | ४ |
| सामुदायिक क्याम्पस प्रती सरकारको चासो र चिन्ता कम हुनु | ९ | प्रयोगात्मक शिक्षा नहुनु | २ |
| नेतृत्व परिवर्तन नहुनु | ६ | नैतिक शिक्षा नहुनु | १ |
| छिमेकी विद्यालयको नकरात्मक प्रभाव | ६ | समाजको हस्तक्षेप बढी हुने | १ |
| अतिरिक्त कियाकलाप कम हुनु | ५ | प्राध्यापक कर्मचारी आफैंले क्याम्पसको विकास गर्न नसकेको | १ |
| समुदाय र पूर्व विद्यार्थी सकिय नहुनु | १३ | शुल्क बढी | १ |
| विद्यार्थी मैत्री वातावरण नहुनु | १ | क्याम्पस, मा.वि. र बोर्डिङमा एउटै शिक्षक भएकोले नयाँपनको खोजी | १ |
| प्रदुषण बढी भएको | ४ | Guest lecturer नल्याउनु | ३ |
| समितिमा विज्ञताको अभाव | २ | सामाजिक सहभागितामा शिक्षकको उपस्थिति कम | १ |

*श्रोत: सर्वेक्षण २०८२*

**अनुसूची नं. ३**

***क्याम्पस सभासद् र अभिभावकको मूल्याङ्कनमा क्याम्पसको समस्या, चुनौती समाधानका उपायहरु***

| समाधानका उपायहरु | सङ्ख्या | समाधानका उपायहरु | सङ्ख्या |
|---|---|---|---|
| स्थानीय सरकारसँग परामर्श गरी आर्थिक स्रोत जुटाउनुपर्ने | २१ | क्याम्पसलाई अनुसन्धान केन्द्रकोरुपमा विकास गर्नुपर्ने | ३ |
| छात्रवृत्तिको व्यवस्था गर्नुपर्ने | ४ | छात्रावासको व्यवस्था गर्नुपर्ने | ६ |
| रोजगारीको व्यवस्था गर्नुपर्ने | १३ | समितिको राजनैतिक समस्या हटाउनुपर्ने | ५ |
| यातायात र होस्टलको व्यवस्था गर्नुपर्ने | ५ | प्रयोगात्मक शिक्षा हुनुपर्ने | २ |
| सीपमूलक र प्रविधिक शिक्षाको व्यवस्था गर्नुपर्ने | २० | विद्यार्थीलाई क्याम्पस उपस्थित हुन मन नलाग्नुको कारण पत्ता लगाउने | १ |
| शैक्षिक गुणस्तर वृद्धि गर्नुपर्ने | १० | नियमित अनुगमन हुनुपर्ने | ५ |
| भैतिक पूर्वाधारको विकास गर्नुपर्ने | १ | क्याम्पस प्रशासनलाई सहयोग सबैले गर्नुपर्ने | ३ |
| विद्यार्थी सङ्ख्या बृद्धि गर्नुपर्ने | १० | विद्यार्थी सङ्ख्या बढाउन अभिभावकले सहयोग गर्नुपर्ने | १ |
| प्रशासनिक सुधार गर्नुपर्ने | ३ | चमेनागृह स्वच्छ हुनुपर्ने | १ |
| विभिन्न विषय र सङ्काय थप गर्नुपर्ने | १९ | कार्यक्रममा अतिथि बोलाउँदा राजनैतिक व्यक्ति नबोलाउने | १ |
| आर्थिक सुधार गर्नुपर्ने | १२ | नियमित आम्दानीको स्रोत खोज्नुपर्ने | १ |
| प्रविधिमैत्री शैक्षिक वातावरण हुनुपर्ने | ८ | शैक्षिक संस्थालाई केन्द्रमा राख्नुपर्ने | १ |
| समितिमा राजनैतिक भागवण्डा हुन नहुने | ७ | प्राध्यापकहरु पूर्णकालीन हुनुपर्ने | ३ |
| प्रचारप्रसार गर्नुपर्ने (क्याम्पसको र विद्यार्थीको सफलताको कथाको) | १३ | Master Plan बनाएर अगाडि बढ्नुपर्ने | २ |
| शैक्षिक/प्राज्ञिक जमघट बढाउनुपर्ने | १२ | सरोकार पक्षसँग निरन्तर अन्तरक्रिया हुनुपर्ने | ३ |
| स्नातक ३ वर्षे बनाउनुपर्ने | ३ | विद्यार्थी नियमित उपस्थित हुनुपर्ने | ३ |
| अभिभावकसँग सल्लाह लिनु र दिनुपर्ने | ६ | अतिरिक्त क्रियाकलापमा जोड दिनुपर्ने | १ |
| नि:शुल्क शिक्षा हुनुपर्ने | ५ | वतावरण शान्त, स्वच्छ र सुरक्षित हुनुपर्ने | २ |
| स्व.वि.यू चुनाव गर्न नहुने (खारेज गर्नुपर्ने) | ११ | विद्यार्थीलाई अनुशासनमा राख्नुपर्ने | १ |
| दक्ष तथा अनुभव प्राप्त जनशक्ति हुनुपर्ने | ३ | शिक्षक मर्यादित हुनुपर्ने | १ |
| शिक्षक, विद्यार्थी र अभिभावक बिच राम्रो सम्बन्ध र छलफल हुनुपर्ने | १५ | पूर्व विद्यार्थी सकृय हुनुपर्ने | ८ |
| शिक्षक तालिम र सम्मानको व्यवस्था हुनुपर्ने | ६ | दिगो आर्थिक स्रोत जुटाउनुपर्ने | ८ |

७३

| | | | |
|---|---|---|---|
| क्याम्पसको लालपुर्जा हुनुपर्ने | २ | पुस्तकालय, खेलकुद र कम्प्युटर सुविधा बढाउनुपर्ने | ४ |
| वैदेशिक पलायन रोक्नुपर्ने | ६ | सिक्दै कमाउँदै कार्यक्रम ल्याउनुपर्ने | ५ |

*श्रोत: सर्वेक्षण २०८२*






समूह केन्द्रित छलफल






७६







७७





७८





७९






८०

# PROJECT WORK OF ERROR ANALYSIS

Janajyoti Campus, Bhimad-6
Tanahun

Janajyoti Campus
जनज्योति क्याम्पस
Estd. 2007 Bhimad-6, Tanahun

Subject: Foundations of language and linguistics
Subject Code: (426)
Prepared by: Arti Sunar
TU Symbol No: 6460003
Campus Roll. No: 7 (Seven)

2076/7/20

# 1. Introduction :-

An error is the use of word, speech act or grammatical items in such a way it seems imperfect and significant of an incomplete learning. Error may be in the speech or writing of a second or foreign language learner. Error results from incomplete knowledge and mistake is caused by lack of attention, fatigue, carelessness or some other aspects of performance.

Error analysis is a way for linguists researchers and educators to identity errors made by second language learners. Error analysis was created by stephen corder in 1970 in an attempt to streamline a larger to concept known a contrastive analysis. Where the letter holds that errors made by second language learners are the result of what they know if their first native language. Error analysis passes that specific errors are made for specific reasons possibly unrelated to transfer. Error analysis is limiting in nature as the process of identifying errors in time consuming and fails to recognize the correct usage patterns adopted by the second language learner.

Error analysis has mainly three kinds of stages for systematic study of error analysis. They are stated as follows: Recognition of errors, description of errors explanation of errors.

## 2. Objectives :-

The objectives of analysing the errors are as follows:

i) To find out the causes of committed by the students.

ii) To provide them with necessary help to overcome the errors comitted.

## 3. Methodology:

### 1) Sources of data:

The students of grade six studying in ~~To~~ Dharma Secondary school Bhimad-6 is the Secondary source in which the study is Mainly based.

### 2.) Sampling procedure:

Out of 15 students of the grade six of above mentioned school. one student was selected of random sampling procedure. They were given a task for writing on essay on ~~were~~ our Country Nepal giving the limit time of 25 minutes.

### 3.) Tools for data collection:

The test task of writing an essay was the tool of data Collection. The full marks of the test was 10.

4.) Analysis of the data:

1. Recognization of errors:

While checking paper following errors were recognized.

i) Countey

ii) Capacity

iii) devoteas

2. Description of errors:

i) Countey - punctuation error

ii) Capacity - graphological error

iii) has - grammatical error

iv) Most of the research work error in many places in basic sentence structure.

3. Explantation of errors:

i) 'Countey' instead of 'Country'

ii) 'Capacity' instead of 'capitalcity'

iii) 'devoteas' instead of 'devotees'

5) Finding:

The finding of the study are as follows:

i) Error in punctuation

ii) Error in grammatical

iii) Error in graphological

iv) Error in subject-verb, agreement and grammatical rule.

## Recommendations :-

i) Students should be provided enough time for the practice of sentence patterns.

ii) Spelling and use of punctuation should be focused.

iii) Students should be encouraged for their own creativity.

iv) Students centred method and teaching activities should be encourged to make students attractive in english class.

Janajyoti Campus
जनज्योति क्याम्पस
Estd. 2007
Bhimad-6, Tanahun

Name: Shishir Nepali
class : 6
Roll NO :- 14

6.5/10

Our country

Our country name is Nepal. Our country have 77 district and 14 zones. Our country have many river, pond, lake forest etc. Our country have many mountains, mount Everest is has the higest mountain. Our country lies between India and china. Our country is beautiful country. Our country have many temple. The tourist are visit in our country is very be have many trees. Our country have ma kinds of animals. Thousand of devotees visit this country from China, India and other parts the world. Kathmandu is the capital city of nepal. Our country is the second rich in resources of water in the world. Our country have many rivers Nepal vegarden an agriculture country. So, I like my country very much.

Thank you

Name : Manika Thapa
Roll No : 9
Class : 6

5/10

Our country

Our country name is Nepal. It ~~have~~ has ~~ne nighbour~~ neighbouring country. China and India. Our country have ~~75~~ 77 district ~~and~~ an... 14 zones in our Nepal. It ~~is~~ has cold and ~~hot~~ hot ~~seasons~~ seasons. Our country is ~~a~~ a very beautiful. Our country is a ~~A~~ very famous. Nepal is a very big country. There ~~is~~ are Many mountains. ~~of~~ in Nepal. ~~Mount~~ Mount Everest ~~is~~ has the hi... hest mountain of Nepal. Nepal is second ~~rich~~ rich and ... in water resources.

Thank you

Name :- Sima Nepali
Roll No :- 19
Class :- 6

7/10

our country

Our country name is Nepal. our country have 77 district and 14 zones. ~~in our~~ Nepal is ~~also~~ also called moutain country. our country ~~hade~~ have many mt. Everest. our country ~~is~~ flag is red. our country li~~es~~ between India and china. our ~~out~~ country is naturally beautiful country. The Many tourist visit our country. our country is very beautiful by mt. Evest, pond, lake and many kinds of Birds. In our country live in many kind of people. ~~live~~ Thousands ~~of~~ ~~devotes~~ devotees visit Temple like mana kamana, swym bunath Ram janaki temple and Ghorka like temple etc. Nepal is regarded an ~~an~~ agricultural country. our country is second rich in resources water in the world. so, I like my ~~contr~~ country very much.

Thank you

Name : puja sunar
class = 6
Roll NO = 12

6/10

Our country

Our country name is Nepal . our country is very big . ~~Our country is very big~~ . our country is very beautiful. our country ~~is both place of Nepal~~. our country have 77 district 14 zones . Our country lies between India or china . In our country ~~live in~~ . many people Mountains Everest is more than bigger of our country . ~~our country live many animals~~. Our country enviroment is very clean, the tourist is visting our country . Our country is second rich in resources of water in the world. So, I like my country very much .

Thank you

me : Sana Nepali
ss : 6
No : 4

Our Country

4.5/10

r country name is Nepal. our country Nepal is very small.
r country have 77 district and 14 zones. Nepal country
also called Mountain mountains. mount everest Nepal have many
ountains. mount everest has is the highest mountain of Nepal.
epalies between India and China. Nepal is naturally
eautiful country. Nepal have many temple, river, forest, human
ings and ponds. The tourists are visit our country
Nepal. Nepal live many people. Nepal have many villages
nd towns. Nepal thousands of devotes visit this country
ountry from India american and other parts of world
capital city of Kathamandu is the. Nepal is the second rich in
esources of water in the world. nepal is regarded
and agriculture I suppose nepal is one country.

Thank You

Name:- Prosana ~~Shrestha~~ Simal Thapa
class:- 6
Roll no:- 10

Our country

3/10

our country name is Nepal. our country is beautiful. our country is rich cultural heritage. mount everest lies ~~of~~ in ~~Nepal~~ nepal. There are many temples in nepal. ~~Nepal~~ is beautiful place ~~Nepalesaks~~ Nepal is second rich of trees. There are many animal in Nepal. I love my country very much. There are many hotels in Nepal. Dashain is agreates of festivals of Nepal.

Thankyou

# व्यावहारिक लेखन तथा भाषा सम्पादनको स्वरुप

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्कायं
स्नातक तह चौथो वर्षको व्यावहारिक लेखन तथा भाषा सम्पादन
(ने.पा.शि. ४४६) विषयको आन्तरिक मुल्याङ्कनको
प्रयोजनार्थ प्रस्तुत
अध्ययन पत्र

सृजना नेपाली
परीक्षा क्रमाङ्कन : ९०६४६००१६
त्रि.वि. दर्ता नं. ९-२-६४६-५६-२०१८

जनज्योति क्याम्पस
भिमाद-६, तनहुँ
२०७९/२०८०

त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त
Affiliated To Tribhuvan University
जनज्योति क्याम्पस
JANAJYOTI CAMPUS
भिमाद नगरपालिका - ६, तनहुँ नेपाल
Bhimad Municipality - 6, Tanahun, Nepal
स्थापित : २०६४
Estd.: 2007

प.सं./Letter No: २०७९/०८०
च.नं./Dispatch No :

र आवश्यक नपरेको वेला प्रयोग गर्न नपर्ने साधन हो । यस्तो साधनहरु धैरै महिलाहरुले पयोग गर्ने गरेका छन्, भने केही मात्र पुरुषहरुका लागि बनेका छन् । जस अन्तर्गत महिलाले प्रयोग गर्ने अस्थायी परिवार नियोजनका साधनहरु पिल्स, कपती, नरपालन्ट, तिन महिने सुई, फेमिडोम, कहिला कण्डम, कमल चक्की पर्दछन् भने पुरुषले प्रयोग गर्ने साधनमा कन्डम मात्र प्रयोगमा ल्याएको पाईन्छ । पुरुषले प्रयोग गर्ने साधन कन्डम सर्वसुलभ र सित्तैमापनि नेपाल सरकारले वाड्ने साधनकोरुपमा यसलाई लिन सकिन्छ । यो एकदम भरपर्दो र सजिलो तथा HIV/ AIDS तथा विभिन्न खालका यौनरोगहरु वाट एवम् एक व्यक्तिवाट अर्को व्यक्तिमा सर्नवाट रोक्ने काम गर्दछ । पुरुषले प्रयोग गर्ने साधन गोसिपल पुरुषले खाने चक्की हो । तर यो चिनमा उत्पादन भएपनि नेपलमा उपलब्ध छैन यसले गर्भनिरोधको काम गर्दछ । इच्छित सन्तान जन्माउनु, उचित जन्मान्तर अपनाउनु र परिवरमा वच्चाहरुको सङ्ख्या सिमित गर्ने उदेश्य प्राप्त गराउने अभ्यास हो ।

(महर्जन, २०६९)

## १.२ समस्याको कथन रअध्ययन क्षेत्र ( statement of the problem and study area )

चर जात छत्तिस वर्णको साझा फुलवारी नेपाल एक जैविक एवम् भौगोलिक जातिय विविधता भएको देश हो । यहाँका अधिकांश जनता निरक्षर छन त्यसै अधिकांश मानिसहरु गरिविको रेखामुनि रहेका छन् भने यहाँ विभिन्न किसिमका जातजति, धर्म, सस्कृति, मुल्यमान्यता, रीतितीथि आदि रहेका छन् ।तसर्थ यस्ता सास्कृतिकहरुमा विभिन्न किसिमका कुसस्कार, कुसस्कृति, अन्धविश्वासहरु रहेका छन् । जस्ले देशको जनसङ्ख्यामा प्रतिकुल असर पार्दछ । सानै उमेरमा विवाह गरिदिने छोराको महत्वले गर्दा धेरै सन्तानको जन्म दिन्छन् । गर्भनिरोधका साधनहरुको प्रयोग सम्वन्धि उचित ज्ञान हुदैन जसले गर्दा उनिहरुको परिवारको आर्थिक, सामाजिक, शैक्षिक उन्नत्ति हुदैन साथै स्वास्थ्यमा प्रतिकुल असर पुग्नगई मृत्यु समेत हुने गर्दछ ।

यस अध्ययनमा परिवार नियोजनका साधनहरुको ज्ञान स्रोत केके छन् ? परिवार नियोजनका साधनहरु केके छन् ? परिवार नियोजनका साधन कमलाई कसरी प्रयोग गर्ने भनि जानकारी दिन र लिन यस अध्ययनले सहयोग पुऱ्याउनेछ । परिवार नियोजनका साधनहरु प्रयोग गर्नुका कारणहरु केके छन् भन्ने कुरा पत्तालगाउन यस अध्ययमको महत्वको साथ यस क्षेत्रलाई अध्ययनको रुपमा छनौट गरिएको छ । यसमा परिवार नियोजनका साधनहरुको ज्ञान तथा उपयोगिता कत्तिको मात्रामा थाहा रहेछ ? ज्ञान भएपनि प्रयोग गर्ने मन गर्छन् कि गर्दैनन् ? कुन साधनलाई वदि प्राथमिकता वा प्रयोग गर्ने गर्छन् आदि जस्ता समस्या तथा पक्षहरुलाई पहिचान गर्न र समस्याको निकासका केहि हदसम्म भएपनि यस अध्ययनले सामधनका उपायहरु अवलम्वन गर्ने छ भन्ने आशा गरिएको छ ।

यो अध्ययन तनहुँ जिल्लाको भिमाद नगरपालिका वडा न. ६ मा वसोवास गर्ने १७५ घर परिवारमा जम्मा ४० घर परिवारका विवाहित महिलाहरुलाई छनोट गरि परिवार नियोजनका साधनहरु प्रतिको ज्ञान तथा दृष्टिकोणको वारेमा प्रश्नावलिहरु तयार गरि आवश्यकिय सुचना तथा तथ्याङकहरु प्राप्त गरि यो अध्ययन नमुना सर्वेक्षण पुरा गरेको छौं ।

### १.३ अध्ययनको उद्देश्य ( Objectives of study )

परिवार नियोजन भनेको वदी सन्तान भएकालाई सन्तान नजन्माउनका लागि आवश्यक सर सलाह दिनुका साथै कुनै दम्पत्तिको सन्तान छैनन् भने त्यस्तो दम्पतिलाई सन्तान जन्माउनको लागि सर सल्लाह तथा उचित सेवा दिनु हो । जनसङख्या वृद्धिको कारण देशमा विसंगतिले वृहत रुपलिई रहेको छ ।

यस अध्ययनका उद्देश्यहरु निम्नलिखित छन् :

१) विवाहित महिलाहरुमा परिवार नियोजनका साधनहरुको प्रयोग सम्वन्धी ज्ञान पत्ता लगाउने ,

२) महिलाहरुमा २ सन्तान विचको अन्तर सम्वन्धी धारणको अध्ययन गर्ने,

३) परिवार नियोजनका साधनहरु प्रयोग गर्न जाने स्थानको वारेमा अध्ययन गर्ने,

### १.४ अध्ययनको महत्व (Impotsnce of study)

सामाजिक रुदिवादी, अन्धविश्वास परम्परा, लैङिगक विभेद, असुरक्षित यौनव्यापार, गर्भपर्तन अधिकांश मातृशिशु मृत्युदर जकडिएको छ । त्यसैले हाम्रो जस्तो राष्ट्रमा स्वास्थ्य शिक्षा अपरिहार्य विशेष शिक्ष भएको छ यस अध्ययनको प्रमुख महत्व समुदायको प्रजनन उमेरका विवाहित महिलाहरुमा परिवार नियोजनको साधनहरुको प्रयोगको अध्ययनका साथै जनसङख्या वृद्धिदरलाई हल गर्न सहयोग पुऱ्याएको छ । यस अध्ययनको महत्वलाई निम्नअनुसार बुँदागत रुपमा प्रस्तुत गरिएको छ ।

१. प्रजनन स्वास्थ्य र गर्भनिरोधको साधनको प्रयोगको सम्वन्धमा सकरात्मक सोचको निर्माण गरि सुखि तथा गुणस्तरीग दाम्पतिय जिवनयापन गर्भनिरोधका साधनको प्रयोग सम्वन्धी देखिएका समस्यको समाधान गर्न सक्ने छ ।

२. गर्भनिरोधको साधनको प्रयोग सम्वन्धी देखिएका समस्याको समाधन गर्ने छ ।

३. प्रनजनन स्वास्थ्या तथा गर्भनिरोधको साधनको प्रयोगको क्षेत्रमा काम गर्ने अस्पातल, क्लिनिक, NGO,INGO जस्ता सस्थाहरुलाई स्वास्थ्य कार्यक्रम सञ्चालनको लागि र स्वास्थ सम्वन्धी अनुसन्धानका लागि द्धितिय तथ्याङकको रुपमा प्रयोग गर्न सहयोग पुऱ्याउने छ ।

४. यस अध्ययन पछि गरिने चेतनात्मक कार्यकक्रमवाट त्यो समुदायका प्रजनन उमेरका विवाहित महिलाहरुले परिवार नियोजनको साधनको प्रयोग सम्वन्धी सहिजानकारी प्राप्त गरेर आफ्नो आर्थिक, सामाजिक, परिवारिक, स्वास्थ्य स्थितिमा सुधार ल्याई सुखमय जिवनयापन गर्न सक्षम हुनेछन् ।

## १५ अध्ययनको सिमा ( Limitations of study )

यस नमुना सर्वेक्षण कार्यलाई सफल र परिमणा मुखी वनाउनका लागि निम्नलिखित सिमा निधारण गरिएको छ।

१. यो अध्ययन भिमाद ना.पा. स्थिति मालेवगर ६ को समुदायका १७५ घर धुरी मध्य ४० परिवारका प्रजनन उमेरका विवाहित महिलाहरुलाई मात्र समेटेको छ।

२. यस अध्ययनमा गर्भनिरोधका साधनको प्रयोग सम्वन्धी समस्या मात्र अध्ययनले समेटेको छ ।

# अध्ययन दुई ( CHAPTER-TWO )

## साहित्यको पुनरावलोकन ( Literature Review )

अध्ययन कार्यलाई परिमाण मुखी र सफल वनाउनका लागि अध्ययन कार्यको आधार तय गर्नका लागि साहित्यको पुनरावलोकन गरिन्छ। यस अध्ययनमा अनुसन्धान शिर्षकसग सम्वन्धीत विभिन्न पाठ्य पुस्तक, जर्नल, अनुसन्धान प्रतिवेदन लगायत अन्य अप्रकाशित अभिलेखहरुको पुनरावलोकन गरिने छ। यो प्रस्ताव चर्चा गर्दा पुनरावलोकन गरिएका अभिलेखहरुलाई निम्न अनुसार उल्लेख गरिएको छ।

सामान्य वोलचालको भाषामा परिवार नियोजनलाई जनसङ्ख्या नियन्त्रण गर्ने साधनको रुपमा सङ्कुचित दृष्टिकोणवाट हेर्ने गरिन्छ। सङ्कुचित दृष्टिकोण अनुसार परिवार नियोजनको अर्थ सन्तानको जन्मदर नियन्त्रण गर्नु अथवा गर्भनिरोध गर्न भन्ने हुन्छ। परिवार नियोजनको उपयुक्त धारणा वर्तमान समयमा उपयुक्त देखिदैन् वर्तमान समयमा परिवार नियोजनलाई व्यापक रुपमा लिइन्छ। व्यापक अर्थमा परिवार नियोजनको सल्लाहामा परिवार योजना भन्ने शव्द प्रयोग गरेर व्याख्या गरेको पाईन्छ। जसअनुसार परिवार नियोजनको अर्थ अवि-विवेक पूर्ण मातृत्वमा रोक्का लगाउन तथा निसन्तान दम्पतिलाई पनि आवश्यक सरसल्लाह तथा सेवा उपलब्ध गराएर सन्तानयुक्त वनाउने प्रयास गर्नु हो। यसकारण परिवार नियोजन भनेको दाम्पतिले चाहेको वेलामा आफ्नो इच्छा अनुसारको सङ्ख्यामा सन्तान जन्माउनु एउटा शिशु र अर्को शिशु विचको जन्मतार उचित राख्न, निसन्तान दाम्पतिलाई सन्तानयुक्त वनाउन आवश्यक सर-सल्लाह तथा सेवा उपालब्ध गराउनु, यौन शिक्षाका वारेमा आवश्यक शिक्षा दिनु प्रजनन् प्रणाली सम्वन्धी रोगको उपचार गर्नु आफुलाई सन्तानको ईच्छा नभएसम्म जन्म नियन्त्रणका अस्थायी उपायहरु अपनाउनु मातृशिशु स्वास्थको हेरचाह गर्नु, उपयुक्त समयमा विवाह गर्न आदि कुराहरु पर्दछन्।

विश्वस्वस्थ्य सङ्गठनले दिएको परिभाषा अनुसार "परिवार योजना भन्नाले परिवारको स्वास्थ्य र कल्याणलाई प्रवर्द्धन गर्न र मुलुकको सामाजिक विकासमा प्रभावकारी योगदान दिने लक्ष्यले व्यक्ति र दाम्पतिको ज्ञान,अभिवृद्धि र जिम्मेवरी पुर्ण निणर्यको आधारमा स्वेच्छिक रुपमा अपनाएको सोचाई जिविकाको माध्यम हो।"

सुरुसरुमा नेपालको परिवार नियोजन कार्यकमले धैरै वाध अड्चनहरुको कार्यक्रममा कम सहभागिता थियो। परिवार नियोजनको लक्ष्य प्राप्त गर्न पुरुषको समान छुनु जरुरी रहेको थियो। जे भएता पनि २८% पुरुष र ७२% महिलाहरु प्रयोग कर्ता थिए जतिखेरा पुरुषहरुमा पनि यसको उपयोगिता सम्वन्धमा सन्देश पुऱ्याउन अत्यअवश्यक रहेको थियो। ( पाठक २००२ )

परिवार नियोजनका साधान प्रयोग गर्नका लागि सँग सम्वन्धित शिक्षा, गोष्ठिहरु, सञ्चार माध्यमवाट ज्ञानमुलक कार्यकम र आधारभुत सुचनाहरु प्रदान गर्ने माध्यमहरु गर्भनिरोधको प्रारिभक चरणका कार्यकमहरु छन्। यिनहिरुले चेतना वढाउने, गर्भनिरोध सम्वन्धी ज्ञान प्रदान गर्ने र जन्मनिरोध गर्नका लागि सर्वप्रथम परिवार नियोजनका आधारमा वनाउनका लागि र परिवारको चाहाना अनुसार परिवारका आधार वनाउनका लागि सर्वप्रथम परिवार नियोजनका साधन प्रयोग गर्नका लागि उत्प्रेरणा जगाई वातावरण सिर्जना गर्दछ। ( महर्जन, २०६९ )

५

महिला पुरुष सगै वसेर गर्भनिरोधका साधन प्रयोग नगर्नेमा ३७.९१, पिल्स प्रयोग गर्ने ५६% आई.यु. सि. डि प्रयोग गर्ने १३% नरपाल्ट १.४% सुई प्रयोग गर्ने ९.२% महिला वनध्याकरण गर्ने १६.६% पुरुष वनध्याकरण ९.३% समयतलिका अनुसार १०० मता गर्ने १.६% निस्कासित विधि प्रयोग गर्ने ७.५ % रहेको छ। ( NHDS, २०११ )

# अध्ययन-३ ( CHAPTER-THREE )

## अध्ययन विधि ( Methodology )

### अध्ययनको ढाँचा ( Research Design )

अध्ययनको अनुसन्धान कार्यलाई व्यवस्थित वनाउन वा तुलनात्मक रुपमा अरु भन्दा राम्रो वनाउन कुन तरिकावाट अनुसन्धान गर्ने भन्ने विषयको आवश्यकता पर्दछ। अनुसान्धान कर्ताहरुले अनुसन्धान कुन तरिकाले सम्पन्न गर्ने भन्ने योजनको व्यवस्था गनुपर्दछ। त्यसैले १५-४९ वर्षका विवाहित महिलाहरुमा परिवार नियोजनका सधानहरुको ज्ञान तथा अवधारणा र उनीहरुको स्थलगत अवलोकन अध्ययन वाट आवश्यक जानकारीहरु सङ्कलन गरी तयार गरिएको प्रस्तुत अध्ययन वर्णात्मक अनुसान्धान वा विश्लेषणात्मक ढाँचा आधारित छ।

### अध्ययनको स्रोत ( Study Area )

यस अध्ययन क्षेत्रको रुपमा भिमाद, नगरपालिका वडा नं. ६ मालेवगर तनहुँ जिल्ला लाई नमुना क्षेत्रको रुपमा छनोट गरिएको छ।

### तथ्याङ्कको स्रोत ( Source of Date )

प्रस्तुत अध्ययन मुख्यतया प्राथामिक स्रोतको तथ्याङ्कमा आधारित रहेका छ। अध्ययन तनहुँ जिल्लाको भिमाद नगरपालिका वडा न. ६ का मालेवगर भन्ने ठाउँमा १५-४९ वर्षका विवाहित माहिलाहरुमा परिवार नियोजनका सधानहरुको ज्ञान तथा अवधारणाको रुपमा दृष्टिकोण गरी त्यस ठाउँका विवाहित महिलाहरु वाट प्रत्यक्ष रुपमा तथ्याङ्क एवम् जानकारीहरु संङ्कलन गरी अध्ययन प्रतिवेदन तयार पर्ने शिलशिलामा सम्वन्धीत विषयवस्तु संग मेल खाने खालका सुचना तथा तथ्याङ्कहरु सम्वन्धी नगरपालिका र तनहुँ जिल्ला विकास समितिको कार्यलय तथ्याङ्कहरु पनि प्रगोग गरीएको छ।

### तथ्याङ्क सङ्कलन प्रक्रिया ( Method Of Data Collection )

तथ्याङ्क सङ्कलन गर्ने उद्देश्यले अध्ययन गर्ने विषयवस्तु संग सम्वन्धित वा अतिआवश्यक प्रश्नवली तयार पारी उत्तरदाताहरुको घर घरमा पुगी नमुनाको रुपमा छनोट भएका घर परिवारका मानिसरुमा प्रत्याक्ष रुपमा प्रश्नहरु सोधेर तथ्याङ्क सङ्कलन गरी यो अध्ययन प्रतिवेदन तयार पारिएको हो।

### नमुनाको आकार निर्धारण ( Sample Size Design )

यो अध्ययन भिमाद नगरपालिका वडा न. ६ का मालेवगर भन्ने ठाउँको जम्म ४० जना महिलाहरुलाई आधार मानी यो अध्ययन प्रतिवेदन तयार पारिएको हो। यो अध्ययन Random sampling विधि हनुसार तनहुँ जिल्लालाई नमुना क्षेत्रको रुपमा छनोट गरिएको छ।

## तथ्याङ्क सङ्कलन गर्ने साधन ( Tools of Data collection )

यस अध्ययनमा प्रश्नवलीको प्रयोग साथै आवश्यक सुचना तथा जानकारीहरु सङ्कलन गरी अध्ययन प्रतिवेदन गर्ने क्रममा विभिन्न व्यक्ति तथा संघ संस्थाहरुमा आवश्यक परामर्श तथा सहयोग लिई यो अध्ययन कार्य पुरा गरिएको हो ।

# अध्ययन - ४ ( Chapter Four )

## तथ्याङ्कको विश्लेषण ( Data Analysis )

यस अध्ययन तनहुँ जिल्ला भिमाद नगरपालिका वडा नं. ६ अर्न्तगत मालेवगर समुदायका प्रजनन् उमेरका विवाहित महिलाहरुमा परिवार नियोजनका साधनहरुको प्रयोग सम्वन्धी अध्ययन गर्न उनीहरुको व्यक्तिगत,परिवारिक, उमेर, लिङ्ग, पेशा, शिक्षा, वैवाहिकस्थिति जस्ता विभिन्न पक्षहरुलाई समेट्ने गरी प्रश्नावली तयार पारी प्रत्यक्ष रुपमा भेटघाटवाट अन्तर्वार्ता लिइएको थियो । विस्तृत रुपमा व्याख्या तथा विश्लेषण साथै विभिन्न तालिकाहरु प्रस्तुतिकरण गरिएको छ ।

### ४.१ उमेरको आधारमा तथ्याङ्कको विवरण

कुनै पनि समुदाय विभिन्न उमेरका मानिसहरु रहेका हुन्छन् । ति मानिसहरुमा उमेर समुह अनुसार जनसख्या वितरण गर्नुलाई उमेर अनुसारको जनसंख्या विवरण भनिन्छ । अध्ययन क्षेत्रका आधारमा जनसंख्याको उमेरगत संरचना यसप्रकार छ ।

**तालिका नं. १: उमेरको अभधारमा तथ्याङ्कको विवरण**

| वर्ष | संख्या | प्रतिशत (%) |
|---|---|---|
| ०-१० | ९ | २२.५ |
| १० -२० | १६ | ४२.५ |
| २०-३० | ११ | २६.५ |
| ३०-४० | १ | २.५ |
| ४०-५० | १ | २.५ |
| ५० माथि | १ | २.५ |
| जम्मा | ४० | १००.०० |

स्रोत : स्थलगत अध्ययन, २०७९

माथिको तालिका अनुसार अध्ययन क्षेत्रका ४० घर परिवारको जनसंख्यलाई उमेरगत रुपमा छुट्याउँदा ( १०-२० ) वर्ष उमेरको जनसंख्या धेरै १६ जना ( ४२.५ ) रहेको पाइयो भने सवभन्दा कम ३०-५० वर्ष देखी माथिको १ जना ( २.५ ) रहेको पाईयो ।

जम्मा १०-५० वर्ष सम्मका प्रजनन उमेरका महिलाको संख्या ४० जना रहेको पाइयो ।

### ४.२ शिक्षाको आधारमा तथ्याङ्कको विवरण

यस सर्वेक्षणको क्रममा ४० परिवारमा गरिएको अध्ययनको क्रममा शिक्षाको आधारमा गरिएको जनसंख्या विवरण तल तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका नं.२ : शिक्षाको आधारमा तथ्याङ्काको विवरण**

| विवरण | संख्या | प्रतिशत(%) |
|---|---|---|
| साक्षर | ३७ | ९२.५ |
| निरक्षार | ३ | ७.५ |
| जम्मा | ४० | १००.०० |

स्रोत : स्थलगत अध्ययन, २०७९

माथिको तालिका अनुसार यस मालेवगर टोलका ४० परिवारको १७५ जनसंख्या ३ जना ( ६.५ ) निरक्षर र ३७ (९२.५) साक्षररहेको पाइयो।

### ४.३ पेशाको आधारमा तथ्याङ्कको विवरण

भिमाद नगरपालिका मालेवगर टोलका ४० परिवार बसोवास गर्दै अएका कुल जनसंख्या १७५ रहेकोमा साधारण तथा शिक्षाले पेशाको निर्धारण गर्दछ। राम्रो शिक्षा भएको व्यक्ति पेशामा आवद्ध हुन्छन् भने जसको शैक्षिक स्तर कमजोर हुन्छ। उसको पेशा पनि सामान्य हुन्छ। तसर्थ पेशाको अधारमा स्वास्थ्यमा अध्ययन क्षेत्रको पेशागत विवरण यस प्रकार छ।

**तालिका नं. ३ पेशाको आधारमा तथ्याङ्कको विवरण**

| क्र.स | विवरण | संख्या | प्रतिशत (%) |
|---|---|---|---|
| १ | घर गृहणी | २० | ५० |
| २ | कृषी | ५ | १२.५ |
| ३ | शिक्षक | ४ | १० |
| ४ | व्यापारी | २ | ५ |
| ५ | सिलाई | ५ | १२.५ |
| ६ | मजदुर | १ | २.५ |
| ७ | वेरोजगार | ३ | ६.५ |
| जम्मा | | ४० | १००.०० |

स्रोत : स्थलगत अध्ययन, २०७९

मथिको तालिका अनुसार यस वडा नं. ६ मालेवगर टोलमा ४० परिवारका १७५ जनसंङ्ख्या धेरै जसो घर गृहणीको रुपमा पाइयो। यसैगरी कम्जोर आर्थिक अभावका कारण पढ्न नपाएका र कृषीमा आधारीत

हुनुपरेको अवस्था देखिन्छ भने अर्को व्यापार, सिलाइ, मज्दुर, गरेर आफ्नो जिविको पार्जन गरेको पाइयो ।

**४.४ परिवार नियोजन के हो भन्ने सम्बन्धमा तथ्याङ्क विवरण**

अध्ययन क्षेत्रमा रहेको मालेवगर समुदायका प्रजनन उमेरका विवाहित माहिलाहरुलाई परिवार नियोजन के हो भनि सोधिएको प्रश्नमा उनिहरुवाट प्राप्त जानकारीलाई तलको तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं. ४: परिवार नियोजन हो ? भन्ने सम्वन्धमा**

| क्र.स | विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | जन्मान्तर गर्ने विधि | ११ | २७.७ |
| २ | इच्छित सन्तान जन्माउने विधि | १५ | ३७.५ |
| ३ | जनसंख्या वृद्धि कम गर्ने विधि | १४ | ३५ |
| | जम्मा | ४० | १०० |

स्रोत : स्थलगत अध्ययन, २०७९

प्रस्तुत तालिकालाई विश्लेषण गर्दा हामीले अध्ययन गरेको नम्मा १७५ जनसङ्ख्याको ४० जना प्रजनन उमेरका विवाहित महिलाहरुमा गरेको प्रश्नमा जन्मान्तर गर्ने विधि भने ११ ( २७.५ ) सवैभन्दा वढी र इच्छित सन्तान जन्माउने विधिभन्ने १५ जना (३६.५ ) र जनसङ्ख्या वृद्धिकम गर्ने विधिमा १४ जना (३५) रहेको पाइयो ।

**४.५ परिवार नियोजनको अस्थायी साधन पिल्स प्रयोग गर्ने समय सम्वन्धमा तथ्याङकको विवरण**

अध्ययन क्षेत्रका मालेवगर छोलका प्रजनन उमेरका विवाहित महिलाहरुमा परिवार नियोजनका साधनहरु मध्ये पिल्स चक्कि महिनावरि भएको कति दिन देखि खानुपर्छ भनि सोधिएको प्रश्नमा उनिहरुवाट आएको जानकारी तल तालिकावाट प्रष्ट पार्न सकिन्छ ।

**तालिका नं. ५ परिवार नियोजनको अस्थायी साधन पिल्स प्रयोग गर्ने सम्वन्धमा**

| क्र.स | दिन | संख्या | प्रतिशत % |
|---|---|---|---|
| १ | ५ | ५ | १२.५ |
| २ | ६ | १० | २५ |
| ३ | ७ | ८ | २० |
| ४ | अन्य | १७ | ४२.५ |
| | जम्मा | ४० | १००.०० |

स्रोत : स्थलगत अध्ययन, २०७९

प्रस्तुत तालिकालाई विश्लेषण गर्दा परिवार नियोजनको अस्थायी साधन पिल्स वा खाने चक्कि महिनावरी भएको कतिवाट खानुपर्छ भनि सोधिएको प्रश्नमा सवैभन्दा बढी थाहा नभएको ३३ जना ( ५८.९२% ) रहेको पाइयो । त्यसै गरी सहि समयमा ५ दिन भित्र (१२.५) रहेको पाइयो । ६ दिन भन्नेमा १० जना (२५) रहेको पाइयो ।

### ४.६ दुई सन्तान विचको अन्तर सम्वन्धको आधारमा तथ्याङ्क विवरण

मान्छेहरु भन्ने गर्छन् यी दुई सन्तान ईश्वरको वरदान भनेर यसरी दुई सन्तान विचको अन्तर कति राख्दा ठिक हुन्छ भन्ने कुरालाई आधार मानेर दुई सन्तानको अन्तर विचको तथ्यङ्क विवरणलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका नं. ६ दुई सन्तानको अन्तर विचको आधारमा तथ्याङ्क विवरण**

| विवरण | संख्या | प्रतिशत(%) |
|---|---|---|
| २-३ | १४ | ३५ |
| ३-४ | ११ | २७.५ |
| ४-५ | ९ | २२.५ |
| अन्य | ६ | १५ |
| जम्मा | ४० | १००.०० |

स्रोत : स्थलगत अध्ययन, २०७९

मथिको तालिकाका आधारमा हामीले अध्ययन गरेको स्थलका जम्मा ४० जना महिलाहरु मध्य सवै भन्दा वढी १४ जना महिलाहरुले २-३ वर्षका अन्तर लाई उपयुक्त मानेका छन् ।

### ४.६ AIDS बाट बाच्न प्रयोग गरिने अस्थायी साधनको प्रयोग सम्वन्धि तथ्याङ्क विवरण

AIDS लाई एक सरुवा र प्राण घाटक रोगको रुपमा लिन सकिन्छ । जुन रोगवाट बच्नका लागि विभिन्न अस्थायी साधनहरुको प्रयोग गर्न सकिन्छ । यस अध्ययन क्षेत्रको महिलाहरुको AIDS बाट प्रयोग गरिने अस्थायी साधनको प्रयोग सम्वन्धी तथ्याङ्क विवरणलाई तलको तालिकामा देखाईएको छ ।

तलिका नं. ७ AIDS वाट वाच्न प्रयोग गरिने अस्थायी साधनको प्रयोग सम्वन्धी तथ्याङ्क विवरण

| विवरण | संख्या | प्रतिशत (%) |
|---|---|---|
| संगीनी सुई | १० | २५ |
| कण्डम | १५ | ३७.५ |
| अन्य | १५ | ३७.५ |
| जम्मा | ४० | १००.००% |

स्रोत : स्थलगत अध्ययन, २०७९

मथिको तालिकाको आधारमा हामीले अध्ययन गरेको स्थानका महिलाहरुमा AIDS बाट बच्नका लागि प्रयोग गरिने परिवारका साधन वारे ज्ञान हुने महिलाहरु ५०% छन् भने अनविज्ञ महिलाहरु पनि ५०% नै रहेको पाइयो ।

**४.८ परिवार नियोजनका साधनहरुको प्रयोग सम्वन्धी ज्ञान**

प्रजनन् उमेरका विवाहित महिलाहरुमा परिवार नियोजनका साधनहरुको प्रयोग सम्वन्धीको ज्ञान प्रजनन् उमेरका विवाहित महिलाहरुमा परिवार नियोजनका साधनहरुको प्रयोग सम्वन्धी ज्ञानको पहिचान गर्न अध्ययनको पहिलो उद्देश्य भएको हुनले हामीले अन्तर्वाता तालिका द्धारा समुदायमा प्रश्न सोधी परिवार नियोजनका साधनहरुको प्रयोग सम्वन्धी जानकारी रहेको वा नरहेको सम्वन्धमा निम्न विभाजित परिणाम प्राप्त भयो ।

| क.स | जनकारी | संख्या | प्रतिशत (%) |
|---|---|---|---|
| १ | थाहा छ | १९ | ४७.५ |
| २ | थाहा छैन | २१ | ५२.५ |
| ३ | जम्मा | ४० | १००.०० |

स्रोत : स्थलगत अध्ययन, २०७९

मथिको तालिका अनुसार साधारण लेखपढ गर्न नजान्ने वाहेक अन्य महिलाहरुले रेडियो, टेलिभिजन, साथिसंगतको माध्यमवाट गर्भनिरोधका साधनहरुको वारेमा १९ जना (४७.५) लाई थाहा भएकोले २१ (५२.५) ले थाहा नभएको पाइयो ।

**४.९ परिवार नियोजनका साधनहरु प्रयोग गर्न जाने स्थानको विवरण**

यस अध्ययन क्षेत्रका प्रजनन उमेरका विवाहित महिलाहरु परिवार नियोजनका साधनहरु प्रयोग गर्न कहाँ जानु हुन्छ भनि सोधिएको प्रश्नमा उनिहरुवाट आएको जानकारी तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ९ परिवार नियोजनका साधनहरु प्रयोग गर्न जाने स्थानको तथ्याङ्क विवरण**

| क.स | विवरण | संख्या | प्रतिशत (%) |
|---|---|---|---|
| १ | घर | ९ | २२.५ |
| २ | अस्पताल | १० | २५ |
| ३ | स्वास्थ्य चौकी | १३ | ३२.५ |
| ४ | अन्य | ८ | २० |
|  | जम्मा | ४० | १००.०० |

स्रोत : स्थलगत अध्ययन, २०७९

प्रस्तुत तालिकालाई विश्लेषण गर्दा परिवार नियोजनका साधनहरु प्रति प्रयोग गर्नु भएको छ अथवा छैना भन्ने ससम्वन्धमा प्रयोग गर्न जने स्थानहरु मध्ये अस्पातलमा जाने १०(२८.५७%) घरमा ९ (२२.५) रहेको पाइयो ।

**४.१० परिवार नियोजनको साधनहरुको प्रयोग पछिको समस्याको तथ्याङ्क विवरण**

परिवार नियोजनको साधनहरुको जन्मान्तर रोक्नको लागि विभिन्न साधनहरुको प्रयोग गरिन्छ । यस्ता साधनहरुको प्रयोगवाट हर्मोनल साधन भएकोले यसको प्रयोग पछि समस्या पनि निम्त्याउँछ । यसका समस्या भित्र टाउको दुख्ने, महिनावारी गडबडी हुने कम्मर दुख्ने, रगत वग्ने जस्ता समस्या देखा पर्दछ । जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. : १० परिवार नियोजनका साधनहरुको प्रयोग सम्वन्धी समस्या**

| क्र.स | विवरण | जनसंख्या | प्रतिशत (%) |
|---|---|---|---|
| १ | महिनावारी गडवडी | ६ | १५ |
| २ | टाउको दुख्ने | ११ | २७.५ |
| ३ | सेतो पानी वग्ने | ५ | १२.५ |
| ४ | रगत धेरै वग्ने | ३ | ७.५ |
| ५ | कम्मर धेरै दुख्ने | २ | ५ |
| ६ | अन्य | १३ | ३२.५ |
| | जम्मा | ४० | १००.०० |

स्रोत : स्थलगत अध्ययन, २०७९

माथीको तालिका अनुसार गर्भनिरोधका साधन प्रयोग गर्ने ४० जनामा यसको प्रयोगले सवैभन्दा धेरै टाउको दुख्ने समस्या ११ (२७.५) रहेको महिनावारी गडवढी हुने ६ जना (१५) सेतो पानी वग्ने ५ जना (१२.५) रगत धेरै वग्ने ३ जना (७.५) कम्मर दुख्ने २ जना र अन्य समस्या देखा पर्नेमा १३ जना ( ३२.५) रहेको पाइयो ।

# अध्ययन पाँच CHAPTER-FIVE

## सारांश, निष्कर्ष र सुझाव ( Summary, Conclusion and Recommendation )

### ५.१ सारांश ( Summary )

हाम्रो अध्ययन शिक्षाशास्त्र संकाय स्नातक तह चौथो वर्षको जनसङ्ख्या शिक्षा शिक्षण विधिमा परिवारयोजना कार्य तथा गोष्ठि ४४९ को प्रयोगात्मक खण्डका लागि अध्ययन गरिएको छ । जनसङ्ख्या शिक्षामा परियोजना कार्य तथा गोष्ठि आंशिक पाठ्यक्रम पूरा गर्न हामीले परिवार नियोजनका साधनप्रतिको ज्ञान तथा दृष्टिकोण वारे अध्ययन गर्न भिमाद नगरपालिका वडा नं. ६ लाई लिइएको थियो । यस अध्ययनमा हामीले परिवार नियोजनका अस्थायी साधनहरुको ज्ञान तथा प्रयोगको अवस्थालाई प्रमुख उद्देश्य मानि यस समस्यलाई लिएर नमुना सर्वेक्षण तयार गरेका छौं । यस अध्ययन क्षेत्रका महिलाहरुको धारणालाई हेर्दा यहाँका अधिकांश मध्ये केहिलाई परिवार नियोजनको अस्थायी र स्थायी साधनको वारेमा कोहीलाई थाहा नै नभएको र कोहीलाई मात्र यस सम्बन्धी थाहा भएको पाइयो ।

उक्त अध्ययन क्षेत्रमा यसका साधनहरुको प्रयोग र धारण अध्ययन गर्नका लागि केही प्रश्नहरु निर्माण गरि विवाहित महिलाहरुलाई सोधि तथ्याङ्क तयार पारेका छौं । परिवार नियोजनका ज्ञान तथा दृष्टिकोण भएता पनि परम्परागत मुल्य मान्यताका कारण प्रयोग नभएको पाइयो ।

यो समस्यालाई कम गर्न समाजमा गएर यस सम्बन्धी ज्ञान तथा धारणाको सकारात्मक ज्ञान प्रदान गरी देशका जनसङ्ख्या वृद्धिको अवस्थालाई केही हद सम्म नियन्त्रण गर्न सकिन्छ । यस अध्ययनका सारांशलाई निम्न बुदामा प्रस्तुत गरिएको छ ।

- उक्त घर परिवार मध्ये हाम्रो अध्ययन क्षेत्रमा ४० घर परिवारका महिलाहरुमा अध्ययन गरेका छौं ।
- धेरै मानिसहरु शिक्षित भएता पनि परिवार नियोजनको उपायहरु तथा साधनहरुको वारेमा नकारात्मक धारणा भएको पाइयो ।
- उक्त्र क्षेत्रका महिलाहरुको शैक्षिक स्तार राम्रो भएपनि धेरैजसो महिलाहरु गृहणी कृषी र सिलाई पेशमा संलम्न भएको पाइयो ।
- यस अध्ययन क्षेत्रका महिलाहरुमा शैक्षिक स्तार सम्वन्धी अध्ययन गर्दा साक्षर ७४.२८% निरक्षर २५.७१% रहेको पाइयो ।
- यस अध्ययन क्षेत्रका धेरै जसो महिलाहरुलाई परिवार नियोजन सम्वन्धी प्रश्न गर्दा थाहा छ मा ५८ प्रतिशत र छैनमा ४२ प्रतिशत उत्तर दिएको पाइयो ।
- सर्वेक्षणमा परेका परिवार नियोजनका साधनहरु प्रयोग गर्न जाने स्थानहरुका घर २०% अस्पताल २८.५७% स्वास्थ्य चौकी ३७.१४ र अन्य १४.२८ प्रतिशत रहेको पाइयो ।
- इस अध्ययनले गर्भनिरोधका साधनहरुको प्रयोगवाट देखिएको समस्याहरु मध्ये सवै भन्दा धेरै टाउको दुख्ने १९ जनालाई र अन्य समस्या १७ जनालाई रहेको पाइयो ।

## निष्कर्ष ( Conclusion )

तनहुँ जिल्ला भिमाद नगरपालिका वडा नं. ६ अन्तर्गत पर्ने मालेबगर समुदायका प्रजनन उमेरका विवाहित महिलाहरुमा परिवार नियोजनको साधनका प्रयोगको अध्ययनबाट प्राप्त नतिजाहरुको आधारमा निम्न बमोजिमका निष्कर्षहरु निकालिएको छ ।

विश्वमा सम्पुर्ण राष्ट्रमा परिवार नियोजनका साधनहरु उपलब्धता भएता पनि समान रुपले एवम् सकारात्मक तरिकाले सबैले प्रयोग गरेको पाइदैन । हाम्रो देशमा यो वढि मात्रमा प्रयोग नहुनु वा कम मात्रामा प्रयोग हुनुको पछाडि विभिन्न फरक तत्व विद्यमान रहेको पाइन्छ । नेपाल पुरुष प्रधान देश पुरानो मुल्यमान्यता र हशिक्षा अज्ञानताहरु जस्ता कुराले परिवार नियोजनको दुरुपयोगमा महत्वपुर्ण भुमिका खेलेको पाइन्छ ।

यसरी यो समस्या बाट सचेत रहि प्रत्येक दम्पतिले परिवार नियोजन र परिवार पनयोजनका अस्थायी साधनहरु प्रतिको सकारात्मक धारणा बसाल्ने आवश्यकता देखिन्छ । हाम्रो विकासोन्मुख देशमा बसोबास गर्ने मानिसहरुलाई पनि विभिन्न किसिमका संचार माध्यमबाट यस सम्बन्धी सकारात्मक धारणा जगाउनु पर्ने आवश्यकता रहेको देखिन्छ । हाम्रो नेपालको हाल २९ प्रतिशत भन्दा बाकीलाई प्रयोग गर्न जागरुप बनाई यसलाई सर्वसुलभ पाईने व्यवस्था गर्नु पर्दछ । अध्ययनको समयमा आउने विविध समस्यालाई टाढै बाट हटाएर अध्ययनको क्षेत्रमा आवश्यकीय उपयोगिता वास्तविक जानकारी हासिल गरि विवाहित महिलाहरुमा यस सम्बन्धी रहेको दृष्टिकोण पत्ता लगाई आउने समस्या र समाधनका लागि सर सल्लाह र आफुले पनि बुझ्ने यस अध्ययनको प्रमुख उद्देश्य राखेका छौं ।

यस अध्ययनमा प्रमुख महिलाहरुमा रहेको यसको प्रयोग सम्बन्धी सकारात्मक धारणा हटाई सकारात्मक धारणालाई अगाडि विभिन्न उपायहरु अवलम्बन गर्न र गराउन सहयोग सुझाव दिने कार्य अगाडि बढाउनु पर्दछ । यस अध्ययनका महिलाहरुमा शैक्षिक स्तार, पेशा, विवाह उमेर, परिवार नियोजनको अस्थायी साधनको प्रयोग र धारणा, एच.आई.भी एड्सका परिमाण जस्ता पत्रलाई प्रमुख मानि २३ वटा प्रश्न तयार गरी ४० वटा घरका विवाहित महिलाहरुलाई प्रत्यक्ष अन्तर्वार्ता विधि मार्फत यस अध्ययन अनुसन्धान पुरा गरेका छौं ।

## सुझाव ( Recommendation )

नेपाल जस्तो विकासोन्मुख देश विभिन्न समस्याले घेरी रहेको छ । तिनै समस्याहरुको विचमा महिलाहरुको प्रजनन समस्या पनि एक महत्वपुर्ण समस्याको रुपमा रहेको छ । देशमा व्यापक रुपमा अशिक्षा, अज्ञानता, समाज प्रतिको गलत धारणा जस्ता कुराबाट मुक्त गराउनका लागि चेतना जगाउनु पर्छ । महिलाहरुमा चेतनाको कमिका कारण उनिहरु यस प्रति पिछडिएका छन् । देशले महिलाको विकासका लागि विभिन्न कार्यनिति तयार गरेपनि व्यवहारमा भने पुर्ण रुपमा लागु हुन सकेको छैन ।

१६

देशको विकाशका लागि महिला र पुरुष दुवैको विकास हुनु नितान्त आवश्यक पर्दछ । सम्पुर्ण क्षेत्रमा महिलाको सहभगिता अनिर्वाय हुन्छ । जव मात्र महिलाहरु शिक्षित र स्वास्थ्य हुन्छन् तव मात्र स्वास्थ्य समाजको विकास हुन्छ ।महिलाहरुको हक हित र अधिकारको संरक्षण गर्न सकेमा मात्र सुन्दर समाज र देशको निर्माण गर्न सक्दछ । महिलाहरु धेरै सन्तान जन्माउने र उनीहरुको स्याहार सुसारमा नै समय विताउने हुदा महिलाहरु देश विकासमा सहयोग पुऱ्याउन सक्दैनन् । हरेक महिलाले शिक्षापाउनु पर्छ र छोरा छोरीमा भेदभाव गर्नु हुदैन सवै महिलाहरुलाई सम्मान दृष्टिकोणले हेर्नु पर्छ र सम्मान अवसर प्रदान गर्न सम्पूर्णलाई हाम्रो अध्ययनको आधारमा निम्न सुझावहरु दिन चाहन्छौं ।

- महिलाहरुलाई पुरुष सरह समान अवसर दिने,
- महिलाहरुको लागि छुट्टै शिक्षालयको स्थापना गरी सिगमुलक शिक्षा प्रदान गर्ने,
- सानो परिवार सुखी आधार भन्ने सन्देश फैलाई यसका फाइदाहरु वारे जानकारी गराउने,
- परिवार नियोजनको स्थायी र अस्थायी साधन प्रति पुर्ण परिचित गराई उनीहरुका, लागि सर्वसुलभ तरिकावाट उपलब्ध गराउने,
- चाडो विवाह गर्ने प्रचलनलाई निरुत्साहित गराई विवाहको अवधारणाको विकास गराउने,
- सरकारी तथा गैरसरकारी निकायले पनि महिलाहरुको समस्याको लागि पाईला चाल्नु पर्दछ ।

**सन्दर्भ सामग्रीहरु :**

१. महेन्द्र राजा जोशी, जनसंङ्ख्या शिक्षा शिक्षण विधि भुडी पुराण प्रकाशन धनगढी कैलाली
२. काफ्ले रामेश्वर (२०७२) जनसंङ्ख्या शिक्षाको आधार (४१६) काठमाण्डौं जुपिटर प्रिन्टिड एण्ड पब्लिसिड प्रा.लि.
३. भट्टराई, उत्तमराज र अन्य (२०७४) जनसंङ्ख्या शिक्षण विधि, काठमाडौं: पुपिटर प्रिन्टिड एण्ड पब्लिसिड हाउस प्रा.लि.

नमुना प्रश्नावली

त्रिभुवन विश्वविद्यालय

शिक्षा शास्त्र वि. एड चौथो वर्षको

जनसङ्ख्या शिक्षामा परियोजना कार्य तथा गोष्ठी (४४९)

प्रयोगत्माक परिक्षाको लागि तयार परिएको

"१५-४९ वर्षको विवाहित महिलाहरुमा परिवार
नियोजनका साधनहरुको ज्ञान तथा अवधारण "

नमुना सर्वेक्षण २०७९

नाम :-.......................................
ठेगाना :-.....................................
वर्ष :-........................................
शिक्षा :-....................................
धर्मः-........................................
पेसा :-........................................
जाति :-..........................................
जम्मा परिवार सङ्ख्याः-.........................................
जम्मा छोरा सङ्ख्या :-...............................................
जम्मा छोरी सङ्ख्या :-..............................................

१) तपाईको विवाह कति उमेरमा भएको थियो ?
क) १३-१५ ख) १६-२० ग) २१-२५ घ) २५ भन्दा माथि

२) तपाईको विवाह भएको कति वर्ष भयो ?
......................................................

३) पहिलो वच्चा जन्मदा तपाई कति वर्षको हुनुहुन्थ्यो ?
क) १३-१९ ख) २०-२४ ग) २५-३० घ) ३० भन्दा माथि

४) परिवार नियोजन भनेको थाहा छ ?
क) छ ख) छैन

५) छ भने भन्नुहोस त, परिवार नियोजन भनेको के हो ?
क) जन्मान्तर गर्ने विधि
ख) इच्छित सन्तान जन्माउने तरिका
ग) जनसंख्या वृद्धि कम गर्ने विधि

६) परिवार नियोजनका साधनहरुको वारेमा थाहा छ ?
क) छ     ख) छैन

७ छ भने परिवार नियोजनका साधनहरुको वारेमा थाहा छ ?
क) छ     ख) छैन

८) छ भने परिवार नियोजनका साधनहरु के के हुन ?
..............................................................

९) परिवार नियोजनका साधनहरु प्रयोग गर्नु भएको छ ?
क) छ     ख) छैन

१०) यदि छ भनी परिवार नियोजनको कुन विधि प्रयोग गर्नु भएको छ ?
क) अस्थायी     ख) स्थायी

११) तपाईको विचारमा दुई सन्तान विचको जन्मान्तर कति राख्न उपयुक्त लाग्छ ?
.....................................................................

१२) तपाईको विचारमा महिलाहरु महिनावारी भएको कति दिन भित्रमा यौन सम्पर्क राख्दा वढि गर्भ रहने सम्भावना हुन्छ ?
क) १-८     ख) ९-१८     ग) १९-१ महिना     घ) सो भन्दा माथि

१३ तपाई गर्भवती हुदा स्वास्थ्य परिक्षण गराउनु भयो की भएन ?
क) गराए     ख) गराएन

१४) यदि गराउनु भयो भने कति पटक गराउनु भयो ?
क) १ पटक     ख) २ पटक     ग) ३ पटक     घ) ४ पटक

१५) तपाईले वच्चा काहाँ जन्माउनु भयो ?
क) घरमा     ख) गोठमा     ग) अस्पताल     घ) अन्य

# TREND AND GROWTH OF CUSTOM DUTY IN NEPAL

A Project Work Report

*By*
Sachin Shrestha
Janajyoti Campus
T.U. Reg. No.:7-2-646-70-2018
Exam Roll No.:706460017

To
The Faculty of Management
Tribhuvan University
Kathmandu

In partial fulfillment of the requirement for the degree of
BACHELOR OF BUSINESS STUDIES (BBS)

Bhimad-6, Tanahun
Nepal
May, 2023

# DECLARATION

I hereby declare that the project work entitled as ,TREND AND GROWTH OF CUSTOM DUTY IN NEPAL submitted to the faculty of Management , Tribhuvan University, Kathmandu is an original piece of work under the supervision of SUJAN MAHAT faculty member of Management, Janajyoti Campus, Bhimad-6, Tanahun and is submitted in partial fulfillment of the requirements for the degree of Bachelor of Business Studies (BBS). This project report has not been submitted to any other university or institution for the award of any degree or diploma.

Sachin Shrestha

Date: 2080/01/08

त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त
Affiliated To Tribhuvan University
जनज्योति क्याम्पस
JANAJYOTI CAMPUS
भिमाद नगरपालिका - ६, तनहुँ नेपाल
Bhimad Municipality - 6, Tanahun, Nepal
स्थापित : २०६४
Estd.: 2007

प.स./Letter No: 2079/080
च.न./Dispatch No :

मिति/Date : 2080-01-25

## SUPERVISOR'S RECOMMENDATION

The project work report entitled TREND & GROWTH OF CUSTOM DUTY IN NEPAL submitted by Sachin Shrestha of Janajyoti Campus, Bhimad-6, Tanahun is prepared under my supervision as per the procedure and format requirements laid by the Faculty of Management, Tribhuvan University, as partial fulfillment of the requirements for the degree of Bachelor of Business Studies (BBS). I, therefore, recommend the project work report for evaluation.

Signature:
Sujan Mahat
Date : 2080-01-25

☎: 065-572455 E-Mail: janajyoticampusbhimad@gmail.com Web: www.janajyoticampus.edu.np

त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त
Affiliated To Tribhuvan University
# जनज्योति क्याम्पस
# JANAJYOTI CAMPUS
भिमाद नगरपालिका - ६, तनहुँ नेपाल
Bhimad Municipality - 6, Tanahun, Nepal
स्थापित : २०६४
Estd. : 2007

प.स./Letter No: 2079/080
च.न./Dispatch No :

मिति/Date : 2080-01-25

## ENDORSEMENT

We hereby endorse the project work report entitled TREND & GROWTH OF CUSTOM DUTY IN NEPAL submitted by Sachin Shrestha of Janajyoti Campus, Bhimad-6, Tanahun in partial fulfillment of the requirement of award of the Bachelor of Business Studies (BBS) for external evaluation.

Signature:
SHIVA DUTTA CHAPAGAI
Chairman
Management Research Committee
Date: 2080-01-25

Signature:
KESHAV RAJ KAPHLE
Campus Chief
JANAJYOTI CAMPUS
Date: 2080-01-25

☎: 065-572455 E-Mail: janajyoticampusbhimad@gmail.com Web: www.janajyoticampus.edu.np

## ACKNOWLEDGEMENT

At the time of preparing this report, I have consulted with various personalities. So I would like to extend my sincere thanks to all whose ideas and support helped me in conducting the study. Sincerely, I would like to pay my honest gratitude to my project advisor who guided me through research work with providing valuable suggestions, supports and supervision.

I would like to take the opportunity to acknowledge my gratitude to Campus Chief Mr.Keshav Raj Kaphle. I express my sincere thanks to Mr.Shiva Dutta Chapagai, Chairman of research committee of Janajyoti Campus, for his suggestions and guidance which are indeed precious to me.

Likewise, I would like to offer my profound gratitude to Mr.Sunil Pathak Assistant Administrator of Janajyoti Campus for his understanding and support towards me in completing this research report. And I'm thankful towards myfamily members, my friends, colleagues, well wishers for their encouragement and support during the entire period of my study.

This project entitled as ,"Trend and Growth of Custom Duty in Nepal" has been prepared in partial fulfillment for the degree of Bachelor of Business Studies (BBS) under the course designed by the faculty of management, Tribhuvan University.

Guarantee of perfection of the research work cannot be given. Errors if any come under my role responsibility. I would very much appreciate and sincerely acknowledge suggestions for further improvement of the research work.

Thank you

Sachin Shrestha

## TABLE OF CONTENTS


| | |
|---|---|
| *Title page* | *i* |
| *Declaration* | *ii* |
| *Supervisor's Recommendation* | *iii* |
| *Endorsement* | *iv* |
| *Acknowledgements* | *v* |
| *List of Table* | *vii* |
| *List of Figures* | *viii* |
| *Abbreviation* | *ix* |
| **CHAPTER I: INTRODUCTION** | |
| Background of the study | 1 |
| Profile of the organization | 2 |
| Objective of the study | 5 |
| Rationale of the study | 5 |
| Review of Literature | 5 |
| Method of Study | 12 |
| Limitations of the study | 13 |
| **Chapter II : PRESENTATION AND ANALYSIS OF THE DATA** | |
| Data Presentation and Analysis | 14 |
| Analysis of Result | 20 |
| Major Findings | 22 |
| **CHAPTER III: SUMMARY, CONCLUSION AND RECOMMENDATIONS** | |
| Summary | 24 |
| Conclusions | 24 |
| Recommendations | 26 |
| **REFERENCES** | **27** |

## LIST OF TABLES


| Table No. | Page |
|---|---|
| 1. Total Revenue Collection | 14 |
| 2. Total Tax Revenue Collection | 15 |
| 3. Revenue collection from custom duty | 17 |
| 4. The expenditure of cash on import of goods | 18 |
| 5. Exports, Imports and Trade balance in past five years | 19 |

## LIST OF FIGURES


| Figure No. | Page |
|---|---|
| 1. Total Revenue Collected | 15 |
| 2. Total Tax Revenue | 16 |
| 3. Export of goods | 17 |
| 4. Import of goods | 19 |
| 5. Exports, Imports and Trade Balance | 20 |

# ABBREVIATIONS

| | |
|---|---|
| B.S | Bikram Sambat |
| BBS | Bachelor of Business Studies |
| Edu | Education |
| GON | Government of Nepal |
| Gov | Government |
| IRD | Inland Revenue Department |
| MBS | Master of Business Studies |
| MOF | Ministry of Finance |
| No. | Number |
| np | Nepal |
| Rs. | Rupees |
| TU | Tribhuvan University |
| VAT | Value Added Tax |
| % | Percentage |

# CHAPTER I
# INTRODUCTION

## Background of the study

Customs duty has been a part of international trade for centuries. The concept of customs duty can be traced back to ancient civilizations where taxes were imposed on goods being traded between different regions. In modern times, customs duty is a tax that is imposed by the government of a country on goods that are being imported into that country from abroad. The duty is levied on the value of the goods being imported and is designed to protect domestic industries, generate revenue for the government, and regulate the flow of goods into the country. The collection of customs duty is typically the responsibility of a government agency, such as a customs department or revenue authority. These agencies are responsible for ensuring that the duty is paid on all goods being imported into the country, and for enforcing penalties and fines on those who fail to comply with customs regulations. In addition to customs duty, other charges may also be imposed on imported goods, such as value-added tax (VAT), excise duty, and surcharges. These charges are also designed to generate revenue for the government and to protect domestic industries (Adhikari, 2021).

In Nepal, customs duty is levied under the Customs Act, 2016 and the Customs Rules, 2017.The main objective of customs duty in Nepal is to generate revenue for the government and to protect domestic industries from foreign competition. The government of Nepal levies customs duty on goods imported into the country. The rate of duty depends on the nature of the goods, their value, and the country of origin (Ahikari, 2021).

The study of the trend and growth of custom duty in Nepal would involve an analysis of historical data on the revenue generated from customs duty over a period of time and provides insights into the changes in customs duty rates and their impact on the revenue generated by the Nepalese government. The prime step in this analysis would be to gather data on customs duty collections from the Nepalese Custom Department. This data would include information on the customs duty rates of goods imported, and the country of origin. The data would also need to be broken down by year in order to identify trends and patterns over time. Subsequently, once the data has been collected, it would be analyzed suing statistical tools and techniques to identify trends and patterns in custom duty collections. This analysis would involve the calculation of growth rates, trend lines, and other statistical measures to identify changes in the level and direction of customs duty collections over five years time period (Dahal, 2020).

The result of this analysis would provide insights into the factors that have influenced the growth of customs duty in Nepal, such as changes in trade policies, fluctuations in the economy, and shifts in global trade patterns. This information could be used to inform future policy decisions related to customs duty rates and to identify opportunities for revenue growth and development in Nepal. Customs duty plays an important role in international trade and commerce, and is a key source of revenue for Nepalese government (Dahal, 2020).

## Profile of Organization

Customs administration is the mirror of the nation through which the world builds the primary image of the nation. The Customs Administration is the first point of trade promotion at the center of the new international economic scenario. Out of the three departments of the Ministry of Finance, the Customs Department currently has 39 main customs offices, 133 minor customs offices and one customs check-pass testing office. Customs administration, which accounts for a significant share of revenue collection, contributes 44 per cent of total revenue and 50 per cent of tax revenue. In addition, the customs administration also protects national security and domestic industry. Overall, the fact that the customs administration has maintained the assurance of uninterrupted supply of goods to ensure international trade even in the adverse situation of the COVID-19 pandemic has further highlighted the importance of customs administration (mof.gov).

Nepal's Customs Administration has been continuously moving forward by drawing a roadmap to deal with the challenges posed by the customs administration of the 21st century. Since its association with the World Customs Organization in 1986, Nepal's customs administration has been linked to the international trade system through the World Customs Administration which constantly strives to make customs administration more efficient, service-oriented and transparent with the changes in international trade by adhering to the tools and standards issued by the World Customs Organization. Nepal's Customs Administration has been continuously moving ahead on the journey of digital transformation by adopting activities such as e-payment for customs duty collection, development of Nepal national one-door system to engage stakeholders to promote trade and implementation of ASYCUDA to automate the customs check-pass system. The Automated System for Customs Data (ASYCUDA) is a computerized customs management system that covers most foreign trade procedures. It handles manifests and customs declarations, along with accounting, transit and suspense procedures. It also generates trade data that can be used for statistical economic analysis. We are committed to realizing the slogan "Scaling up Customs Digital

Transformation by Embracing a Data Culture and Building a Data Ecosystem" adopted on the 70th International Customs Day through the strategies outlined by these and sixth Customs Reform and Modernization Plan (2078/79-2082/83). (https://asycuda.org/)

**Nepal customs at a glance**

Nepal has a long history of trade and commerce, and customs duties have played an important role in the country's economic development. The earliest records of customs duties in Nepal date back to the Malla period in the 13th century. During this time, the king of Nepal collected taxes on trade and commerce from the traders passing through Nepal on their way to Tibet and India (customs.gov).

And, in the 18th century, the Gorkha Kingdom emerged as a dominant power in Nepal and started levying customs duties on the goods imported into Nepal. The revenue from customs duties played a significant role in the expansion of the Gorkha Kingdom's economy and military power (customs.gov).

During the Rana period (1846-1951), customs duties were further institutionalized and became a major source of revenue for the government. The Rana rulers introduced a series of reforms to the customs system, including the creation of a separate customs department and the introduction of new customs laws and regulations (customs.gov).

After Nepal's transition to a democratic government in 1951, customs duties continued to play an important role in the country's economy. The government established a new customs act in 1962 and implemented a series of reforms aimed at modernizing and streamlining the customs system. Today, Nepal's customs system is governed by the Customs Act of 2019 and is administered by the Department of Customs under the Ministry of Finance. Customs duties are still a significant source of revenue for the government, accounting for around 40% of the country's total revenue. The government has also signed various trade agreements with neighboring countries, which have had an impact on customs duties and trade in Nepal (customs.gov).

**Vision, Goals, Values, Guiding Principles and Strategies**

**Foresight**

Excellent customs service for economic and social development of Nepal (customs.gov).

**Target**

To respect the time and cost value of the service providers and to provide the best customs service, as well as to create a global economic work environment for economic growth and development, social assurance (customs.gov).

**Prices**

1. Virtue
2. Impartiality
3. Accountability
4. Transparency
5. Mutual respect and courtesy
6. Dedication and Excellence

(customs.gov)

**Guiding Principles**

1. Reduce the cost and time of compliance
2. Assist in the operation of a healthy market system
3. Support export promotion
4. Establish a conducive environment for investment.
5. Taxation for a healthy financial structure
6. Coordinate

(customs.gov)

**Strategies**

1. Facilitate legal industry trade.
2. To enhance information, communication and cooperation between the Customs Administration and the Government of Nepal, the Customs Administration of Nepal and the International Customs Administration and the Customs Administration of Nepal and the business community.
3. Protect society and environment.
4. To ensure compliance with the law.
5. To collect real and accurate revenue.
6. Modernization and improvement of customs management/ administration.
7. Develop physical facilities and infrastructure.
8. Promote a culture of virtue.
9. Improve the passenger check pass system.
10. Develop a statistical basis for management information systems.

11. To convert the customs process into electronic customs (customs.gov)

## Objective of the Study

The objective of this study is to understand how the country's customs policies and regulations have evolved over time and their impact on the economy. Some specific objectives of this study may include:

1. To analyze and assess the role of customs in tax revenue of Nepal.
2. To assess the trade patterns of total tax revenue collection in Nepal.
3. To examine the exports of domestic products, imports of foreign goods and trade balance throughout the years.

## Rationale of the Study

The study provides the knowledge about revenue mobilization of Nepal. This study is helpful to the economist, planner, tax officer, tax administers, government and the students of taxation. This study provides awareness among the owner of business, traders and all general people. Studying the trend and growth of custom duty in Nepal can provide valuable insights into the country's economy, trade policy, international relations, and business environment.

Tax revenue generated from customs duty is an important source of income for the Nepalese government. It is used to fund various development projects, such as infrastructure development, education and healthcare. Customs duty is a significant source of revenue for the government, and it is important to ensure that it is collected efficiently and effectively. By studying the trend and growth of custom duty, it can identified how revenue collection can be improved and take necessary actions to maximize revenue collection.

## Review of literature

Review of literature provides the tentative map of study while literatures including books, study reports, previous thesis and the articles found during the course of study which directly or indirectly highlight custom duty in Nepal as well as in the global context are reviewed under the subtopic review of literature.

To obtain the in-depth knowledge and understanding about the subject matter some literatures related with the study were reviewed. It includes the conceptual review, review of some previous studies and use of internet as a source of literature.

**Conceptual Review of Study**

The process of conducting a conceptual review can offer valuable information and understanding about the topics that will be explored in a thesis. The conceptual review helps to identify the key areas of focus that will be covered in this thesis. In this particular case, the study will revolve around the trend and growth of custom duty in Nepal, total tax revenue collection and its growth, the exports and imports and trade balance throughout the past several years. These issues will be given special attention during the course of the study.

**Concept of Custom Duty**

Custom duty, also known as import duty or tariff, is a tax that a government imposes on goods that are imported into a country. It is a source of revenue for governments and is used to protect domestic industries from foreign competition (customs.gov).

